नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २६ अंक १३१ विराटनगर | १५ असार २०७५ शुक्रबार आषाढ कृष्णपक्ष प्रतिपदा | नेपाल संवत् ११३८ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Friday, June 29, 2018 | पृष्ठ १२+८+४ | १० रुपैयाँ




नेपाल वायुसेवा निगमले बिहीबार ल्याएको वाइडबडी एयरबस एउ३०-२०० त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा । *तस्बिर : कविन अधिकारी*


**पृष्ठ ४ र ५**

स्थानीय तहको बजेट, कृषि र पर्यटनमा केन्द्रित

चलेन धिमाल होमस्टे, कुरिलोबाट वार्षिक ८ लाख


## आइपुग्यो वाइडबडी

■ सुरज कुँवर

काठमाडौं- नेपाल वायुसेवा निगमले पहिलोपटक वाइडबडी विमान भित्र्याएको छ। युरोपेली जहाज निर्माता कम्पनी एयरबससँग नभई पोर्चुगलको एक कम्पनीसहित तीनवटा एजेन्टमार्फत खरिद गरिएको वाइडबडी ए ३३०-२०० विमान बिहीबार काठमाडौंमा अवतरण गरेको हो।

यो विमान निर्माण गरिएको स्थान फ्रान्सको टुलुजबाट करिब नौ घण्टा लामो उडानमा सोझै काठमाडौं आइपुगेको हो। विमान बुधबार राति नेपाली समयअनुसार ११ बजे टुलुजबाट उडेर बिहीबार बिहान ८ बजे काठमाडौंमा अवतरण भएको थियो। विमान लिन निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारसहित १९ जनाको नेपाली टोली केही दिनअघि फ्रान्स पुगेको थियो।

निगमका एक निर्देशकका अनुसार यो विमानको खरिद सम्झौताअनुसारको मूल्य १० करोड ४८ लाख डलर हो। तर, अन्तिम बिल मूल्य भने आइनसकेको उनले जनाए। अन्तिम मूल्य लागतको उतारचढाव (प्राइस स्केलेसन) का आधारमा तय हुनेछ। निगमको दोस्रो वाइडबडी विमान डेढ महिनापछि काठमाडौं आइपुग्ने तालिका छ। यी दुवै विमान खरिद गर्न निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषसँग १२/१२ अर्ब गरी २४ अर्ब रुपैयाँ ऋण लिने सम्झौता गरेको छ।

बाँकी पृष्ठ १४ ››

# भीषण वर्षासँगै पहिरो

## ५ को मृत्यु, ११ घाइते, ९ घर बगायो

■ हरिहरसिंह राठौर

धादिङ- उत्तरी भेगका खनियावास र नेत्रावती गाउँपालिकामा बुधबार भीषण वर्षासँगै खसेको पहिरोले ९ घर बगाएको छ। पहिरोमा पुरिएर खनियावास ४ र ५ का पाँच जनाको मृत्यु भएको छ भने ११ जना घाइते छन्।

खनियावास ४, च्युरीबोटमा एक दम्पती तथा खनियावास ५, सत्यदेवी साइस्वारामा एकै परिवारका तीन जनाको मृत्यु भएको हो। साइस्वाराका राजु गोलेको घर बगाउँदा उनकी बुहारी ३२ वर्षीया वसुधा गुरुङ, नातिनीहरू ८ वर्षीया लक्ष्मी र ५ वर्षीया सरस्वतीको ज्यान गएको छ। राजुका १० वर्षीय नाति विकास गुरुङलाई भने घाइते अवस्थामा उद्धार गरिएको छ। उनको स्थानीय नेत्रावती हेल्थ केयर सेन्टरमा प्राथमिक उपचारपछि सदरमुकाम रेफर गरिएको छ। वर्षाले तिप्लिङ-सांकोस सडक अवरुद्ध भएका कारण उनलाई थप उपचारका लागि सदरमुकाम ल्याउन कठिनाइ भएको प्रहरीले जनाएको छ।



रामेश्वर रिजाल

खनियावासकै च्युरीबोटमा गएको पहिरोले घर पुरिँदा ६१ वर्षीय शमशेर घले र उनकी श्रीमती कोप्चीको ज्यान गएको जिल्ला प्रहरी प्रमुख डम्बरबहादुर विकले बताए। पहिरोमा पुरिएका घले दम्पतीको शव स्थानीयवासीको सहयोगमा दार्खाबाट खटिएको प्रहरी टोलीले निकालेको हवल्दार मनोज श्रेष्ठले जानकारी दिए। च्युरीबोटमै पहिरोले दीपक गोतामेको घर बगाउँदा उनीसहित लक्ष्मी, रवि र कल्पना गोतामे घाइते भएका छन्। खनियावास ४, पाख्रीबोटमा रामबहादुर तामाङ, वीरबहादुर तामाङ र अर्जुन तामाङको घर पनि पहिरोले पुरिएको छ।

त्यसैगरी नेत्रावती गाउँपालिका १, डबजोङ, भाङटारमा दीपक गुरुङ, बलबहादुर गुरुङ, मानबहादुर गुरुङ, वीरबहादुर गुरुङ, सतमान तामाङ र दलमान श्रेष्ठको घर पहिरोले बगाएको छ। पहिरोमा पुरिएका सबैको उद्धार भइसकेको प्रहरीले जनाएको छ।

घटनास्थल सदरमुकामबाट एक दिन पैदल दूरीमा पर्छ। वर्षाका कारण सदरमुकामबाट उत्तरी भेगतर्फ जाने सबै सडक अवरुद्ध भएका छन्। जिल्ला प्रशासनकै शाखा अधिकृत राममणि मिश्रको नेतृत्वमा राहत सामग्री र चिकित्सक टोली घटनास्थलतर्फ पठाइएको प्रमुख जिल्ला अधिकारी भागीरथ पाण्डेयले जानकारी दिए। टोलीमा जिल्ला अस्पतालका चिकित्सकसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीका २१ जना छन्। सदरमुकामबाट गएको टोलीले मृतकका परिवारलाई एक लाख तथा घर भत्केकालाई १० हजार रुपैयाँका साथै अन्य राहत सामग्री प्रदान गर्ने पाण्डेयले बताए।

**गजब छ बा !**

– अविन –




आम्मै नि ! पराकम्पै गा' र'छ ?... म त कसैले झक्झका'को भन्ठानेर पो... वास्तै नगरी बस्या त !


NMB Delight Savings Account
नेपालभरी कुनै पनि ATM बाट पैसा निकाल्न अतिरिक्त शुल्क नलाग्ने
Missed Call No. 9801717666


FIFA WORLD CUP RUSSIA 2018

| हिजोका खेल | नतिजा |
|---|---|
| जापान Vs पोल्यान्ड | ०–१ |
| सेनेगल Vs कोलम्बिया | ०–१ |


HONDA
Activa 125




**पहिरोको त्रास**

## सुरक्षित स्थानमा सरे गाउँले

■ दीपेन्द्र शाक्य

संखुवासभा- अत्यधिक वर्षा भएपछि चिचिला गाउँपालिकाका ५ परिवार सुरक्षित स्थानमा सरेका छन्। चिचिला २ का सीता गुरुङ, कर्मा शेर्पा, नेत्र राई, मच्छिन्द्र राई र ३ का थमानसिंह राई सुरक्षित स्थानमा सरेका हुन्।

चिचिला २ का मनबहादुर राई र ३ का सोमराज राईको घर उच्च जोखिममा छ। अरुण प्रवेशमार्ग (छ्याङ्टी-दिदिङ) सडक आसपासमा भएका ८ परिवारमध्ये ५ परिवार सुरक्षित स्थानमा सरेका हुन्। घर उच्च जोखिमा रहेका ३ परिवार भने सरेका छैनन्। वर्षाले चिचिला २ र ३ का सडक आसपासका घर जोखिमा परेका हुन्। उच्च जोखिमा रहेकामध्ये ५ घरपरिवार सुरक्षित स्थानमा सरिसकेको इन्जिनियर गागलबहादुर भण्डारीले बताए। अन्य ३ घरपरिवारलाई पनि सुरक्षित स्थान सर्न आग्रह गरिसकिएको उनको भनाइ छ।

चिचिला २ र ३ निमाणाधिन अरुण तेस्रो जलविद्युत परियोजनाको पावर हाउस जाने सडकअन्तर्गत पर्छ। उच्च जोखिमका ८ परिवारलाई जिल्ला प्रशासनले त्रिपाल वितरण गरिसकेको छ। पहिरोको उच्च जोखिम देखिएपछि दिदिङ स्वास्थ्य चौकी पनि विस्थापित भएको छ। सडक सञ्जाल नजिकै रहेको र वर्षाले पहिरो जान थालेपछि स्वास्थ्य चौकी विस्थापित भएको स्थानीय बताउँछन्।

हिउँदका बेलै यस्तो समस्या देखिएपछि निर्माण व्यवसायीलाई पटकपटक व्यवस्थापन गर्न आग्रह गरे पनि अटेर गरेको अरुण सरोकार मञ्चका अध्यक्ष नयन्द्र राईले जनाए। 'त्यो बेलाभन्दा उनीहरूले मानेनन्, अहिले आएर समस्या भयो,' उनले भने, 'समयमै सुनुवाइ भएको थियो भने बिस्थापित हुनुपर्ने थिएन। हामीले भनेको कसैले वास्तासम्म गरेनन्। अन्ततः घर छाड्नुपरेको छ।'

क्षतिपूर्ति सरकारले दिने कि आयोजनाले भन्ने समेत पत्तो नभएकाले स्थानीय आक्रोसित छन्। परियोजनाको पावर हाउस जाने २८ दशमलव ६९ किमि सडक निर्माणको काम लुम्बिनी/एम.के/सिंह एन्ड ब्रदर्सले संयुक्त रूपमा गरिरहेका छन्।

पुखुवास्थित १ किमि सडकको ट्र्याक खोल्ने काम बाँकी रहेको निर्माण व्यवसायी मोहनविक्रम बस्नेतले बताए। भारी वर्षाले सडकको पर्खालसहित विभिन्न ठाउँमा भत्किएको छ। वर्षाले करिब २ करोड बराबरको क्षति पुर्‍याएको छ। २ खण्डमा एउटै कम्पनीले निर्माण गरेको सडकको सम्झौता गत जेठ २४ मा सकिएको छ। छ्याङ्टीदेखि १४ किमि खण्डमा ३५ प्रतिश मात्र काम सकिएको छ। सुरुमा स्थानीयले मुआब्जा विवाद झिकेर काम गर्न दिएका थिएनन्। त्यसपछि सीमा विवादले निर्माणमा ढिलाइ भएको अरुण तेस्रो सडक मार्गको भनाइ छ।

१४ किमिदेखि २८ दशमलव ७९ किमि खण्डमा १५ प्रतिशत मात्र काम भएको छ। सडकमा यातायात सञ्चालनमा समस्या हुँदा कगुवा खोलामा निर्माणधीन पुल पनि बन्न सकेको छैन।











# ईपीजी बैठक आज

काठमाडौं (कास)- नेपाल र भारतबीच रहेका सबै प्रकारका सन्धि-सम्झौता पुनरावलोकन गरी सुझाव दिन गठित प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को नवौं बैठक शुक्रबार सुरु हुँदै छ ।

यही बैठकले हालसम्म भएका विभिन्न आठ बैठकको प्रगतिलाई दुईपक्षीय साझा प्रतिवेदनको ढाँचामा ढालेर सरकारलाई बुझाउने निर्णय गर्नेछ । यद्यपि अझै पनि उक्त प्रतिवेदनले अन्तिम रूप पाउन सकेको छैन । शुक्रबार र शनिबार काठमाडौंमा हुने बैठकमा सहभागी हुन भारतीय पक्षका चारै सदस्य काठमाडौं आइसकेका छन् । यसअघि काठमाडौंमा सम्पन्न पछिल्ला दुई बैठकमा सहभागी हुन नसकेका पूर्वराजदूत जयन्त प्रसाद पनि आएका छन् । उनकै सहभागिताका लागि बैठक एक महिना ढिलो गरी राखिएको हो ।

नयाँदिल्लीमा भएको आठौं बैठकमा पनि १९५० को सन्धि प्रतिस्थापनको विषय नटुंगिएपछि काठमाडौंमा नवौं बैठक तय भएको हो । प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणलगत्तै 'अन्तिम' भन्दै दिल्लीमा ईपीजी बैठक बसेको थियो । यसअघि जेठ १८ देखि २० सम्म काठमाडौंमा बैठक बस्ने तय भएको थियो । तर नेपालले भारतकै आग्रहमा मिति सारेर ईपीजीलाई दिइएको समय सीमाको अन्त्यतिर बैठक राखेको हो । असार २० मा ईपीजीको समय सीमा सकिँदै छ । त्यसअघि हुने बैठक पहिल्यै नमिलेका विषय आदानप्रदानबाट मिलिसक्नुपर्ने भए पनि भारतीय पक्ष उदास देखिएको अवस्थामा यो बैठक हुन लागेको हो ।




## छोटकरी

### फर्कियो राष्ट्रसंघीय टोली

काठमाडौं (कास)- राष्ट्रसंघीय पिस किपिङ विभागका उपमहासचिव जिन पेइरी लाक्रोइस नेतृत्वको चार सदस्यीय टोली तीनदिने नेपाल भ्रमण सम्पन्न गरी बिहीबार फर्केको छ । राष्ट्रसंघीय शान्ति सेनामा नेपाली महिला सैनिकको संख्या बढाउन आग्रहका साथै राष्ट्रसंघको उच्च पदमा सेनालाई सहभागिताको अवसर दिने विषयमा गम्भीर भएर उनी फर्केका हुन् । तीनदिने भ्रमणक्रममा मंगलबार काठमाडौं आएका उनले प्रधानसेनापति राजेन्द्र क्षत्रीसँग दुईपक्षीय डेलिगेट्सस्तरको छलफल गरेका थिए । उनले यहाँ रहँदा राष्ट्रपति, प्रधानमन्त्री, रक्षामन्त्री लगायतलाई भेटेका थिए । सबै भेटमा उनले नेपाली सेनाले विश्व शान्तिमा पुऱ्याएको योगदानको प्रशंसा गरेका थिए ।

### 'कलंकी–नागढुंगाका घरटहरा नभत्काऊ'

काठमाडौं (कास)- सर्वोच्च अदालतले कलंकी-नागढुंगा सडक विस्तार क्रममा घरटहरा हटाउने सरकारको निर्णय खारेज गरेको छ । न्यायाधीशहरू केदारप्रसाद चालिसे, हरिकृष्ण कार्की र पुरुषोत्तम भण्डारीको इजलासले सडक विस्तार क्रममा घरटहरा भत्काउने सरकारी निर्णय खारेज गर्दै घरटहरा र जग्गाको मुआब्जासहित उचित क्षतिपूर्ति दिन सरकारका नाममा परमादेश जारी गरेको छ । सर्वोच्चले विस्तार क्रममा सडक वरपर रहेका घरटहरा हटाउने निर्णय कानुनसम्मत नहुने ठहर गरेको छ । कलंकी-नागढुंगा सडक निर्माणको काम तत्काल सम्पन्न गर्नसमेत सर्वोच्चले सरकारलाई निर्देशनात्मक आदेश दिएको छ ।



# गंगामायाको स्वास्थ्य गम्भीर : अस्पताल

काठमाडौं (कास)- ३० दिनदेखि वीर अस्पतालमा आमरण अनशनरत गंगामाया अधिकारीको स्वास्थ्य गम्भीर र स्थिर रहेको अस्पतालले जनाएको छ। उनलाई आईसीयूमा राखिएको छ। १३ वर्षअघि भएको छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्नलाई कारबाहीको माग राख्दै उनी अनशन बसेकी छन्। 'उनको अवस्था गम्भीर भए पनि स्थिर छ,' अस्पतालका निर्देशक डा.भूपेन्द्र बस्नेतले भने। उनका अनुसार गंगामायाको रगतको रुटिन परीक्षण प्रतिवेदन सामान्य देखिएको छ।

संवेदनशील हुन आयोगको आग्रह

मानव अधिकार आयोगले गंगामायाको जीवनरक्षाका लागि संवेदनशील हुन सरकारलाई आग्रह गरेको छ। आयोग अध्यक्ष अनुपराज शर्माले बिहीबार गृहसचिव प्रेमकुमार राई र प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसँगको भेटमा ३० दिनदेखि अनशनरत अधिकारीको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको उल्लेख गर्दै संवेदनशील हुन आग्रह गरेका हुन्। उनले सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्न र रेडकर्नर नोटिस जारी भएका आरोपीलाई कूटनीतिक पहल वा अन्य उपयुक्त तरिकाबाट नेपाल झिकाई कानुनबमोजिम कारबाही गर्न आग्रह गरे। प्रत्युत्तरमा गृहसचिव राईले अधिकारीको जीवनरक्षाका लागि सरकार संवेदनशील भएको उल्लेख गर्दै दण्डहीनताको अवस्था आउन नदिन अविलम्ब पहल गर्ने प्रतिबद्धता जनाए। प्रहरी महानिरीक्षक खनालले रेडकर्नर नोटिस जारी भएको व्यक्तिलाई नेपाल ल्याउन प्रयास भइरहेको जानकारी गराए।

यसैबीच नेपालका लागि राष्ट्रसंघीय आवासीय प्रतिनिधि भ्यालेरी जुलियन्डले गंगामायाको जीवनरक्षाका लागि तत्काल कदम चाल्न आग्रह गरेका छन्। पुल्चोकस्थित राष्ट्रसंघीय आवासीय कार्यालयद्वारा बिहीबार जारी विज्ञप्तिमा उनले नेपाल सरकार, मानव अधिकारसम्बन्धी संघसंस्था र अन्य सरोकारवालालाई भेटी गंगामायाको जीवनरक्षाका लागि आग्रह गरेका हुन्।

## 'योजना पूरा गराएरै छाड्छु'

काठमाडौं (कास)- प्रधानमन्त्री केपी ओलीले समृद्धिका योजना पूरा गराएरै छाड्ने बताउँदै क्षणिक आलोचनामा समय नखर्चिन विपक्षीलाई आग्रह गरेका छन्। 'आलोचना, टिप्पणी र विरोधको म स्वागत गर्छु तर आलोचना गर्दा ख्याल गर्नुहोस्, १० वर्षपछि दुनियाँले तपाईंलाई मजाक नबनाओस्,' मदन भण्डारीको ६७ औं जन्मजयन्तीको अवसरमा राजधानीमा आयोजित कार्यक्रममा ओलीले भने, 'जति आलोचना गरे पनि केही हुन्न, अब पानीजहाज पनि चल्छ। पूर्वपश्चिम रेल पनि चल्छ।'

उनले विगतका सरकारले बिगारेको आर्थिक अवस्थालाई ट्र्याकमा ल्याउन कतिपय विषय बजेटमा समेट्न नसकिएको उल्लेख गरे। यो वर्ष आर्थिक अवस्था सुधारेर त्यसपछि विगतमा प्रतिबद्धता जनाइएका विषय कार्यान्वयन गर्दै जाने उनले बताए। उनले छिमेकीसँगको सम्बन्ध सन्तुलित बनाएको र राजनीतिक रूपमा पनि बलियो सरकार रहेकाले धेरै आशंका नगर्न आग्रह गरे। अब नेपालमा कहिल्यै नाकाबन्दी नहुने दाबी पनि उनले गरे। 'नेपालमाथि बाह्य प्रभाव अन्त्य भयो, सन्तुलित सम्बन्ध कस्तो हुन्छ भन्ने अब मान्छेहरूले थाहा पाए,' उनले भने, 'हामी छिमेकीका भावनाको पनि कदर गर्छौं।' उनले प्रमुख प्रतिपक्षी कांग्रेस 'आउटडेटेड' हुँदै गएको बताए।

कार्यक्रममा कांग्रेस नेत्री सुजाता कोइरालाले धेरै समयपछि बलियो सरकार निर्माण भएकाले यसलाई सहयोग गर्नुपर्ने बताइन्। 'चुनावपछि बलियो सरकार निर्माण भएको छ, यो सरकारलाई साथ दिन्छौं तर सरकारले पनि सबैको साथ लिन सक्नुपर्छ, सबैको विचार मिलाएर अघि बढ्नुपर्छ,' उनले भनिन्। उनले संविधान कार्यान्वयनका लागि दलहरूबीच एक तहको एकता आवश्यक रहेको बताइन्।

## 'प्रधानमन्त्रीको भ्रमण सफल'

काठमाडौं (कास)- मन्त्रिपरिषद्ले प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण अत्यन्तै सफल भएको निष्कर्ष निकालेको छ। मन्त्रिपरिषदको बिहीबार बसेको बैठकले प्रधानमन्त्रीको हालै सम्पन्न चीनको ६ दिने औपचारिक भ्रमण अपेक्षित र नेपालका हितमा सफल रहेको निष्कर्ष निकालेको हो। 'मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीको चीन भ्रमण नेपालका पक्षमा काम हुने गरी सफल भएको निष्कर्ष निकालेको छ,' सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री गोकुल बाँस्कोटाले संवाददातासँग भने।

त्यसैगरी युरोपेली युनियनले ५ अर्ब ६ करोड अनुदान सहायता दिने भएको छ। मन्त्रिपरिषद्ले ईयूको अनुदान सहयोग स्वीकार गर्ने निर्णय गरेको छ। यो सहयोग कृषि विकास रणनीति कार्यान्वयनमा खर्च गरिने जानकारी बाँस्कोटाले दिए। मन्त्रिपरिषद्ले सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनको पहिलो संशोधन विधेयक, २०७५ संसद्मा पेस गर्ने निर्णय गरेको छ।













विराटनगर

# प्रदेश १



## कामामा व्यस्त

तेह्रथुमको लालीगुराँस नगरपालिका ९, सोल्मामा रहेको चिया विस्तार आयोजनाको बगानमा चियाका मुना टिप्दै मजदुरहरु ।

## विद्यालयलाई सहयोग

सुनसरी (कास)- शिक्षा निकेतन माविमा अध्ययनरत बालबालिकाको बौद्धिक स्तर उकास्न पूर्वविद्यार्थी र धरान उपमहानगरपालिका वडा २ को कार्यालयले बिहीबार विभिन्न शैक्षिक सामग्री प्रदान गरेको छ ।

बालबालिकाको शैक्षिक गतिविधिलाई आईटीमार्फत सुधार गर्न बालविकास कक्षाका लागि ३२ इन्चको स्मार्ट टेलिभिजन सेट खेलौनाहरू वडाध्यक्ष माधव गोविन्द श्रेष्ठले प्रधानाध्यापक उमेश गुरागाईलाई हस्तान्तरण गरेका थिए । वडा कार्यालयले गरिब तथा जेहेनदार विद्यार्थीका लागि पोसाक र झोला उपलब्ध गराउनुका साथै शौचालयलाई बालमैत्री बनाउन ३ लाख ५० हजार रुपैयाँ सहयोग गरेको थियो ।

उक्त अवसरमा ०५१/५२ एसएलसी ब्याचका विद्यार्थी सुनीलकुमार श्रेष्ठ र राजेशकुमार अग्रवालको समूहले कक्षा १ देखि ५ सम्मका जम्मा १२ गरिब तथा जेहेनदार प्रतिविद्यार्थीलाई २५ सय रुपैयाँका दरले छात्रवृत्ति रकम अभिभावकको उपस्थितिमा वितरण गरिएको थियो ।

स्थानीय तहको बजेट

# पूर्वाधार, कृषि र पर्यटनमा केन्द्रित

**प्रदेश ब्युरो**

विराटनगर- नयाँ आर्थिक वर्षका लागि धमाधम परिषदमार्फत बजेट सार्वजनिक गरिरहेका स्थानीय तहले पूर्वाधार निर्माण, कृषि र पर्यटनलाई मुख्य प्राथमिकता दिएका छन् । बजेटको अधिकांश हिस्सा पूर्वाधार निर्माणमा लगाएका स्थानीय तहले कृषि, पर्यटन र औद्योगिक विकासलाई प्राथमिकतामा राखेका छन् । विराटनगर महानगरपालिकाले आगामी आव ०७५/७६ को बजेटमा भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेको छ । दोस्रो नगरसभामा आइतबार उपप्रमुख इन्दिरा कार्कीले ४ अर्ब ४७ करोड ८ लाख ४९ हजारको बजेट प्रस्तुत गरिन् । बजेटमा आयतर्फ आन्तरिक आयबाट ५४ करोड ३ लाख, राजस्व बाँडफाँडबाट ३७ करोड ५ लाख ४ हजार, संघीय र प्रदेश सरकार वित्तीय समानीकरण अनुदान ५३ करोड ८७ लाख ९५ हजार, संघीय सरकार ससर्त अनुदान ३६ करोड १५ लाख समेटिएको छ ।

यसैगरी, वैदेशिक र अन्य संघसंस्था अनुदान ४ करोड ४६ लाख ५० हजार, जनसहभागिताबाट ३ करोड ५० लाख, नगर विकास कोष ऋण सहयोग १ करोड ८० लाख, महानगरमा मौज्दात ७ करोड र मझौला सहर एकीकृत सहरी सुधार परियोजना र क्षेत्रीय सहरी विकास परियोजनातर्फ संघीय सरकार र महानगरको समपूरक कोषसमेत बाट १ अर्ब ९४ करोड २५ लाख समेटिएको छ ।

३३ करोड ६८ लाख ५२ हजार, सामाजिक सुरक्षा भत्ता २० करोड, भौतिक पूर्वाधार निर्माणमा ३ अर्ब २५ करोड ३ लाख ३३ हजार, वातावरण, तथा सरसफाइ, विपत् व्यवस्थापन, सूचना तथा प्रविधि व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लागि ५ करोड ९३ लाख ३० हजार विनियोजन गरिएको छ । यसैगरी सामाजिक विकास, महिला तथा बालबालिका, स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपक्षी विकासमा ६२ करोड ४३ लाख ३४ बजेट विनियोजन गरिएको महानगरले जनाएको छ । बजेटमध्ये ७२ दशमलव ७१ प्रतिशत भौतिक पूर्वाधारका लागि छुट्याइएको छ । सामाजिक विकास, महिला तथा बालबालिका, स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपक्षी कार्यक्रमका लागि १३ दशमलव ९६ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

महानगर प्रमुख भीम पराजुलीले आगामी वर्षको नीति तथा कार्यक्रममा सुशासन, लैंगिकमैत्री एवं सामाजिक समावेशीता, शिक्षा, स्वास्थ्य, कृषि, वातावरणमैत्री, विपत् व्यवस्थापन र गरिबी निवारणलाई प्रमुख आधार बनाइएको बताए ।

**'विकासकेन्द्रित बजेट'**

मोरङकै सुन्दरहरैंचा नगरपालिकाले ७९ करोड ११ लाख ६३ हजारको बजेट प्रस्तुत गरेको छ । तेस्रो नगरसभामा उपप्रमुख धनमाया तामाङले प्रस्तुत गरेको बजेटमा आयतर्फ आन्तरिक आयबाट ७ करोड ८५ लाख, राजस्व बाँडफाँडबाट १३ करोड ३७ लाख ५६ हजार, संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान १९ करोड ४१ लाख विनियोजन गरिएको छ ।

यसैगरी ससर्त अनुदान २२ करोड ११ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान ४६ लाख ३७ हजार र सामाजिक सुरक्षा भत्ता १५ करोड ९० लाख ३४ हजार राखिएको छ । प्रशासनिक खर्चतर्फ १२ करोड ८१ लख ६९ हजार, अन्य कार्यक्रममा ३ करोड ५१ लख ६० हजार, पुँजीगततर्फ १९ करोड १४ लाख र सामाजिक सुरक्षा भत्तामा १५ करोड ९० लाख ३४ हजार विनियोजन गरिएको छ । नगरप्रमुख शिवप्रसाद ढकालले आगामी आवका लागि आर्थिक, सामाजिक, पूर्वाधार, कृषि, उद्योग, वातावरणीय दृष्टिकोणले सुन्दरहरैंचालाई 'विकासको बगैंचा' बनाउने नीति तथा कार्यक्रम ल्याएको बताए ।



जनसहभागितालाई प्राथमिकतामा राखिने

**जनसहभागितालाई निरन्तरता**

सुनसरीको धरान उपमहानगरपालिकाले आव ०७५/७६ का लागि १ अर्ब ८० करोड रुपैयाँको अनुमानित वार्षिक बजेट सार्वजनिक गरेको छ । नगर प्रमुख तारा सुब्बाले नीति तथा कार्यक्रमका साथै उक्त अनुमानित बजेट सार्वजनिक गरेका छन् ।

बजेटमा आयतर्फ १ अर्ब ४० करोड रुपैयाँ हुने अनुमान गरिएको छ । बजेटमा एडीबीको सहयोगमा सञ्चालित खानेपानीसहितको एकीकृत सहरी विकास आयोजनाको ४० करोड रुपैयाँ योगदान रहेको छ । उक्त आयको तुलनामा अनुदान तथा सहयोग रकम १ अर्ब ४ करोड १३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । सार्वजनिक गरिएका बजेटमा आयतर्फ विभिन्न करहरूबाट ६ करोड ७२ लाख ६५ हजार रुपैयाँ, विभिन्न शुल्क तथा दस्तुरहरूबाट ७ करोड ४८ लाख रुपैयाँ, सम्पत्ति बहालबाट ३३ लाख ८५ हजार, अन्य आय ४५ लाख ५० हजार विनियोजन गरिएको छ । यस्तै, स्रोत बाँडफाँडबाट ७ करोड ३ लाख २० हजार २ सय रुपैयाँ, जनसहभागिताबाट ३ करोड, मौज्दात सार्ने १० करोड ८३ लाख १५ हजार, अनुदान तथा सहयोग १ अर्ब ४ करोड १३ लाख अनुमान गरिएको छ । नगर प्रमुख सुब्बाले आव ०७५/७६ को बजेटमा एकीकृत सम्पत्तिकरको सट्टामा भौतिक संरचना भएको जग्गामा सम्पत्तिकर र खाली जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने भएकाले सम्पत्तिकरको दरलाई प्रतिशतमा आधारित गरी नयाँ दर प्रस्ताव गरिएको बताए । दीर्घकालीन पर्यटन विकासका लागि पूर्वाधार विकास पर्यटन प्रवर्द्धनमा 'अतिथि मैत्री : धराने संस्कृतिको भावना जागृत गर्दै पर्यटक ल्याउने, घुमाउने, धेरै दिन टिकाउने नीतिलाई सरोकारवाला र छिमेकी स्थानीय तहसँग सहकार्य गरी प्रवर्द्धन गरिने भएको छ । पर्यटन प्रवर्द्धनका लागि २ करोड ६२ लाख विनियोजन गरिएको छ । लक्षित वर्गका कार्यक्रमहरू प्रत्येक वडालाई विनियोजन गरिएको रकमबाट ४० प्रतिशत रकम छुट्टयाई वडा तहमा १५ प्रतिशत बालबालिका लक्षित, १० प्रतिशत महिला लक्षित र १५ प्रतिशत अन्य लक्षित वर्गका कार्यक्रमका लागि बजेट विनियोजन गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

नयाँ व्यवस्थाअनुसार वडा तहबाट ३ करोड ४४ लाख विनियोजन भएको छ भने नगर स्तरबाट १ करोड ७३ लाख ४१ हजार विनियोजन गरिएको छ । धरानका कुल २० वडाका लागि प्रशासनिक खर्च बापत १ करोड ४० लाख र पुँजीगत खर्चतर्फ ८ करोड ६० लाख गरी जम्मा १० करोड विनियोजन गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रम र विषयगत कार्यालयबाट प्राप्त हुने ससर्तको समेत जम्मा ४४ करोड ५६ लाख ५४ हजार ८ सय विनियोजन गरिएको छ । पुँजीगत खर्चतर्फ रु ४० करोड ७६ लाख ४० हजार २ सय विनियोजन गरिएको छ । खेलकुद विकासका लागि खेलकुदका पूर्वाधारहरू निर्माण गर्नुका साथै विगतदेखि सञ्चालन हुँदै आएका विभिन्न खेलकुदको विकासका लागि १ करोड २ लाख विनियोजन गरिएको छ ।

आम्दानीतर्फ आन्तरिक आयबाट १६ करोड, संघीय समानीकरण एवं सर्सत अनुदान र राजस्व बाँडफाँडबाट २८ करोड ६४ लाख रुपैयाँ, प्रदेश समानिकरण, सर्सत अनुदान र राजस्व बाँडफाँडबाट ६० लाख १७ हजार, सडक बोर्ड र नगर विकास कोषबाट प्राप्त हुने ऋण २ करोडसमेत प्राप्त हुने अनुमान गरिएको छ ।






# महिना दिनपछि सञ्चालनमा

**कान्तिपुर संवाददाता**

उदयपुर- मर्मतका लागि बन्द गरिएको सिद्धिचरण लोकमार्ग सञ्चालनमा आएको छ । कटारी-घुर्मी खण्डअर्न्तगत पर्ने ठाँटी भञ्ज्याङमा सडक मर्मतका लागि महिनाअघि बन्द गरिएको लोकमार्ग सञ्चालनमा आएको हो ।

लोकमार्ग सोलु, ओखलढुंगा र खोटाङलाई तराईसँग जोडने छोटो दूरी मानिन्छ । सवारी आवागमन हुँदा मर्मतमा समस्या हुने भएकाले बन्द गरिएको थियो । तर पूर्ण रूपले मर्मत नगरी लोकमार्ग सञ्चालनमा ल्याइएको स्थानीयको गुनासो छ ।

लोकमार्ग बन्द हुँदा सर्वसाधारणले सास्ती खेप्नुपरेको थियो । कटारीदेखि गहुँबारीसम्म र घुर्मीदेखि बाँसबारीसम्म आवतजावत गर्न सकिने भनिए पनि सडक सञ्चालन नहुँदा सर्वसाधारणले सास्ती खेप्नु परेको हो । बन्द हुने क्षेत्र ठाँटी भञ्ज्याङको विकल्पमा बनाइएको डाइभर्सन समेत स्तरीय नहुँदा समस्या भएको कटारी नगरपालिका ११ का वडाध्यक्ष दीपक बुढाक्षत्रीले बताए ।

डिभिजन सडक कार्यालय लाहानको अनुरोधका जेठ १३ देखि असार १२ सम्मका लागि लोकमार्ग बन्द गर्ने भनिएको थियो । तर ३ दिनपछि बन्द सडक खोलिएको इलाका प्रशासन कार्यालय कटारीले जनाएको छ । ठाँटी भञ्ज्याङमास्थित सडकको दुवै किनार पहिरोले लागेको छ । पटकपटक पहिरोले सडक भत्किएपछि अस्थायी रूपमा सडक सञ्चालन हुँदै आएको थियो । सामान्य मर्मत गरी सडक सञ्चालन हुँदा ठाँटी भञ्ज्याङमै पटकपटक दुर्घटना भई १२ जनाको मृत्यु भइसकेकाले झन्डै डेढ किमि मर्मत गरी पक्की सडक बनाउने भनिए पनि पूर्ण मर्मत नगरी सञ्चालन गरिएको सर्वसाधारणको गुनासो छ ।

ठाँटी भञ्ज्याङमा आरसीसी रिजिड पेभमेन्ट (सिमेन्ट ढलान) र दायाँबायाँ पिच गर्ने कार्य सकिएको डिभिजन सडक कार्यालय लाहानले दाबी गरेको छ । तर कार्यालयको दाबीअनुसार काम नभएको स्थानीय बताउँछन् ।

**सिद्धिचरण लोकमार्ग**

सडक मर्मत गर्न सिराहास्थित विकास निर्माण सेवाले असार १५ सम्म काम सक्ने गरी ठेक्का लिएको थियो । महिना दिनसम्म सडक अवरुद्ध हुँदा व्यापारमा समस्या भएको उदयपुर उद्योग वाणिज्य संघ कटारीका अध्यक्ष पुष्कर खडका बताउँछन् । 'लोकमार्ग बन्द हुँदा सोलु, ओखलढुंगा र खोटाङमा खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्री ढुवानीमा समस्या भयो,' उनले भने, 'पूर्ण रूपले मर्मत नगरी सडक सञ्चालन गरिएकोल मध्य बर्खामा झन् समस्या हुने निश्चित छ ।'.

## मूल्य वृद्धिले पुनर्निर्माण प्रभावित

ओखलढुंगा (कास)- सडक समस्याका कारण निर्माण सामग्रीमा भएको मूल्य वृद्धिले यहाँको पुनर्निर्माण प्रभावित भएको छ । भूकम्पपीडितको अन्तिम चरणमा पुगेका घर निर्माणको काम रोकिएको हो । निर्माण सामग्री आउने दक्षिण र पश्चिम दुवैतर्फका नाका बन्द भएपछि काम रोकिएका हुन् । दक्षिणी नाकाका रूपमा लिइने सिद्धिचरण राजमार्गअन्तर्गत उदयपुरको कटारी-घुर्मी खण्डको ठाँटी भञ्ज्याङ १ महिनादेखि बन्द छ । सडक डिभिजनले बाटो मर्मतका लागि बन्द गरेपछि उपभोग्य र निर्माण सामग्री ढुवानी हुन सकेको छैन ।

सानो परिमाणमा बर्दिबास हुँदै सिन्धुलीको खुर्कोट भएर ल्याइए पनि ति सामग्रीमा व्यापारीले मूल्य बढाएका छन् । त्यसैगरी जिल्लाको पश्चिमी क्षेत्र लिखु, खिजीदेम्बा जस्ता गाउँपालिकाका लागि रामेछापको मन्थलीबाट निर्माण सामग्री ल्याउनुपर्छ । त्यस क्षेत्रमा समेत बीपी राजमार्गमा १० टनभन्दा ठूला सवारी आवागमनमा सरकारले रोक लगाएपछि मूल्य वृद्धि भएको छ । त्यसमाथि बेलाबेलाको झरीले ग्रामीण बाटो भत्किँदा बीच बाटोमै सामान थन्काउनुपरेको लिखु गाउँपालिका ७ का नेत्रबहादुर थापाले बताए ।

अहिले सिद्धिचरण नगरपालिकाभित्रै प्रतिकेजी ८४ रुपैयाँमा पाइने रडको मूल्य १ सय १० रुपैयाँ पुगेको छ । त्यसैगरी प्रतिबोरा ८ सय पर्ने सिमेन्टको मूल्य ११ सय पुगेको छ । एक्कासि मूल्य आकासिएपछि अन्य पूर्वाधार निर्माणका कामहरूसमेत प्रभावित भएका छन् । आर्थिक वर्षको अन्तिमसम्ममा उपभोक्ता तथा ठेकेदारहरूले निर्माण गर्ने भवन, सडक, पुलजस्ता काममा पनि बाधा भएको छ ।



















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | पराक्रम बढ्ने |
| वृष | वैमनश्यता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | प्रियजन भेट | धनु | पदोन्नति |
| कर्कट | खटपट | मकर | केहि लाभ |
| सिंह | वाविवादमा सफल | कुम्भ | कार्य सिद्धि |
| कन्या | हर्ष बढ्ने | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७५ साल असार १६ गते शनिबार तदनुरुप ३० जुन २०१८ आषाढ कृष्णपक्ष द्वितीया तिथि दिनको १:२४ बजेसम्म उप्रान्त तृतीया तिथि, उत्तराषाढा नक्षत्र दिनको ५:२३ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वैधृती योग रात्रिको ४:१० बजेसम्म उप्रान्त बिष्कुम्भ योग, वणिज करण रात्रिको २:२४ बजेसम्म उप्रान्त गर करण, मकर राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | एम एन्ड एस (इन्स्पायर) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | गोलमाल |
| २:०० | ट्वान्टी फर्स्ट लभ |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | क्विज मेनिया |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ७:०० | ट्वाक्क टुक्क |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | समकोण |
| १०:०० | राउण्ड अफ दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (कभर फ्याक्ट्री) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | ट्वाक्क टुक्क |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | के आज घरमै |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (सबिना नेपाल) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | मानसिक स्वास्थमा कोसिस |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (एलिसा) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | द गुडमर्निङ शो (एलिसा) |
| १०:०० | स्पोर्टस् एन्ड डायरी |
| १०:०५ | न्यू रिलिजेज (रेमन) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | फेमिना (दिपाञ्जली) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | टप अफ द टप्स (संजय) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (स्मिता राना) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | सौराई (कृष्ण मल्ल) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | सिने क्विज (शुभराज अधिकारी) |
| १७:०५ | फेनाटिक फ्राइडे (महेश/स्मिता) |
| १८:०० | आधा आकाश (कमला पन्थी) |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | नो टेन्सन (दीपकराज/अम्बिका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | प्लेट्रोनिक्स (सञ्जय गुप्ता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी - द न्युज टीम |
| २२:०० | क्लब मिक्स (गिरिश) |
| २३:०० | इलिभेन्थ आवर (संजय) |
| २४:०० | टप अफ द टप्स - रिपिट (संजय) |
| ०१:०० | कालजयी गीत-संगीत (भूपेन्द्र) |
| ०२:०० | नेपाली गीतहरु |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**दमकल**

| | |
|---|---|
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |

**एम्बुलेन्स**

| | |
|---|---|
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |

**प्रहरी**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/ ९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# चलेन 'धिमाल होमस्टे'



धिमाल होमस्टेका लागि झापाको दमक ३ मा निर्माण गरिएको धिमाल जातिको परम्परागत माटोको घर । तस्बिर : अर्जुन

■ **अर्जुन राजवंशी**

दमक- दमक नगरपालिका ३, दोघरेमा ७ वर्षअघि सञ्चालनमा ल्याइएको धिमाल होमस्टे बन्द भएको छ । होमस्टे व्यवस्थापनलगायत कारणले बन्द भएको हो । सरकारले 'पर्यटन वर्ष २०११' मनाएका बेला दमकमा धिमाल होमस्टे सञ्चालनमा ल्याइएको थियो । ३ वर्षसम्म जेनतेन चले पनि अहिले भने बन्द भएको धिमाल होमस्टे समिति अध्यक्ष हरिलाल धिमालले बताए । उनले होमस्टेका लागि पर्यटक तथा विभिन्न स्थानबाट सम्पर्क आए पनि होमस्टे सञ्चालन गर्न भने नसकिएको बताए । धिमाल जाति यहाँको पुरानो आदिवासी समुदायमा पर्छ । छुट्टै रहनसहन, वेशभूषा, संस्कार, संस्कृति, भाषा रहेकाले संरक्षणकै लागि होमस्टे सञ्चालनमा ल्याइएको थियो ।

तर, पर्यटकका लागि धिमाल पहिचान झल्किने परम्परागत घर, सुत्ने खाट, व्यवस्थित शौचालय, स्नान घरलगायत व्यवस्थापन कमी हुँदा सञ्चालन गर्न कठिन भएको गणेश धिमालको भनाइ छ । उनले होमस्टेलाई व्यावसायिक रूपमा सञ्चालन गर्न पर्यटकसमेत कमी भएकाले सञ्चालनमा गाह्रो भएको बताए । 'होमस्टे सञ्चालनका लागि धेरै कुरा पुराना पहिचान झल्किने हुनुपर्दो रहेछ,' उनले भने, 'हामीले गर्ने प्रयास त गर्‍यौं । तर, त्यो हदसम्म सफल हुन सकेनौं ।'

दोघरेका हरिलाल, गणेश, विजय, जयबहादुर, रतनबहादुर, सतिलाल, शान्ति, किरण र अम्बरबहादुर धिमालको गरी १० घरमा होमस्टे सञ्चालन गरिएको थियो । पर्यटकलाई खान, बस्न यी १० घरमा व्यवस्थापन गरे पनि धिमालको परम्परागत पहिचान झल्किने एउटा नमुना धिमाल घरसमेत निर्माण गरिएको थियो । बाँस र खरले छाएको माटोको टाटी बेराको घर पर्यटकलाई धिमाल घर भनेर देखाउन बनाइएको थियो । उनीहरूले मेनु धिमाल जातिले खाने परिकारहरू उपलब्ध हुने बनाएका थिए ।

पर्यटकको स्वागत, सत्कार शिरदेखि पाउसम्म जातीय गहना र पेटानीमा सजिएका धिमाल युवतीले गर्ने व्यवस्था गरिएको थियो । उनीहरूले पर्यटकलाई, पानीमा भिजाएर बाफमा उसिनेर बनाइएको (चिचिरी भात), लोकल कुखुराको मासु (कियाको ब्या), सुँगुरको रोस्ट (खारेपाका ब्या), सुँगुरको रक्ती (हितिबे) तथा अर्डरअनुसार 'चुदुर' घुँगी, 'माखालाई' सिपीको तरकारी, 'क्याम' गँगटालगायत खाना खुवाउने गरिन्थ्यो । उनीहरूले राति पाहुनालाई स्वागतका रूपमा 'च्वाइका गोरा', धिमाल जातिले घरमा बनाएर खाने गरेको जातीय मदिरासमेत दिने गरेका थिए । '३ वर्षसम्म होमस्टे सञ्चालन गर्‍यौं,' अध्यक्ष हरिलालले बताए । उक्त समयमा डेनमार्क, अस्ट्रेलिया, भारतलगायत विदेशी तथा त्रिभुवन विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीसहित मुलुकका विभिन्न स्थानबाट पर्यटक बास बस्न आएको उनले सुनाए ।

'हामीलाई होमस्टे चलाउनै गाह्रो भयो । त्यसैले अहिले बन्द अवस्थामा छ,' उनले भने, 'तर, आगामी वर्षका लागि वडा समितिले ८ लाख रुपैयाँ विनियोजन गरेको छ । हामी थप स्रोत खोजिरहेका छौं । यो होमस्टेलाई अब, थप व्यवस्थित र पूर्णरूपमा धिमाल पहिचानयुक्त बनाएर पुनः सञ्चालनमा ल्याउँछौं ।'

## शेर्पा समुदायलाई तालिम

तेह्रथुम (कास)- छथर गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले वडा १ डङडङेको शेर्पा बस्तीमा होमस्टे (घरबास) तालिम सञ्चालन गरिएको छ । शेर्पा समुदायको बाहुल्य रहेको डङडङेमा होमस्टेको व्यावसायिक प्रवर्द्धन गर्न तालिम सञ्चालन गरीएको गाउँपालिकाले जनाएको छ ।

पर्यटनको आधार मानिने होमस्टेको व्यावसायिक प्रवर्द्धनका लागि गाउँपालिकाले विशेष कार्ययोजना बनाएर पहिलो चरणमा तालिम सञ्चालन गरिएको अध्यक्ष सन्तवीर लिम्बूले बताए । ग्रामीण पर्यटन विकासका लागि फरक संस्कृति भएका जातिको बस्तीमै पुगेर तालिम सञ्चालन गरिएको अध्यक्ष लिम्बूको भनाइ छ । 'ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न नीतिगत योजना नै बनाएका छौं,' उनले भने । ग्रामीण क्षेत्रको संस्कृति र संस्कार बाहिर ल्याउन घरबास कार्यक्रमले सहयोग पुर्‍याउने गाउँपालिकाको भनाइ छ ।

तालिमका लागि गाउँपालिकाले १ लाख ५० हजार सहयोग दिएको अगुवा लाक्पाछुती शेर्पाले बताए । ३ दिनसम्म चलेको तालिममा २७ जनाको सहभागिता थियो । सहभागीलाई नेपाल पर्यटन बोर्डका होमस्टे कार्यक्रम विज्ञ कर्मचारीहरूले तालिम दिएका थिए ।

# आयुर्वेद पसलमा सिल

मोरङ (कास)- विराटनगरस्थित औषधि व्यवस्था विभागको शाखा कार्यालयले स्वामित्व विवादमा यहाँको एक आयुर्वेद पसलमा बिहीबार सिल गरेको छ ।

विराटनगर महानगरपालिका ७ स्थित सिटी भवनमा सञ्चालित विराट आयुर्वेद फार्मेसीमा सिल गरेको हो । त्यहाँ अवैध रूपमा कब्जा गरी विराट आयुर्वेद एण्ड हर्बल सञ्चालनमा रहेको पाइएको छ । साबिकको बबियाबिर्ता गाविस-३ का रमा दाहालले उक्त सटरमा २०६० देखि सञ्चालन गर्दै आएको विराट आयुर्वेद फार्मेसी २०६५ मा विराटनगर ३ का गोविन्दबहादुर खड्का र उक्त वडाकै अर्चना सोनीको नाममा साझेदार फर्म बनाएका थिए । अर्चनाका भाइ आदित्यले उक्त पसल विराट आयुर्वेद एन्ड हर्बलको नामबाट असार १ गतेबाट एकलौटी सञ्चालन गरेपछि विवाद भएको हो ।

विराट आयुर्वेदका साझेदार खड्काले औषधि व्यवस्था विभागमा उजुरी गरेपछि छानबिनका क्रममा एउटै सटरमा दुईवटा पसल रहेको पाइएकाले सिल गरेर छलफलका लागि कार्यालयमा बोलाइएको छ ।




# कुरिलोबाट वार्षिक ८ लाख

■ **देवनारायण साह**

मोरङ- पहिले बिहान बेलुकाको छाक टार्न धौधौ पर्ने विराटनगर ५ का २७ वर्षीय विजय शर्माले अचेल कुरिलो खेतीबाट वार्षिक ८ लाख कमाइरहेका छन् ।

उनले विराटनगर घर भई अमेरिका बस्दै आएका गोविन्द शर्माको जग्गा भाडामा लिएर व्यावसायिक खेती गरिरहेका हुन् । शर्माले अहिले १० कट्ठामा कुरिलो लगाएका छन् । उनले गत वर्ष ८ लाख बढीको कुरिलो बिक्री गरेको बताए ।

शर्माले आफ्ना आमाबुवा कृषि मजदुर भएर जीवन गुजारा गर्दै आफूहरू तीन भाइको जसोतसो लालनपालन गरेको सुनाए । 'क्याम्पस पढदासम्म एउटा लुगा नच्यातेसम्म अर्को लुगा किन्ने हैसियत थिएन,' उनले भने, 'दुई दाजुले आर्थिक अभावमा पढन सकेनन् तर उहाँहरूले मलाई महेन्द्र मोरङ क्याम्पसमा आईकमसम्म पढाउनु भयो तर बीकम पढाउने आँट गर्नु भएन । अवस्था नै उस्तै थियो ।'

घरको गरिबी हेरेर पायनिर कम्पनीमा मासिक १२ हजार तलबमा २०७१ सालबाट काम गर्न सुरु गरेको उनी भन्छन् । 'दाइहरूले स्थानीयको खेत भाडामा लिएर परम्परागत तरिकाले खेती सुरु गर्नु भएको थियो,' उनले भने, '२०७१ असारमा धानको बिउ खरिद गर्न जिल्ला कृषि विकास कार्यालय मोरङको छेउमा नै रहेको एग्रोभेट पसलमा गएको बखत कृषि विकास कार्यालयका तत्कालीन बागबानी विकास अधिकृत काशीकुमार चौधरीसँग भेट भयो र उनले राम्ररी खेती गर्नका लागि कार्यालयमा सम्पर्क गर्न आग्रह गर्नु भयो ।' एक हप्तापछि कार्यालयमा गएर उहाँसँग भेटेपछि व्यावसायिक तरिकाले खेती गर्न सल्लाह दिएको उनी सम्झन्छन् । 'काशी सरले खेत हेरेर २०७१ फागुनमा व्यावसायिक ओल खेतीका लागि ५० प्रतिशत अनुदानमा १० क्विन्टल बिउ उपलब्ध गराउनुभयो र सँगै कुरिलोको खेती गर्न सल्लाह दिनुभयो,' उनले भने, 'जीवन विकास समाजबाट १ लाख ऋण लिएर ओलको बिउ र एग्रोभेट पसलमार्फत ५२ हजारमा २ सय ५० ग्राम कुरिलोको बिउ काठमाडौंबाट खरिद गरेँ र बेर्ना उमारेर कुरिलो रोपेँ ।' रोपेपछि २०७२ सालमा कुरिलो बिक्री गर्न नपाएपछि निरास भयौं तर काशी सरले अर्को वर्षदेखि आम्दानी हुने भनेको उनले सुनाए ।

'२०७३ फागुनबाट १/२ किलो प्रत्येक दिन कुरिलो निस्किन थाल्यो तर विराटनगरमा बिक्री नै नभएपछि खेती गरेकोमा पश्चाताप हुन थाल्यो,' उनले भने, 'साइकलमा पछाडि राखेर विराटनगरभरि सित्तैमा पनि मानिसहरूलाई खान दिएर प्रचार गरेको तर खरिदकर्ता नभएपछि इटहरी र धरानस्थित गोर्खा डिपार्टमेन्टमा सम्पर्क गरेँ तर त्यहाँ पनि २ दिनमा ३/४ किलो मात्रै खरिद गर्ने भयो र बिक्री गर्न नै समस्या भयो ।'

धरानका गोर्खाडिपार्टमेन्टका म्यानेजरले चितवनका व्यापारीसँग सम्पर्क गराइदिनु भएपछि चैत महिनाबाट एक दिन छोडेर अर्को दिन २५ देखि ३५ किलोसम्म पठाउन सुरु गरेको शर्माले बताए । 'विराटनगरमा प्रतिकिलो २० रुपैयाँ भाडा तिरेर बसमा लोड गरेपछि चितवनमा ओराल्ने सर्तमा प्रतिकिलो ३ सय को दरले अहिले पनि कुरिलो पठाइरहेका छौं,' उनले भने, 'यस वर्ष विराटनगरमा नै भाटभटेनी सुपरमार्केट खुलेपछि अहिले प्रतिकिलो २ सय ४० को दरमा एक दिन छोडेर अर्को दिन १५ किलो बिक्री सुरु गरेका छौं ।'

शर्माले चितवनका व्यापारीले बढी पैसा दिए पनि स्थानीय बजार विकासको दृष्टिकोणले यहाँका भाटभटेनी सुपरमार्केटमा सस्तोमा भए पनि बिक्री गरिरहेको बताए ।

कृषि विकास कार्यालयले उपलब्ध गराएको ओल बढानीले डुबान भएकाले सप्रेन तर पनि १ लाख ४५ हजारको बिक्री गरेको उनले बताए । 'यस वर्ष थप १० कट्ठामा कुरिलो खेती बिस्तार गर्न बेर्ना तयार पारेका छौं,' उनले भने, 'विराटनगर महानगरपालिकाबाट ५० प्रतिशत अनुदानमा १५ क्विन्टल ओलको बिउ खरिद गरेर १५ कट्ठामा लगाएका छौं ।' उनले ओलमा पनि राम्रो आम्दानी रहेको बताए ।

कुरिलो र ओलसँगै अन्य तरकारी खेती पनि सुरु गरेको उनले सुनाए । शर्माले स्थानीय एक विद्यालयको ५ बिघा जग्गा भाडामा लिएर धान, मकै, गहुँ र मसुरो खेती गरिरहेको पनि बताए । उनले यस वर्ष १ हजार ५ सय ५० रुपैयाँ प्रति क्विन्टलका दरमा ५८ क्विन्टल मकै बिक्री गरेको र ६० मन मसुरोको दाल बिक्री गर्न बाँकी रहेको बताए ।

उनले कुरिलो र ओलबाट भएको आम्दानीले गत वर्ष फुसको घर हटाएर ३ कोठा पक्की घर निर्माण गरेको सुनाए । अविवाहित उनले नाम चलेको व्यावसायिक किसान भएपछि विवाह गर्ने योजना रहेको बताए ।

शर्माको बुवा चन्देस्वरले कृषि मजदुरी गरेर छोराहरूलाई पालनपोषणा गरेर हुर्काए तर अहिले उनीहरूले गरेको परिवर्तन विगत सम्झिनै मन नलागेको सुनाए । त्यसैले माहिलो छोरा, बुहारी र आफूले विजयलाई खेतीमा सघाइरहेको भनले सुनाए । उनले मासिक ७ हजार ५ सय तलब दिएर स्थानीय दुई जना महिलालाई कुरिलो खेतीको स्याहार गर्न काममा लगाएको बताए । चन्देश्वरले एक कृषि मजदुरले आफैं अरूलाई मजदुरी दिन सक्ने हुँदा कुनै बेला सपना हो जस्तो पनि लाग्ने गरेको सुनाए । उनले मजदुरी नपाएर कति दिन भोकै गुजानु परेको दिन अहिले सम्झिन चाहदैनन् ।

विजयले आफ्नो सफलतामा काशी सरको महत्त्वपूर्ण योगदान भएकाले अहिले पनि सल्लाहसुझाव लिइरहेको बताए ।






# सम्पादकीय

## न्याय मर्न नदेऊ

छोराको हत्यारालाई पक्राउ गरी कारबाही गरियोस् भन्दै न्यायका लागि वर्षौंदेखि लडिरहेकी गंगामाया अधिकारी पुनः अनशन बसेको महिना दिन नाघिसक्दा पनि सरकारले देखाएको उदासीनता लज्जास्पद छ । आखिर उनले के नै मागेकी थिइन् र ! राज्यले विलासी सुविधा देओस् भनेकी थिइनन् । सरकारसँग निवास–गाडी खोजेकी थिइनन् । कसैको जागिर स्वतः स्थायी गराउन आँटेकी पनि होइनन् । उनले त बस्, अनाहकमा मारिएको आफ्नो किशोर छोराको हत्यारालाई कानुनसम्मत कारबाही गरिपाऊँ भनेकी हुन् । यो लोकतान्त्रिक गणतन्त्रमा आफ्नै जिन्दगीलाई दाउमा लगाएर न्यायको युद्ध लडेकी हुन् । दशकदेखिको यसै संघर्षका क्रममा लामो अनशनका कारण अहिले उनकै प्राण खतरामा छ । तैपनि उनी सर्वत्र बेवास्ताकी सिकार भएकी छन् । नागरिकको जिउधनको सुरक्षाको ग्यारेन्टी गर्ने जिम्मेवारी बोकेको सरकार उनका संघर्ष र स्वास्थ्य दुवैलाई उदेकलाग्दो गरी चुपचाप अनदेखा गरिरहेको छ । न्यायको अवसान भएको संकेत गर्ने यो घटनाले कानुनीराज्यको त धज्जी उडाएको छ नै, यस तरहको मौजुदा मौनताले नेपाली समाजका हरेक तह र तप्कामा अग्र पंक्तिमा रहेकाहरूको विवेकमाथि पनि व्यंग्य गरिरहेको छ ।

एउटा सामान्य मान्छेको जिन्दगीमा आफ्नो भन्ने के नै हुन्छ र ! गंगामायाका पनि सबथोक भनेकै दुई छोरा र पति थिए । एउटा छोरा २०६१ सालमा माओवादी कार्यकर्ताद्वारा मारिए, त्यही अन्यायविरुद्ध न्यायको लडाइँ लड्दा–लड्दै अनशनका क्रममा पति बिते, जसको सद्गतसमेत भएको छैन, शव अझै त्रिवि शिक्षण अस्पतालमा छ । भाइको हत्यापछि विक्षिप्त भएका जोठा छोरा 'बेपत्ता' छन् । यसरी आफ्नो 'सर्वस्व' गुमिसक्दा पनि गंगामायाले हिम्मत हारिनन् । र, न्यायको संघर्षमार्फत् आशाको दियो जगाइराखिन् । अफसोस, उनको संघर्ष र स्वास्थ्य दुवैलाई अति बेस्वास्ता गर्दै सरकारले आफ्नो चरम लाचारीपन देखाइरहेको छ । यतिविघ्न दुःखान्त भोगेको आवाजलाई सुन्न राज्य किन यसरी हिचकिचाइरहेको हो, बुझिनसक्नु छ । आखिर गंगामायाले कुनै अमुक व्यक्तिहरूलाई पोल्दै उनीहरूलाई थुन भनेकी पनि होइनन् । उनले त केवल सर्वोच्च अदालतले २०७२ पुस ६ गते हत्याका आरोपी छविलाल पौडेललाई पुर्पक्षका लागि थुनामा राख्न दिएको आदेश कार्यान्वयन गर्नुपर्ने माग राखेकी हुन् । यसै पनि, सर्वोच्च न्यायालयको आदेश/फैसला कार्यान्वयन गर्नु जुनसुकै लोकतान्त्रिक सरकारको दायित्व हो । त्यसका लागि कसैले दबाब दिइरहनुपर्ने पनि होइन । तर यहाँ त पीडितको यत्रो क्रन्दन छ, तैपनि सरकार कानमा तेल हालेर बसिरहेको छ । उसको यस्तो रवैयाले मुलुकको सर्वोच्च न्यायालयमाथि मात्रै अपमान भइरहेको छैन, आम सर्वसाधारण सबैलाई 'तिमीहरू राज्य र कानुनद्वारा संरक्षित छैनौ' भन्ने भयंकर गलत सन्देश दिइरहेको छ ।

गंगामायाको माग र उनको स्वास्थ्यलाई लिएर यसबीचमा राष्ट्रिय मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षण गराएको छ । करिब डेढ सय मानव अधिकारवादीहरूले पनि कदाचित सरकारको लापरबाहीका कारण उनको ज्यान गए सरकारका प्रमुख जिम्मेवार व्यक्तिहरू अन्तर्राष्ट्रिय फौजदारी कानुनबमोजिम व्यक्तिगत रूपमा जिम्मेवार हुनुपर्ने व्यवस्थाप्रति प्रधानमन्त्री र गृहमन्त्रीलाई तथ्यबोध गराएका छन् । सरकारको यस्तो उदासीनताले द्वन्द्वकालीन मुद्दाका पीडितलाई न्याय दिने संक्रमणकालीन न्याय विश्वसनीय र प्रभावकारी हुन्छ भनेर विश्वास गर्न नसकिने मानव अधिकारवादीहरूको धारणामा दम छ । सार्वजनिक वृत्तका यस्ता आवाज सुन्नु लोकतान्त्रिक सरकारको चरित्र हो, जिम्मेवार अधिकारीहरूले यसलाई ध्यानपूर्वक मनन गर्न जरुरी छ ।

तत्कालीन माओवादी र एमाले मिलेर नेकपा बनेको र सोही दल सत्तामा रहेकाले गंगामायाको मागमा सुनुवाइ नभइरहेको बुझ्न गाह्रो छैन । तर पीडकलाई संरक्षण दिइरहेका नेताहरूले बुझ्नुपर्ने तथ्य के हो भने– एक त, मारिएका किशोर कृष्णप्रसाद अधिकारी कुनै द्वन्द्वरत पक्ष थिएनन्, निहत्था सर्वसाधारण नागरिक थिए, अर्को त यो नियमित अदालतमा प्रवेश पाएर आदेशमा गइसकेको विषय हो । फेरि, सत्य निरुपणकै मर्म पनि पीडकलाई उन्मुक्ति भन्ने त हुँदै होइन । पीडितलाई सहमतिमा नलिई न्याय प्रक्रियालाई आफूखुसी बराल्न पाइँदै–पाइँदैन । पीडितको सहमतिबेगर कुनै पनि न्यायको मूल्य रहँदैन । यो गंगामाया एक जनाको मात्र होइन, समग्र पीडितहरूको सामूहिक आवाज हो । तसर्थ सरकारले बेलैमा पीडितहरूको यो ढुकढुकीलाई छाम्न सकोस् । नत्र सम्बन्धित सबैलाई थाहै छ– मानव अधिकार उल्लंघनका घटना छानबिन र दोषीलाई कारबाही गर्ने दायित्वबाट नेपाल च्युत भयो भने द्वन्द्वकालीन मुद्दामा अन्तर्राष्ट्रिय क्षेत्राधिकार आकर्षित हुन्छ । नेपाली सेनाका कर्णेलकुमार लामा बेलायतमा पक्राउ परेको यही अधिकार क्षेत्रका कारण हो । हामी आस गरौं, मुलुककै छवि धमिलो हुने गरी फेरि–फेरि यस्ता घटना नदोहोरिऊन् । राज्य पक्ष होस् या विद्रोही, दुवैबाट पीडित भएका सबैले अविलम्ब न्याय पाऊन् । गंगामाया अनि उनीजस्ता हजारौं पीडितलाई न्याय दिलाउन सरकारले सार्थक पहल गरोस् । र, न्यायको दियो ननिभोस् ।

# 'पपुलिजम'को अन्तर्राष्ट्रिय प्रवाह



**विष्णु सापकोटा**

जब लोकप्रिय मतमाथि 'लोकप्रियतावादी' प्रवृत्तिले कब्जा गर्छ, तब त्यसलाई न लोकतन्त्र होइन भन्न मिल्छ, न हो भन्न ।

वर्तमानलाई बुझ्न इतिहास बुझेर मात्र सम्भव छ- यो त सबैले सधैं भनिरहेकै कुरा भयो । तर कहिलेकाहीँ वर्तमानको राजनीतिक प्रवृत्ति र रुझान बुझ्न मान्छेको समग्र जातकै इतिहासबाट कुरा थाल्नुपर्ने हुन्छ । दैनन्दिनको राजनीतिका कोरा ढाँचाहरूलाई बुझ्न त झन् इतिहासका पुरानै खण्डमा जानुपर्ने पनि हुन्छ । अहिले अन्तर्राष्ट्रिय रूपमै एउटा सशक्त धारका रूपमा देखापरेको 'पपुलिजम' वा 'लोकप्रियतावाद'को चरित्र नै त्यस्तो छ कि यसबारे चर्चा गर्न सभ्यताको एउटा पुरानो सन्दर्भबाटै कुरा सुरु गर्नुपर्ने हुन्छ । लोकतन्त्रको 'आविष्कार' भएकै लोकप्रिय मतको आधारमा जनताको लागि, जनताकै तर्फबाट शासन चलाउनका लागि हो भनिन्छ । तर जब लोकप्रिय मतमाथि 'लोकप्रियतावादी' प्रवृत्तिले कब्जा गर्छ, तब त्यसलाई न लोकतन्त्र होइन भन्न मिल्छ, न हो भन्न । अहिलेको विश्वव्यापी 'लोकतान्त्रिक' लहर नै 'लोकप्रियतावादी' अर्थात 'पपुलिजम'वाला छ । त्यसैले यो जटिल र रोचक राजनीतिक 'फेनोमेना'को प्रकृतिबारे चर्चा गर्न यस आलेखले मानव जातिको एउटा सम्बन्धित प्रसंगबाट कुरा सुरु गरेर मात्र वर्तमानमा आउनेछ । र समृद्धि सपनाको उच्च उडानमा रहेको आजको नेपाल 'पपुलिजम'को यो प्रवाहमा कहाँ छ भन्नेबारे चर्चा गर्नेछ ।

समकालीन बौद्धिक वृत्तमा अधिक चर्चामा रहेको इजरायली इतिहासविद युवल नोआ हरारीको 'सेपिएन्स' नामको पुस्तकले अहिलेका राष्ट्र, राज्य, धर्म, संस्था, व्यापार आदिलाई अस्तित्वमा आउन कसरी सम्भव भयो भनेर एउटा रोचक मानवीय कालखण्डको चर्चा गर्छ । करिब सत्तरी हजार वर्षअघि सुरु भएको इतिहासको त्यो कालखण्डमा अहिले अस्तित्वमा रहेको मानव जातिले सोच्न र कल्पना गर्नसक्ने क्षमताको भाषिक विकास गर्न सुरु गरेको थियो । जनावरका अरू जातिमा नभएको तर मानव जातिले विकास गरेको यो सोच्न सक्ने भाषिक क्षमताले मान्छेको इतिहास नै बदलेर अहिलेको ठाउँसम्म ल्याइपुर्‍यायो । यतिसम्म पनि बुझिराखेकै जस्तो कुरा भो । तर मानव इतिहासको यो प्रसंगमा हरारीको मूल सन्देश भने अर्कै छ । त्यो हो- पृथ्वीका अन्य प्राणीहरूले जे अस्तित्वमा छ, त्यो कुरामा मात्र विश्वास गर्छन् । तर मान्छेको जातमात्र त्यस्तो रूपमा विकसित भयो, जो हुँदै नभएको कुरामा पनि विश्वास गर्ने भएर अगाडि बढ्दै गयो । उदाहरणका लागि, भगवान भन्ने चिज छ कि छैन, थाहा नै छैन, तर आफूले विकास गरेको भाषिक क्षमताका आधारमा, मान्छे आफैंले लेखेका र बनाएका कथाका आधारमा भगवान भएको कुरामा शंका नै नगर्ने मानवहरू यस पृथ्वीमा अर्बौं थिए र छन् । स्वर्ग-नर्क आदि छ कि छैन, थाहा नै छैन, तर ती विषयमा लेखिएका कथाका आधारमा त्यो कुरालाइ यथार्थ भनेर पत्याउने जात सायद मानवमात्रै हो ।

अर्थात् भन्न त मान्छेले आफैं घोषणा पनि गरेको छ कि प्राणी मात्रमा सर्वश्रेष्ठ जाति ऊ आफैं हो । तर प्राणी जातिमा सबैभन्दा 'अविश्वसनीय' जात पनि सायद मान्छे नै हो, जसले हुँदै नभएको वा देख्दै नदेखेको कुरालाई पनि सत्य ठान्छ । सत्तरी हजार वर्ष पहिले हामी मान्छे पनि अरू प्राणीका जातजस्तै अस्तित्वमा भएको यथार्थलाई मात्रै पत्याउने गर्थ्यौं । तर त्यसपछिको विकासक्रममा अहिलेको मानव वा 'सेपिएन्स' जात नै धेरै काल्पनिक यथार्थहरू सिर्जना गरेर त्यसैलाई वास्तविक यथार्थ ठान्दै बाँचिरहेको छ वा काम चलाइरहेको छ । अब यो प्रसंगलाई यसरी बिट मारौं- मानव अधिकार भन्ने कुरा भौतिक रूपमा त कतै अस्तित्वमै छैन । तर मानव जातिले कल्पना गर्‍यो कि मान्छे भएर जन्मेपछि उसका केही जन्मजात अधिकार हुनुपर्छ । यसरी 'हुनुपर्छ' भनेर कसैले कल्पना गरेको कुरालाई सबैले मान्न नै थाले कि मानव अधिकार भन्ने अवधारणा हुन्छ । त्यस्तै राष्ट्रहरू कल्पना गरिए । बिभिन्न विचारहरूको कल्पना गरियो र ती कल्पनाहरूको 'यथार्थीकरण' गर्दै गइयो । यति भनिसकेपछि वर्तमानको 'लोकप्रियतावादी यथार्थ'सँग अब यो विषय आफैं जोडिन आउँछ ।

अमेरिका स्वयं आप्रवासीहरूले बनेको देश हो, तसर्थ अरू आप्रवासी र शरणार्थीको लागि पनि ऊ उदार हुनुपर्छ भन्ने काल्पनिकीलाई यथार्थ ठानिन्थ्यो, केही अघिसम्म । अब नयाँ विचारको कल्पना गरिएको छ, जसको यथार्थ अर्कै खाले छ । अमेरिका शरणार्थी शिविर त होइन नि ! दोस्रो विश्वयुद्धबाट निक्लेर अगाडि बढिरहेको युरोपका राष्ट्रहरूका कल्पना केही अघिसम्म एक खालका थिए । अहिले त्यहाँ कस्ता खालका शासकहरू निर्वाचित भएर आइरहेका छन्, सबै देखिएकै छ । फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोन र जर्मनीकी चान्सलर एंगेला मर्केलले अझै पनि लोकप्रियतावादलाई लोकप्रिय मतले थेगिराखेका छन् । तर तिनैका देश लगायत अरू युरोपेली मुलुकमा उग्र राष्ट्रवादी, जातिवादी र असमावेशी चरित्रका नेतृत्वहरू लोकतान्त्रिक विधिबाट सत्तामा आउँदै वा त्यसको नजिक पुग्दैछन् । १९४० को दशकमा अंग्रेज शासनबाट स्वतन्त्र हुँदाताका गान्धी र नेहरूहरूले कल्पना गरेको भारत अहिले नरेन्द्र मोदीले स्थापित गर्न खोजेको मूल्य-मान्यताको भारत त पक्कै थिएन । तर पनि भारत भनेको यस्तो राष्ट्र हो भनेर मोदीले नयाँ विचारको कल्पना गरे र त्यसलाई लोकतान्त्रिक प्रक्रियामार्फत नै अनुमोदित गराए ।

निर्वाचित हुने प्रक्रिया लोकतान्त्रिक नै छ । तर ती निर्वाचित व्यक्तिले प्रतिनिधित्व गर्ने विचार जब अति साँघुरो हुन्छ, त्यहींनेर देखिने हो, लोकतन्त्र र लोकप्रियतावादको सम्बन्धको अन्तरविरोध । यस अन्तरविरोधको अन्तर्य नै के हो भने बहुमतले अनुमोदन गरेको भन्दैमा सबै कुरा सामाजिक न्यायको वा लोकतन्त्रको मर्म अनुसार हुन्छ भन्ने हुँदैन । तर पनि फेरि कसले, कुन विधिबाट त्यो कुरा स्थापित गर्ने कि बहुमतबाट अनुमोदित विचार लोकतान्त्रिक मूल्य अनुसारको छैन ? यसको एकमात्र उत्तर फेरि माथि चर्चा गरिएको हरारीको थेसिसमै पाउन सकिन्छ । जुन राजनीतिक नेतृत्वले आफ्ना काल्पनिकीलाई राम्रा कथा बनाएर जनताले पत्याउनेगरी बताउन सक्छन्, जनताले त्यही कल्पनालाई सत्य ठान्छन् । अहिलेको नेपालमा आफ्नो कल्पनालाई कथा बनाएर जनतालाई त्यो सत्य हो भन्ने विश्वास दिलाउन नेकपाका अध्यक्ष



केपी ओली सफल भएका छन् । कथालाई विश्वसनीय बनाउन सक्ने क्षमताको कुरै छाडिदिऊँ, कुनै नयाँ कथाको कल्पनासमेत गर्न नसक्ने नेतृत्व अहिले नेपाली कांग्रेसमा छ ।

लोकतन्त्र आफै कसरी अलोकतान्त्रिक हुनसक्छ भन्ने समकालीन इतिहासका उदाहरणहरू पनि कम्ती रोचक छैनन् । लोकतान्त्रिक प्रणाली अन्तर्गत नै अति शक्तिशाली व्यक्तिको रूपमा हुने एउटा नेताको उदयले लोकतन्त्रलाई नै क्षयीकरण गरेका विश्वव्यापी उदाहरण अहिले धेरै भइसकेका छन् । बेलायतबाट प्रकाशित हुने 'प्रतिष्ठित' पत्रिका 'दि इकोनोमिस्ट'को गत साताको अंकमा उसले लेखेको छ कि २०१७ मा मात्र ८९ वटा देशहरू लोकतान्त्रिक प्रक्रियाका हिसाबले हेर्दा प्रतिगामी अभ्यासतिर गएका छन् । लोकतन्त्र कसरी मर्छ, जनता र लोकतन्त्र कसरी अलग हुन सक्छन् भन्ने शीर्षकका किताबहरू नै लेखिन थालेका छन् । समग्रमा भन्दा, लोकतन्त्र आफैमा अनुदारतन्त्र हुँदै गएका संकेतहरू हैन, प्रमाणहरू नै देखिएका छन् ।

अब नेपालको सन्दर्भतर्फ फर्कौं । हालैका केही वर्षमा दशकौंको राजनीतिक अस्थिरता भोगेको नेपालले जति राजनीतिक स्थिरता र दरिलो सरकार अरू कमै देशले खोजेका थिए होलान् । जब खोजेको जस्तो 'बलियो' र स्थिर सरकार नेपालको यथार्थ बन्यो, त्यसको आधा वर्ष नबित्दै यहाँ प्रेस स्वतन्त्रता, नागरिक स्वतन्त्रताका 'स्पेस'मा संकुचन हुनलागेको त होइन भनेर तिनै व्यक्तिहरूले सार्वजनिक चिन्ता व्यक्त गर्न थालिसकेका छन्, जो स्वयम् अहिलेको सरकारको नेतृत्वलाई स्थापित गर्ने आन्दोलनमा अभियन्ता थिए । भर्खर स्थिरताको चरणमा प्रवेश गरेको नेपालको लागि यो विषय पक्कै पनि सुखद होइन कि नागरिक समाजका केही अन्तर्राष्ट्रिय समूहले नेपालमा नागरिक समाजका लागि खुला वातावरणको स्थिति बिग्रँदैछ भनेर गम्भीर चिन्ता व्यक्त गर्न थालिसकेका छन् (दि काठमाडौं पोस्ट, जून २३ को मुख्य समाचार) । चिन्ता गर्नुपर्ने स्थिति बनिसकेको छ कि छैन, एउटा कुरा, तर वर्तमान सरकारको नेतृत्वले मनन गर्नैपर्ने विषय के छ भने अन्तर्राष्ट्रिय रूपमा त्यस्तो सन्देश जानु वा बुझाइ बन्नु पनि नेपालको छविको लागि राम्रो होइन ।

जनताद्वारा मत दिइएर जितेको नेतृत्व लोकप्रिय हो कि लोकप्रियतावादी भन्ने विषय पनि त्यत्तिकै रोचक छ । नेपालकै सन्दर्भ लिएर एउटा उदाहरण हेरौं । केपी ओली नेतृत्वको नेकपाको अहिलेको सरकार पक्कै पनि एउटा लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित हो । समृद्ध नेपाल र सुखी नेपालीको कल्पना अति नै सुन्दर भिजन पनि हो । नेपालको राष्ट्रियता सुदृढ गर्नुपर्छ, नेपालीहरू नेपाली भएकोमा गर्व गर्नसक्ने हुनुपर्छ वा नेपाललाई त्यस्तो बनाउनुपर्छ । यी सबै सुन्दर कुरा हुन् । त्यस्तो गरिनैपर्छ । तर नेपालमाथि गर्व गर्नुपर्छ भन्दैमा हाम्रो देश संसारका अति गरिब राष्ट्रमध्ये पर्छ भन्ने यथार्थलाई सम्झाउनु पनि नहुने आशयका कुरा कसैले गर्छ भने त्यो लोकप्रियतावाद हो । आफ्नो देशको इतिहासमाथि गर्व गर्नुपर्छ भन्नुसम्म ठिक छ, तर जब नेपालका इतिहासका, यसका थुप्रै शासकहरूका विसंगतिहरूका कुरा गर्दा नेपालको छवि कमजोर हुन्छ भनिन्छ नि, त्यो सोझै लोकप्रियतावाद हो । नेपालमा जातीय छुवाछूत अझै पनि छ भन्दा त्यो त अरू देशमा पनि छ भन्नु अनि नेपालको इतिहासको फलानो राजा यस्तो थियो भन्दा त्यो बेला अरू देशका राजा पनि त त्यस्तै थिए भनेर तर्क गर्नु लोकप्रियतावाद वा साँघुरो राष्ट्रवाद हो । अरूका समस्याका, अरूका इतिहासका गर्व गरिने वा लाज लाग्ने विषयमा उनीहरू नै कुरा गरुन् । अरू पनि यस्तै थिए, त्यसकारण हामी पनि आफ्ना नराम्रा कुराका इतिहासका बारेमा आलोचनात्मक कुरा गर्न हुँदैन भनिन्छ भने- त्यो पपुलिजमको अंश हो । पश्चिमा देशमा गोराहरूमात्र 'सुप्रिम' हुन् भनिनु, भारत भनेको हिन्दुहरूले मात्र बनाएको हो भनेर ताजमहलसमेत राख्ने कि नराख्ने भनेर बहस गर्नु स्वतः पपुलिजमवाला कुरा हुन् । र यस्ता कुरा मनपराउने पनि जनता नै हुन्छन् र यस्तै मुद्दा बोक्नेहरूलाई जनताले नै चुनावबाट अनुमोदन पनि गर्छन् । त्यही भएर प्रश्न उठ्ने गरेको हो- लोकप्रिय मतद्वारा निर्वाचित सबै सरकार लोकतान्त्रिक हुन्छन् भन्ने छैन । लोकतन्त्रले छानेका सरकारहरू लोकप्रियतावादी मात्र पनि हुन सक्छन् ।

नेपालमा राजनीतिक स्थायित्व कायम गर्न, विकास र समृद्धि हासिल गर्न केपी ओलीको सरकार सफल हुनु अति जरुरी छ । उनले देखाएका रेल र पानीजहाजका सपनाबारे पनि पंक्तिकारको सहानुभूतिशील धारणा नै छ, किनकि त्यस्ता सपनाले कहिलेकाहीं विम्बका रूपमा जनतामा आस जगाइराख्न काम नै गर्छन् । तर रेल र पानीजहाजका सपनाका बीच कलंकी र नागढुंगाको बाटोको बेहालको बारेमा आलोचना गर्दा ओली सरकार कमजोर हुन्छ भन्नेहरू लोकप्रियतावादीहरू हुन् । अहिलेको राजनीतिक समीकरणमा ओली सरकारलाई संसद्मा विपक्षी दलको त धेरै झमेला सामना गर्नुपर्ने देखिँदैन । तर यदि यो सरकारलाई अलोकप्रिय बनाउन विपक्षीले भन्दा पनि नेकपा समर्थक मध्येका लोकप्रियतावादीहरूको बढी भूमिका देखिने अहिल्यै प्रस्ट भइसकेको छ ।

समग्रमा हेर्दा, संसारभर अहिले राष्ट्र-राज्यले आफ्नो चरित्र फेर्दैछन् । विश्वव्यापी भाइचारा, मानवतावाद आदिका मूल्यलाई आफ्नो राष्ट्रका पनि मूल्य बनाउनेभन्दा पनि मेरो राष्ट्र, मेरो इतिहास अर्थात् मेरो जात, मेरो धर्म भन्ने खालका भावना अहिले सम्बन्धित राष्ट्रलाई बलियो बनाउने लोकप्रियतावादी धार भएका छन् । साँघुरो अवधारणाको राज्यले 'कमब्याक' गर्न खोजेको छ, जबर्जस्त रूपमा । र त्यसका पक्षमा सम्बन्धित देशमा जनमत बढ्दो छ । सार्वजनिक मञ्चमा लेख्ने-बोल्नेहरूलाई पनि लोकप्रियतावादी धार समाउन धेरै सजिलो छ, किनकि त्यस्तै कुरामा धेरैको वाहवाही पाइने निश्चित नै छ । यस्तै सन्दर्भमा भारतकी प्रख्यात लेखिका अरून्धती रोयले हालै पनि भनेकी हुन्- लेखक हुँ भन्नेले अलोकप्रिय हुने नैतिक साहस राख्नुपर्छ । उनको भनाइको आशय लोकप्रियतावादबाट लेखकहरू कसरी जोगिनुपर्छ वा आफ्नो समाजलाई त्यता जानबाट रोक्ने प्रयास गरिनुपर्छ भन्नेतर्फ इंगित छ । नामकै मात्र भए पनि नेपालको अहिलेको सरकार कम्युनिष्ट हो । त्यही नामकै कारण र त्यसमाथि माओवादी मिसिएर बनेकाले पनि आफू लोकतान्त्रिक नै भएको चारित्रिक प्रमाणपत्र बेला-बेलामा देखाउनुपर्ने बाध्यता उसलाई छ । त्यसमाथि पपुलिजमवाला कित्ताका धार जति नै प्यारा लागे पनि तिनलाई बोक्ने सहुलियत उसलाई र देश दुबैलाई धेरै नै महँगो पर्न सक्छ । आशा गरौं, ओली नेतृत्वको 'स्थिर' सरकार लोकप्रिय नै रहिरहने नैतिक साहसमाथि टिक्नेछ, नकि लोकप्रियतावादमाथि ।

# पाठक मञ्च

## गरिब देशका सुविधाभोगी नेता

देश गरिब तर नेताहरू धनी भएको देश हो, नेपाल । यहाँका औंलामा गन्न सकिने इमानदार बाहेक अधिक नेता, मन्त्री, सांसद तथा पूर्व विशिष्टहरू जमिनदार र सम्पत्तिवाल रहेको सबैमा जगजाहेर नै छ । यति हुँदाहुँदै पनि पूर्व विशिष्ट तथा वर्तमान सांसदहरूको सेवासुविधा अझै थप गर्ने कसरतमा रहेका हाम्रा प्रतिनिधिहरूको नियत स्रोतको अभाव देखाउँदै कर्मचारीको तलब र सामाजिक सुरक्षा भत्ता नबढाएबाट प्रस्ट भइसकेको छ । त्यति मात्र होइन, सरकारी गाडी प्रयोगमा मात्र १४ वर्षमा ५४ अर्ब खर्च भएको तथ्यांक सार्वजनिक भएको छ । तीमध्ये गाडी खरिदमा २३ अर्ब १४ करोड, इन्धनमा १७ अर्ब ६६ करोड, मर्मतमा १२ अर्ब ९१ करोड रुपैयाँ खर्च भएको तथ्यांक सार्वजनिक भएको छ । हाम्रो जस्तो गरिब मुलुकमा यति ठूलो रकम खर्च हुनुलाई सामान्य रूपमा लिन सकिँदैन । त्यसै मध्ये मर्मतको नाममा मात्र १२ अर्ब ९१ करोड रुपैयाँ खर्च हुनु अनौठोमात्र होइन, अस्वाभाविक पनि हो ।

**– बद्री सिवाकोटी**
*सुनखानी, दोलखा*

## वैदेशिक सहयोग विवाद

अहिले न्यायपालिकामा वैदेशिक सहयोग लिने वा नलिने भन्ने विवाद चलिरहेको छ । यस सन्दर्भमा न्यायपालिकाभित्र वैदेशिक सहयोग ग्रहण गर्नुहुन्न । विगतमा वैदेशिक सहयोग ग्रहण गरेकोमा न्यायपालिकाभित्र के परिवर्तन आयो ? त्यो देखिएको छैन । न्यायपालिका विशुद्ध रूपमा तटस्थ संस्था भएकोमा सरकारको बजेट बाहेक अन्य सहयोग लिनु उपयुक्त हुँदैन । वैदेशिक सहयोगको नाममा विदेश भ्रमण पनि उपयुक्त होइन । विदेशी न्यायपालिका निरीक्षण भ्रमणले तात्त्विक रूपमा नेपालको न्यायप्रणाली परिवर्तन हुन सक्दैन । नेपालको माटो अनुकूल न्यायसम्पादन उपयुक्त हुन्छ । अदालत सरकारको बजेटबाट मात्र सञ्चालित हुने संस्था हो । बरु अदालतबाट उठेका राजस्व सरकारले सोझै न्यायपालिकाको खातामा जम्मा हुनेगरी न्यायपालिकालाई खर्च गर्न दिए हुन्छ । आज सहयोग ग्रहण गरेका वैदेशिक संस्थाको कुनै विवाद अदालत समक्ष आयो भने त्यसबेला न्यायसम्पादनमा अदालत अप्ठ्यारोमा पर्न सक्छ । तसर्थ अदालत वैदेशिक सहयोगमा नभई सरकारको बजेटले सञ्चालित हुनुपर्छ । यसका लागि पर्याप्त बजेट उपलब्ध गराइदिनु आजको आवश्यकता हो ।

**– जगदीशचन्द्र पाण्डे**
*अधिवक्ता, सर्वोच्च अदालत बार, काठमाडौं*

## धान दिवसको महत्त्व

असार १५ जसलाई धान दिवसको रूपमा मनाउँदै आएका छौं । मानो रोपेर मुरी उब्जाउने महिनाको रूपमा परिचित यो असार महिना हो । १५ गते दही-चिउरा खाने दिनको रूपमा पनि परिचित छ । कृषिप्रधान हाम्रो मुलुकमा धान दिवसको आफ्नै महत्त्व छ । तर असार १५ मा २/४ जाना नेताले धान रोपेर, कोण सभा गरेर मात्र यसको सार्थकता पुष्टि हुन सक्दैन । वर्षेनि हजारौं टन धान र चामल भारतबाट आयात गरिआएको समयमा धान दिवस हरेक वर्ष मनाउने तर उत्पादन बढाएर आत्मनिर्भर नबन्ने हो भने यसको कुनै महत्त्व छैन । धान दिवस मनाउँदैमा उत्पादनमा वृद्धि हुने होइन । उत्पादनमा वृद्धि गराउन दक्ष जनशक्ति र प्रविधिमा आधारित कृषि प्रणाली हुनु जरुरी छ । जुन देशमा जनशक्तिको खाँचो छ, त्यही मुलुकका युवाहरू कामको खोजीमा विदेशिएका छन् ।



धान दिवस र उत्पादन बीचको असमानता नै हाम्रो समस्या हो । आजसम्म कतिपल्ट धान दिवस मनाइयो भन्नुभन्दा पनि धान दिवसबाट के उपलब्धि हासिल गरियो भन्ने कुरा बढी महत्त्वपूर्ण हुन्छ । त्यसकारण बढ्दो आयातलाई घटाउने र निर्यात बढाउने तथा काम र दामको खोजीमा विदेशिएका युवालाई स्वदेशकै कृषिमा आकर्षित गर्ने नीति अवलम्बन गर्न सक्दामात्र धान दिवसको महत्त्व र आवश्यककतामा वृद्धि हुन्छ । तसर्थ धान दिवसकै दिनबाट यस्ता कार्यक्रमहरूको घोषणा गरी धान, गहुँ, मकै, कोदो लगायत कृषि उत्पादनबाट उब्जिएका खाद्य चिजबिजले स्वदेशलाई आत्मनिर्भरताको परिणाममुखी कार्यान्वयन गर्नेतर्फ सम्बन्धित सबै निकायको ध्यान जानु जरुरी छ ।

**– तिलप्रसाद न्यौपाने**
*माछापोखरी चोक, काठमाडौं*

## आवाजविहीन विरुद्धको आवाज

आवाजविहीनको कुरा बोल्ने अखण्ड भण्डारीको 'किन रोकियो मलेसिया ?' ले निराश बनायो । यो लेख आवाजविहीनका विरुद्ध लेखिएको छ । मलेसिया र नेपालका शक्तिकेन्द्रलाई प्रभावमा पारेर सिन्डिकेट बनाएर गठीमा संलग्न हर्ताकर्ता मेडिकल व्यवसायीलाई अबोध बालकजस्तै गरी प्रस्तुत गरेको देखेर आश्चर्य लाग्यो । लेखमा बायोमेट्रिक मेडिकल सिन्डिकेट सुरु गर्दा मेडिकलमा एक्सरे मेसिन ल्याएर प्रविधिमा सुधार गरी निवेदन दिएका पछि स्वदेशी/विदेशी विज्ञले हेरेर छनोट गरेको दाबी सत्य होइन । यो ठगीमा मलेसियादेखि नेपालसम्मका सरकारका महत्त्वपूर्ण व्यक्ति र शक्तिकेन्द्रको सहयोग र संरक्षण रहेको कुरा छर्लङ्ग छ । बायोमेट्रिकका नाममा मेडिकल सिन्डिकेटवालाले श्रमिकबाट सवा ३ अर्बभन्दा बढी ठगी गरेको कुरा कसैबाट छिपेको छैन । सबै सिन्डिकेट हटाउन सरकारलाई खबरदारी गर्नुपर्नेमा अन्त पनि सिन्डिकेट भएको भन्दै मलेसियाको मेडिकल सिन्डिकेट जायज भएको तर्क राख्ने कोसिस पूर्वाग्रही देखिन्छ ।

श्रमिकको सुरक्षा, सेवासुविधा लगायतका कारणले मलेसिया श्रमिकको हितका पक्षमा हेर्दा त्यति राम्रो गन्तव्य बन्नसकेको छैन । नेपाल सरकारको कदमपछि मलेसिया सरकारसमेत अन्तर्राष्टिय श्रम संगठनको मान्यता विपरीत श्रमिकबाट उठाउँदै आएका शुल्कलाई हटाउनेतर्फ सकारात्मक रहेको कुरा सञ्चार माध्यममा आएको छ । बरु नेपाल सरकारले चालेको सुधारका कदमलाई विभिन्न हिसाबले निष्क्रिय पार्न उद्यत रहने र हर्ताकर्ता मिलेर सिन्डिकेट बनाई विपन्न नागरिकमाथिको हुने ठगीको शृंखला जारी रहने नियति दुःखद छ । मलेसियाले श्रम सम्झौता नगरी नेपालका श्रमिकलाई लगाउने कुनै पनि शुल्क जायज मान्न सकिन्न । बरु नेपाल सरकारले मलेसिया सरकारसँग कूटनीतिक पहल गरी श्रम सम्झौता गरी सुरक्षित र मर्यादित गन्तव्य प्रभावकारी पहलकदमी लिन ढिला गर्नु हुँदैन । होइन भने मलेसियाको विकल्प खोज्न लाग्नुपर्छ ।

**– रामप्रसाद पाण्डे**
*डिल्लीबजार, काठमाडौं*

■●■

बुधबार प्रकाशित 'भ्वाइस अफ दि भ्वाइसलेस' अन्तर्गत 'किन रोकियो मलेसिया ?' बोल्न नसक्ने वैदेशिक रोजगार व्यवसायी, मर्कामा परेका मेडिकल सञ्चालक र सबैतिरबाट पेलिएका कामदारको पक्षमा आवाज उठाइदिएर एउटा निष्पक्ष पत्रकारिताको भूमिका निर्वाह गर्दै आवाज भएर पनि बोल्न नसक्नेहरूको कुरा बोलिदिएको छ । मलेसियाको रोजगारीमा जानुपूर्व कामदारहरूसँग झन्डै १३,५०० रुपैयाँ रकम असुल गर्ने माइग्राम, भीएलएन, एओसी, जीएसजी जस्ता संस्थालाई कारबाही गर्नु स्वागतयोग्य कदम हो । तिनै संस्थाको चलखेलबाट प्रभावित हुँदै लाखौं रुपैयाँ घुस खुवाएर स्थापित बायोमेट्रिक प्रणाली अन्तर्गतका मेडिकल सेन्टरका सञ्चालकहरूलाई रातारात कब्जामा लिएर कारबाही गर्नु तर समान हैसियतको र उही प्रकृतिको काम गर्ने गाम्का नेपाललाई कारबाही नहुनु दुर्भाग्य नै मान्नुपर्छ ।

सरकारी अकर्मण्यताका कारण मलेसियाको रोजगारी करिब-करिब गुम्ने अवस्थामा पुगेको छ । कलिङ भिसा प्राप्त भएर मलेसियाको रोजगारीमा जान घरबाट बिदा भएर राजधानी आएका झन्डै २५००० कामदार काठमाडौंका होटलमा अलपत्र अवस्थामा छन् । पछिल्लो समय मलेसिया दूतावासबाट कामदारको भिसा स्ट्याम्पिङ नभएको र वैदेशिक रोजगार विभागबाट अन्तिम श्रम स्वीकृति रोकिएका कारण ती कामदार मलेसिया जान रोकिएका हुन् । सरकारले ठगी गर्ने संस्थालाई कारबाही गर्नु उपयुक्त कदम नै हो । तर यस्ता कदम चाल्दा आम निमुखा जनताको समस्यालाई पनि केन्द्रबिन्दुमा राखेर बढ्दा बढी प्रभावकारी हुनेछ ।

**– यज्ञराज न्यौपाने**
*पेप्सिकोला, काठमाडौं*

## लागूऔषध र विद्यार्थी

भनिन्छ, नेपालका प्रत्येक ७ घरमध्ये एक घरमा लागूपदार्थ/मदिरा दुर्व्यसनी भेटिन्छन् । पछिल्लो समय विद्यार्थीहरू लागूपदार्थ/औषध सेवनमा ज्यादा आकर्षित हुनथालेका छन् । यदि समयमा नै यसतर्फ ध्यान नदिने हो भने नेपालका लागि सबैभन्दा ठूलो चुनौतीको रूपमा लागूपदार्थ/मदिरा खडा हुने निश्चित छ । एक तथ्यांक अनुसार स्कुलमा कक्षा ८ र ९ मा अध्ययनरत विद्यार्थीहरू लहड र रहरमा चुरोटबाट लागूपदार्थ/औषध प्रयोगमा प्रवेश गर्छन् । अन्ततः त्यो उनीहरूको आदतमा परिणत हुने गर्छ । कक्षा १० को परीक्षापश्चात ती कलिला विद्यार्थीले उपयोग गर्ने छुट्टीको समयले चुरोटबाट प्रारम्भ भएको दुर्व्यसनी अन्ततः गाँजा हुँदै लागूऔषधसम्म पुग्ने गर्छ । कक्षा ११ र १२ को समयमा त्यस्ता धेरै विद्यार्थी कुलतको सिकार बनिसकेका हुन्छन् र उनीहरूको दिनचर्या लागूपदार्थ, लागूऔषध र मदिरा सेवनमा व्यतित हुन थाल्छ । यसरी एउटा कलिलो बच्चाको जीवन अन्त्यतर्फ धकेलिन सक्छ । हाम्रा घरमा विस्तारै पैसा या सामान हराउन सुरु भएको छ । स्कुल तथा कलेजमा पढ्ने बालबच्चा रिसाउन या झर्किन थाल्छ । घरमा सुत्दा कोठाभित्रबाट चुकुल लगाएर सुत्न खोज्छ । आफ्नो उमेरभन्दा ठूला या साना मान्छेहरूसँग हिमचिम बढाउन थालेको छ । एकोहोरो र अस्वाभाविक व्यवहार प्रस्तुत गर्न थालेको छ । घर ढिला आउने गर्छ । यस्ता लक्षणहरू उनीहरू लागूपदार्थ/औषधको कुलतमा फँसेका संकेत हुन् । सुरुमा रहर र लहडले प्रारम्भ भएको पहिलो सर्को चुरोट अन्ततः उनीहरूको दुःखद अन्त्यको कारक बन्न सक्छ ।

समयको कालखण्डमा हाम्रो देशमा धेरै ठूला परिवर्तन भए । परिवर्तन सँगसँगै मौलाइरहेको लागूऔषध तथा मदिरा दुर्व्यसनीको रोकथाममा खासै सरकारी ध्यान जानसकेको छैन । एउटा कलिलो बालक दुर्व्यसनीमा फँस्दा उसको आमाले ब्यहोर्नुपरेको पीडालाई छातीमा हात राखेर सोचौं त । नत आफ्नो छोराले गरेको कर्तुतलाई सामाजिक बहसका रूपमा अघि बढाउन सक्छन्, न लागूऔषध/पदार्थले जीर्ण बनाउँदै लगेको उसको शरीरलाई टुलुटुल हेरेर बस्न नै सक्छिन् । मदिरा पसललाई नियमन गर्ने र स्कुल तथा कलेजहरूमा लागूऔषध तथा मदिराविरुद्ध अभियान सञ्चालन गर्नेतर्फ स्थानीय सरकारको ध्यान किन गइरहेको छैन ?

**– उत्तम पुडासैनी**
*जोरपाटी, काठमाडौं*

## लेटर ग्रेडिङ प्रणालीका कुरा

एसईईको नतिजा लेटर ग्रेडिङ प्रणालीमा प्रकाशित हुनथालेको ३ वर्ष भइसक्दा पनि यसको बुझाइमा अझै अन्योल देखिएको छ । सुरुको वर्षमा यस प्राणालीबारे छाएको अस्पष्टता र अर्थ बुझाइमा अझै सुधार आएको पाइँदैन । लेटर ग्रेडिङ प्रणालीबारे बुझ्नैपर्ने केही सामान्य जानकारी निम्न छन् :

१) लेटर ग्रेडिङ प्रणालीमा विषयगत प्राप्ताङ्कलाई १०-१० अंकको अन्तरमा समायोजन गरी एउटा निश्चित ग्रेडमा राखेर ईदेखि एसम्मका लेटरद्वारा जनाइन्छ र ०.८ देखि ४ सम्मको निश्चित ग्रेड प्वाइन्ट (जी.पी.) दिइन्छ ।
२) १० अंकसम्मको अन्तरलाई एउटै ग्रेडमा राखिने हुँदा फरक-फरक अंक प्राप्त गरे पनि एउटै ग्रेडमा पर्छ र ग्रेड प्वाइन्ट पनि एउटै हुन जान्छ ।
३) ईदेखि एसम्ममा लेटरहरू विषयगत अंकलाई मात्र ग्रेडमा हेर्नका लागि दिइएका आधार हुन्, जीपीएलाई होइन ।
४) जीपीए कुल ग्रेड प्वाइन्टको औसत अंकमात्र भएकोले यसलाई फेरि ग्रेडमा लगेर मूल्याङ्कन गर्नु सरासर गल्ती हो ।
५) जीपीएलाई अंकको आधारमा मात्र हेर्न सकिन्छ । यसको ग्रेड र प्रतिशत दुवै हुँदैन ।
६) प्रतिशत थाहा पाउन वास्तविक प्राप्ताङ्क थाहा पाउनुपर्छ । तर ग्रेड प्वाइन्ट भनेकै वास्तविक प्राप्ताङ्क होइन भने ग्रेड प्वाइन्टको औसत जीपीएबाट कसरी सही प्रतिशत निकाल्न सकिन्छ ? यो बुझ्नु जरुरी छ ।
७) केही विद्यालयमा राम्रा विद्यार्थीले कम जीपीए प्राप्त गरेका छन् र उनीहरूलाई विद्यालय र अभिभावकहरूले समेत हतोत्साहित गरेको पाइन्छ, यो ठूलो अन्याय हो । जीपीए उच्च हुँदैमा उच्च प्रतिशत आएको नहुन सक्छ । कम जीपीए पाएको विद्यार्थीले पनि उच्च प्रतिशत प्राप्त गरेको हुनसक्छ । यसको कारण हो- १/२ अंकको अन्तरले गर्दा पनि ग्रेड प्वाइन्ट फरक पर्छ र जीपीए बढी देखिन्छ । यस अर्थमा भन्नुपर्दा ४ जीपीए प्राप्त गरेको विद्यार्थीले पनि सबैभन्दा उच्च अंक प्राप्त गरेको निश्चित हुँदैन ।
८) प्राप्त जीपीए २५ गरेर आजकाल प्रतिशत निकालेको पाइन्छ । यो सूत्र एकदमै त्रुटिपूर्ण छ । किनकि यसो गर्दा हरेक विषयको ग्रेडमा माथिल्लो अंक प्राप्त गरेको भन्ने बुझिन्छ । सबै विषयमा यो कुरा सम्भव हुँदैन ।

पद्धतिको वास्तविकता नबुझी अन्धाधुन्द गलत जानकारी प्रकाशित गर्नु/गराउनु शिक्षाजस्तो संवेदनशील र मर्यादित क्षेत्रसँग सम्बद्धहरूका लागि सुहाउँदो कार्य होइन । यसबारे सम्बन्धित निकायले अझ प्रस्ट रूपमा जानकारी दिए फैलिँदो भ्रमको अन्त्य हुने थियो ।

**– श्यामकृष्ण बोहरा**
*गोदावरी नपा-१२, ठेँचो, ललितपुर*

# अधिनायकवाद आउने आशंका



श्रीकृष्ण अनिरुद्ध गौतम

कम्युनिस्टहरू एकजुट भएकाले हुनुपर्छ, नागरिक जीवनका कतिपय कोणमा अचेल देशलाई तिनीहरूले अधिनायकवादतर्फ धकेल्ने यत्न गर्दैछन् भन्ने चर्चा छ। राज्यका तीनवटै तह केन्द्र, प्रदेश र स्थानीयमा निर्वाचित प्रतिनिधि र पदाधिकारी छन्। जनादेश प्राप्त शासन व्यवस्था छ। जनताले रोजेका र कतिपय समावेशिताका नाममा पार्टीहरूले समानुपातिक अन्तर्गत राखेका मानिस शासनमा छन्। जो जेजस्ता भए पनि तिनले जनताप्रति नै उत्तरदायी हुनुपर्छ। तिनीहरू संविधानको परिधिभित्रै बस्नुपर्छ। ख्याल के रहिरनुपर्छ भने तिनले आवधिक जनादेश पाएका हुन्, आजीवन होइन। तिनीहरूलाई यस्तो बोधबाट विमुख हुने अधिकार छैन। तर विमुख भए के हुन्छ ? प्रश्न त छ।

जनादेश पाउनु, राज्यका संस्थाहरूमा प्रतिनिधित्व पाउनु लोकतन्त्रमा शासनाधिकार प्राप्तिको प्राविधिक पक्ष हो। तर प्राविधिक पक्षमै पनि केही गुणहरू निहित हुन्छन्। ती गुणहरूमध्ये प्रमुख निर्वाचित हुनलाई जनतासामु गरिएका वाचाहरू हुन्। नागरिकका अधिकारहरू अनतिक्रम्य हुन्छन्, तिनको सुरक्षाको दायित्व हो, राज्यको। यी गुणहरूको अभावमा जनादेशबाट प्राप्त वैधता निरर्थक हुन्छ। अधिनायकवादमा शासक संस्थाहरूभन्दा माथि हुन्छ। लोकतन्त्रमा शासक राज्यका संस्थाहरूभन्दा माथि हुँदैन, ऊ पालन गर्नुपर्ने नियमहरूले बाँधिएको हुन्छ। शासकको रुचि/अरुचि आधारमा नागरिक जीवन सञ्चालित हुनुपर्छ भन्न थालियो भने त्यही नै स्वेच्छाचारको प्रारम्भ हो। शासकीय स्वेच्छाचारिताको आकांक्षा अधिनायकवादतर्फ चालिने पहिलो पाइलो हो।

यस कोणबाट हेर्दा निश्चय नै वर्तमान सरकारमा स्वेच्छाचारिताप्रति झुकाव देखिन थालेको अस्वीकार गर्न सकिँदैन। सरकारलाई संविधानले सुनिश्चित गरेको नागरिकको अभिव्यक्ति स्वतन्त्रता मन नपरिरहेको देखिन थालेको छ। जस्तै- सरकारी स्वामित्वको नेपाल टेलिभिजनको एउटा प्रत्यक्ष वार्तामा प्रश्न सोधेकै निहुँमा कार्यक्रम नै बन्द गराइयो। त्यस्तै मान्छे मन नपर्दा होस् अथवा राजनीतिक विचार नमिल्दा राज्यका जिम्मेवार पक्षबाटै नानाथरी आक्षेप र आरोप लगाउने क्रिया र कर्म प्रारम्भ भएको छ, यी भनेका स्वतन्त्र अभिव्यक्तिको पक्षधर पत्रकारिता राज्यको आँखामा बिझाउन थालेका लक्षण हुन्।

शासनमा असहिष्णुता देखिएको र यता आएर त्यसको पारो अझ बढ्दो छ। वैशाख अन्तिममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणताका एउटा राजनीतिक दल, विवेकशील साझाको कार्यालयबाट जबर्जस्ती ब्यानर निकालियो। नागरिक आवाजप्रति कटुता र विशेष गरेर २०६२/६३ पछि विरोध प्रदर्शन गरिँदै आएका स्थलहरूमा भेला हुने अधिकारमाथि रोक लगाउन थालिएको छ। आएदिन बोलीवचनमा प्रतिपक्षी दलहरूको अवमूल्यन, प्रतिपक्षको भूमिका नै नभए जस्तोगरी फलानो दल सरकारको सहयोगी हो, प्रतिपक्ष होइन भन्ने धृष्टता त स्वयं प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले नै गरेका छन्। यी राम्रा लक्षण होइनन्।

सार्वजनिक सरोकारप्रति अवहेलना तथा नागरिकले यो बोल्न पाइन्छ, त्यो बोल्न पाइँदैन जस्ता धम्कीपूर्ण भाषाको प्रयोग व्यक्तित्वमा कम्युनिस्ट आचरणको प्रभावका कारण बोल्नै नजानेर गरिँदैछ भने प्रधानमन्त्री आफ्ना मन्त्रीहरूसहित सच्चिनुपर्छ। जहाँसम्म नागरिकले के गर्नुपर्छ, के गर्नु हुँदैन यसको किटानी सरकारले गर्ने होइन, संविधानले दिएको परिधिभित्र बोल्न, हिँडडुल गर्न, स्वउन्नतिका निम्ति कर्म गर्न हरेक नागरिक स्वतन्त्र छ। वैश्विक मान्यता छन्। वाणी स्वतन्त्रता लोकतन्त्रमा अविभाज्य हुन्छ। नागरिकप्रति राज्यको दायित्व उसको निजत्वको सम्मान र सुरक्षा हो। लोकतन्त्रमा सचेत नागरिकको दायित्व सरकारसँग हरमामिलामा होमा हो मिलाउनु होइन। हो, सरकारमा कम्युनिस्ट छन् भन्दैमा अरू सबैले उनीहरूकै आचरण, बोलीवचन पछ्याउनुपर्छ भन्ने हुँदैन। सरकारका सञ्चालकहरूको स्वभाव, भाव र उनीहरूमा जेसुकै वैचारिक प्रभाव परेको होस्, त्यसले लोकतन्त्र प्रदूषित हुनुहुँदैन।

लोकतन्त्रलाई निर्वाचनद्वारा प्राप्त बहुमतीय वैधताकै आधारमा स्वेच्छाचारिताको प्रमाणपत्रका रूपमा बुझ्ने प्रवृत्तिले अचेल निश्चय नै यहाँमात्र होइन, अन्यत्र पनि प्रश्रय पाइरहेको छ। नेपालको त झन् लामो अधिनायकवादी, शासकहरूको स्वेच्छाचारी अतीत छ। त्यसैले लोकतन्त्र आदर्शले, सिद्धान्तले, परिभाषाले जनताकै सर्वोच्चता स्थापित र सुनिश्चित गर्ने पद्धति हो भनिरहँदा के बिर्सन मिल्दैन भने लोकतान्त्रिक वैधता प्राप्त गर्ने व्यक्ति-प्रवृत्तिबाट नै यसले बारम्बार आहत हुनुपरेको छ।

निश्चय नै लोकतन्त्र बुझ्न सरल, सहज छ। संयुक्त राज्य अमेरिकाका १६ औं राष्ट्रपति अब्राहम लिंकनले त्यहाँको गृहयुद्ध (सन् १८६१-६५) अन्त्य गर्दै यसलाई जनताद्वारा, जनताकै लागि र जनताकै शासन पद्धति भनेका थिए। मान्यता हो, जे जनताद्वारा निर्मित हुन्छ, त्यो जनताकै लागि र त्यसमा जनताकै स्वामित्व रहेको हुन्छ। जहाँ लोकतन्त्रका लागि संघर्ष भएको छ, त्यहाँ उनको यो कथन अत्यन्त लोकप्रिय रहेको छ। शाश्वत छ। अध्येता, शोधकर्ताहरूले यसलाई दोहोऱ्याइ-तेहोऱ्याइ उद्धृत गर्ने गर्छन्। समाज विज्ञानको क्षेत्रमा यो कथन समाविष्ट नभएको पाठ्य-पुस्तक बिरलै पाइन्छ। लिंकनको यो कथन सुन्दा, पढ्दा अति मनमोहक लाग्छ। तर अभ्यास के भइरहेको छ, कस्तो भइरहेको छ, यतातिर ध्यान नदिने, अन्वेषण नगर्ने हो भने यी मिठा शब्दहरू किताबमै राम्ररी सुशोभित रहनेछन्। व्यवहारमा उल्टो भइरहे पनि मानिस त्यही पढेर सन्तुष्ट हुन बाध्य भइनै रहनेछन्।

वर्तमान विश्वमा जहाँ-जहाँ लोकतन्त्र छ, ती मुलुकहरूमा यस सरल कथनको के कति पालना भएको छ, अमेरिकामै यस मान्यताको के कस्तो दशा-दुर्दशा भइरहेको छ, पुनः अवलोकन गर्नुपर्ने अवस्था आएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आएदिन लोकतन्त्रका मूल्य पद्धतिसँग अभिन्न रूपमा गाँसिएको मुक्तचेता मानवीय अस्मिता विरुद्ध बोलिरहेका हुन्छन्। उनी लोकतान्त्रिक पद्धतिबाटै विधिवत चुनिएका हुन्, अमेरिकी संविधानको सपथ लिएका छन्, तर व्यवहार एकदमै उद्दण्ड छ, अलोकतान्त्रिक छ। बात-बातमा नश्लीय छन्, मेक्सिकोसित जोडिएको सिमानामा पर्खाल लगाउने योजना सुनाएर निर्वाचित भएका हुन्।

अमेरिका मूलतः युरोपीय आगन्तुकहरूको देश हो, त्यहाँका मूल निवासी त झन्डै मासिइसकेका छन्। ट्रम्प तिनै आगन्तुकका सन्तति हुन्। कहिले पश्चिम एसियाका कतिपय मुलुकका मानिसलाई प्रवेशाज्ञा नदिने फरमान जारी गर्छन्। कहिले आप्रवासीहरू विरुद्ध असभ्य टिप्पणी गर्छन्। अमेरिका भनेर हुरुक्कै हुँदै आफ्नो देश त्याग्नेहरू फर्कुँ कि बसुँ दोधारमा छन्। तिनका आफ्नै देश पनि कहाँ उदार छन् र ? कोही फर्किहाले तिनलाई स्वघोषित रैथानेहरूले आत्मा नै चिथोर्नेगरी खेदो खन्छन्। जतातातै स्थानीयता, क्षेत्रीयता, जातीयता, साम्प्रदायिकता जस्ता ससाना घेराहरूले लोकतन्त्रको गला निमोठिरहेका छन्।

लोकतन्त्र मुक्तचेता, स्वतन्त्रताको संवाहक हो भन्दाभन्दै कतै मानव जाति यसको मर्मप्रति रत्तिभर संवेदना नभएका निर्वाचित तानाशाहहरूको हैकममा जकडिइरहेको छैन ? यसबारे गम्भीर मन्थन गर्नुपर्ने भएको छ। नजिकै भारतमा पनि अचेल यही चिन्ता बढ्दो छ। भारत गणराज्यको स्थापना अत्यन्त उदारचेता व्यक्तिहरूबाट भएको थियो। स्वातन्त्र्य त्यसको मूलमन्त्र थियो, यहाँसम्म कि केही पहिलासम्म नागरिकता जनाउने कुनै लिखत पनि हुन्छ भन्ने धेरैलाई थाहै थिएन। भारत मान्छे चिन्थ्यो। भारतको अन्तर-चेतनाले मान्छे सबै उस्तै त हुन् भन्थ्यो। भारतका सरहद मान्छेका लागि खुला थिए। नागरिक त बसेपछि हुन्थ्यो, नबनी पनि बस्न पाउँथ्यो। लाखौं नेपाली, पाकिस्तानी, बर्मी, थाई, यहाँसम्म कि त्यहाँ चिनियाँहरू पनि बिना कुनै लिखत बसेका थिए। तर आज भारत त्यस्तो छैन, न त्यहाँको शासन नै त्यति उदार छ। उदारचरिता नाम वसुधैव कुटुम्बकम् भन्छन् भन्नलाई तर व्यवहार दिनानुदिन संकीर्ण बन्दै गएको छ।

निर्वाचन निश्चय नै लोकतन्त्रमा अविभाज्य हुन्छ, शासनमा प्रतिनिधित्वका लागि यसको विकल्प छैन। तर जनताद्वारा निर्मित शासन प्रणालीले जनताकै सर्वोपरि हितमा काम गरिरहेको छ कि प्रणाली सञ्चालन गर्ने जिम्मा पाएका यसका प्रतिनिधिले आफ्नो धनतृष्णा, कामतृष्णा, ऐश्वर्य तृष्णाको परिपूर्ति गरिरहेका छन् ? यस प्रश्नमाथि गम्भीरतापूर्वक मनन नगरी फ्याट्ट जवाफ दिनु उचित हुने छैन। लोकतन्त्र यदि व्यवहारमा शब्दानुचित अनुदित भइदिएन भने यसका उपदेष्टाहरूलाई बडो कष्ट, अत्यन्त अकथ्य, अथाह असह्य पीडा हुन्छ। जनता कुशासनमा फँस्न पुग्छन्। प्रतिनिधिमार्फत चल्ने लोकतन्त्रमा लोकतन्त्र प्राप्तिका लागि मरिमेट्ने कमैमात्र, त्यो पनि झुक्किएर मात्र शासनमा पुग्छन्। ल्याउने अरू नै, अध्येता अरू नै, मर्मज्ञ पाखा पर्छन्। पुग्ने प्रायशः मध्यम र कतिपय निम्न कोटी हुन्छन्। किनभने प्रतिनिधि छान्ने जुन निर्वाचन प्रणाली प्रचलित छ, यसले गुण र गणितबीच तादात्म्य स्थापित नगरिरहेको परिलक्षियत भइरहेको छ।

लोकतन्त्रमा आदर्शतः मतदाताले गुणवत्ताका आधारमा आफ्ना प्रतिनिधि चुन्ने हो। तर यो आदर्शलाई विस्तारै लोभ र लाभले विस्थापित गर्दै गएको छ। यसको यथार्थ उत्तरका लागि आज दूर, सुदूर देशका दृष्टान्तको खोजी गरिरहनु आवश्यक छैन, प्रमाणहरू समिपै र प्रत्यक्ष छन्। आएदिन देखिन्छ ऐन, नियम, बनाउन अर्थात् राज्य व्यवस्थापनका लागि चुनिएका अधिकांश प्रतिनिधिहरू संसद्मा बसेर घमासान बहस, परामर्श, विमर्श गर्दैनन्, कहाँ अतिरिक्त लाभ पाइन्छ, त्यहाँ लडिबुडी गर्दै भए पनि पुगिरहेका भेटिन्छन्। सांसदहरू आफूखुसी खर्च गर्न पाउनुपर्छ भनेर छुट्टै रकम निकासा गराउन दबाब दिन्छन्। पूर्व राष्ट्रपति, उपराष्ट्रपति तथा निर्वाचित पदाधिकारी र प्रतिनिधिहरू आजन्म अवकाश भत्ता र सुविधाका लागि मरिहत्ते गर्छन्।

अर्थात् गणित जब गुणवत्ताले सिञ्चित हुन छाड्छ, स्वेच्छाचारले त्यहींबाट प्रश्रय पाउँछ। साइनबोर्ड लोकतन्त्रकै राखिए पनि स्वेच्छाचारिता हावी हुन्छ। यहाँ वर्णित प्रवृत्तिले आश्रय पाइरहे, भन्नैपर्छ, अधिनायकवाद आउने आशंका निराधार होइन। किनभने अधिनायकवादको प्रमुख आधार-स्तम्भ नै शासकीय स्वेच्छाचार हो।




शासकीय स्वेच्छाचारिताको आकांक्षा अधिनायकवादतर्फ चालिने पहिलो पाइलो हो।

# 'अधिनायकवाद'को विनिर्माण



लेखनाथ पौडेल

२०४७ सालको लोकतान्त्रिक परिवर्तनपछिका करिब ४ दशकमा पहिलोपटक ठूलो जनअपेक्षा सहित दुई तिहाइको स्थिर सरकार बनेको छ। त्यो जनचाहनालाई सम्बोधन गर्नु यो सरकारको मूल जिम्मेवारी हो। नेपालमा स्थिर सरकार बनाउने अवसर नै नजुरेको पक्कै होइन। नेपाली कांग्रेसले बहुमतको सरकार चलाउने अवसर पाएकै हो, तर गुमायो र देश अस्थिरतामा धकेलियो। तर आज लोकतन्त्र भनेकै कांग्रेस बुझ्नेहरूले, पार्टीका आन्तरिक भेला-बैठकदेखि सबै तहका सदन, सामाजिक सञ्जालदेखि सञ्चार माध्यमहरू, सबैतिर नेकपाको सरकारलाई अधिनायकवाद वा सर्वसत्तावादको आरोप लगाइरहेका छन्।

राज्य सञ्चालन, विकास र लोकतन्त्रका मूल्य-मान्यताहरूमा नेकपाको प्रतिबद्धता जनअनुमोदित भएर बनेको सरकार हो, यो। यसका बाबजुद किन अधिनायकवाद आरोप लाग्दैछ ? निर्वाचन स्वीकार्य तर नतिजा अस्वीकार्य, आफू जित्दा लोकतन्त्र, अरू जित्दा अधिनायकवाद। सरकारमा अरूलाई देख्नै नसक्ने, वैचारिक भिन्नतालाई स्वीकार्नै नसक्ने, तर अब्बल लोकतान्त्रिक ठान्ने ? फरक व्यक्ति तर एउटै भाष्य, एकै खालको लेखन विधि र शैली, अनेकन दृष्टान्त र तुलना तर सुसंगति छैन। जसले सजिलै भ्रमपूर्ण आमधारणाको विन्यास होस्। यो विचार-शृंखलाको परिचित स्वरूप, उद्देश्य र संगठित राजनीतिक अभिप्राय छ। समाज तरंगित हुनेगरी यो प्रतिध्वनिको पुनरावृत्तिको प्रयत्न भइरहेको छ, मानौं कि यो नै शाश्वत सत्य हो। यसरी नै संकथनको विन्यास हुन्छ। तर संकथनले आफू अनुकूल भ्रमको वास्तविकता निर्माण गर्ने यो प्रयास खतरनाक छ। त्यसैले यो संकथनको सैद्धान्तिक विनिर्माण गर्न जरुरी छ।

यो संकथनको जग बलियो छैन। किन 'अधिनायकवादी' त भन्दा केही विभागलाई प्रधानमन्त्री कार्यालयमा सारियो, टेलिभिजनको कार्यक्रम बन्द गरियो, सभामुख/उपसभामुखमध्ये १ पद छाडेनन्, ३३ प्रतिशत महिला सहभागिता भएन, बजेटको विरोधमा आएका सांसदका स्वर नियन्त्रण गरियो, अमूक नेताले प्रत्यक्ष निर्वाचित राष्ट्रपति भन्यो। यत्तिकैमा 'अधिनायकवाद' आउने भए, कांग्रेसले चलाएको करिब ३ दशक लामो शासनलाई के भन्ने ? अनि प्रश्न उठ्छ, नेपालमा लोकतन्त्र कहिले थियो ?

भनिएका संरचनाहरू प्रधानमन्त्री कार्यालयमा सार्ने सुरक्षा सुधार आयोगले एक दशकअघि नै दिएको प्रतिवेदनको कार्यान्वयन हो। जुन अस्थिरताका कारणले हुनसकेको थिएन। लोकतन्त्रमा कुनै मन्त्रीलाई प्रश्न सोधेकै भरमा, कार्यक्रमनै बन्द गर्नु अक्षम्य छ। त्यसलाई नत मन्त्रीले होइन, अमूक अधिकारीले बन्द गऱ्यो भन्ने औपचारिकताले छोप्न मिल्छ, न प्रश्न मिलाएर सोध्नुपर्छ भनेर प्रश्नमा अंकुश नै लगाउन मिल्छ। यो घटनाले प्रेस स्वतन्त्रताको प्रतिबद्धतामा आँच पुऱ्याएको पक्कै छ। तर विगत योभन्दा खराब छैन र ? पक्कै एउटा खराबले अर्को खराबलाई पुष्टि गर्दैन। जिम्मेवारीमा बस्नेले आफ्नो उत्तरदायित्व बहन गर्ने सामर्थ्य राख्नुपर्छ, गरेका काममा पारदर्शी र जवाफदेही बन्नैपर्छ, अन्यथा आफू गल्ती गर्दै जाने अनि प्रश्न पनि सुन्न नसक्ने चरित्र निरङ्कुशताको अभिलाशा नै हो। जसलाई प्रतिकार गर्नैपर्छ। रह्यो कुरा समावेशिता र आन्तरिक बहसको। नवगठित पार्टीले विगतको एमालेको अभ्यासलाई आत्मसात गर्दैछ, जहाँ आलोचनात्मक चेत, लोकतान्त्रिक विधि र सामुहिक नेतृत्वको अभ्यास छ, सापेक्षतामा। संघीयताको मर्मको कार्यान्वयन, समावेशिताको, बजेटमा असमानताका विषयमा पार्टीभित्रै संघर्ष छ। जुन लोकतन्त्रको जिम्मा लिएकाहरूले पनि सिक्नलायक छ। थप, कांग्रेस आफैमा कति समावेशी र लोकतान्त्रिक छ ?

यसको अर्थ अहिलेको सरकारले जे गरेको छ, सबै ठिक वा सबै बेठिक भन्ने होइन। सरकार बनेको यो अवधिमा केही सकारात्मक थालनी भएकै छन्। वैदेशिक रोजगार, नागरिक उड्डयन, निर्माण र यातायातका क्षेत्रमा रहेको बेथितिको नियन्त्रणको पहल, वैदेशिक सम्बन्धमा सन्तुलन र निर्भरताको विविधीकरणको प्रयत्न सराहनालायक छन्। भलै नतिजा के होला, केही समय अवश्य कुर्नैपर्छ। सँगै उठाउनुपर्ने थुप्रै सवाल पनि छन्। बढ्दो महँगीको मार, समृद्धिको बहस पूर्वाधारमुखी भयो, जनजीविका छोएन, प्रश्न गर्न सकिन्छ। दाइजो, छाउ, बोक्सीजस्ता गलत परम्परा तोडेर प्रगतिशील समाज बनाउनेहरू नै दाइजोमा सम्पत्ति देखाउने ढोंगी हुन्, समाजवादी होइनन् भन्न सकिन्छ। जनताको समृद्धिको कल्पना सवाल्टर्नहरूको समावेशीबिना सम्भव छैन, आलोचना गर्नुपर्छ। निजी स्वार्थको जहाज चढेर समृद्धिको लागि चाहिने सबल राज्य पनि बन्दैन। यो त लुट पुँजीवाद भयो, खबरदारी गर्नुपर्छ। बजेटले विगतकै बाटो र मन्त्रीमुखी पञ्चायत-कांग्रेस शैलीलाई पछ्यायो, प्रहार गर्नुपर्छ। बेरोजगारी, बेथिति, असमानता, निसासिँदो धुलो, अत्यासलाग्दो हिलोजस्ता जनसरोकारका विषय कैयौं छन्। तर यस्ता विषयले छुँदैन, एकोहोरो अधिनायकवाद भनिरहेको छ, एउटा वर्ग-समूह। पक्कै जनजीविकाका सवालहरू उठाउँदा, बेथितिका विषयमा बोल्दा त्यो वर्ग-समूहलाई विगतको बोझले थिच्छ। तर त्यतिमा मात्र सीमित छैन, अधिनायकवादको संकथनको रहस्य, सुदूर गहिराइमा खोज्नुपर्छ। यसको निश्चित वर्गीय स्वार्थ र विधि छ, निश्चित आधार र अधिरचनाहरू छन्, शक्ति सम्बन्धहरू र शक्ति संरचनाहरू छन्। र राज्यको प्रकृति र त्यसमाथिको बर्चस्वको संघर्षसँग जोडिएको छ।

राज्यसत्ता निश्चित आर्थिक-सामाजिक सम्बन्धहरूमा अढेको शक्ति सम्बन्ध र शक्ति संरचनाहरूको गतिशील समुच्च हो। यो अधिरचनाको आर्थिक-सामाजिक आधारसँग पनि गतिशील र द्वन्द्वात्मक सम्बन्ध हुन्छ। त्यसैले राज्यसत्ता माथिको बर्चस्व नै शासनको मूल आधार हो। राज्यसत्ता केवल राजनीतिक सत्तामात्र होइन, त्योसँग जोडिएको सामाजिक-सांस्कृतिक सत्ता पनि हो। हिंसा र शासनको एकाधिकार निहित रहेको राजनीतिक सत्ताको नियन्त्रण सरकारले गर्छ। तर आचारविचार, शिक्षा, ज्ञान, संस्कृतिको उत्पादन सामाजिक-सांस्कृतिक सत्ताले गर्छन्। सञ्चार माध्यम, शिक्षालय, कलाकौशल आदि त्यही सामाजिक-सांस्कृतिक सत्ताका हिस्सा हुन्। सांस्कृतिक उत्पादनमा एकाधिकार जमाएका पत्रकार, लेखक, प्राज्ञ आदि त्यो सत्ताका सञ्चालक हुन्। सत्तामाथिको बर्चस्व, हैकम र अनुपालन र सहमतिको संयोजनकारी गतिशील प्रक्रिया हो। जसमा राजनीतिक सत्ताले हैकमको अभ्यास गर्छ भने अनुपालन र सहमतिको निर्माण सामाजिक-सांस्कृतिक सत्ता अर्थात बौद्धिकहरूले गर्छन्। र यी दुबैले एकअर्काको सेवा गर्छन्। यही संघर्षमा हैकम गुमाएको वर्ग समूहले सामाजिक-सांस्कृतिक सत्तामा स्थापित उसको एकाधिकारको बलमा गुमेको सत्ता फर्काउने कोसिस गर्छ। तर हैकमभन्दा अनुपालन र सहमतिको जरा समाजका नसा-नसामा गाडिएको हुन्छ। समाजमा रहेका विभिन्न वर्ग-समूहहरूबीच सत्तामाथिको बर्चस्व जोगाउन वा प्रतिबर्चस्व स्थापित गर्न निरन्तर संघर्ष भइरहन्छ। यही संघर्षमा हैकम गुमाएको वर्ग-समूहले सामाजिक-सांस्कृतिक सत्तामा स्थापित उसको एकाधिकारका बलमा गुमेको सत्ता फर्काउने कोसिस गर्छ। यो नै बर्चस्वका लागि हुने शक्ति संघर्षको निरन्तर प्रक्रिया हो।

**आलोचना र बहसलाई नियन्त्रण गर्ने होइन, सामना गर्न सक्नुपर्छ, त्यो चाहे पार्टीभित्र होस् वा बाहिर।**

कांग्रेस नेतृत्वको करिब २ दशक लामो राज्यसत्ता माथिको नवउदारवादी बर्चस्व संकटमा परेको छ। बर्चस्व-प्रतिबर्चस्वको संघर्षमा, त्यो वर्ग-समूहले कम्तीमा ५ वर्षका लागि राजनीतिक सत्ता गुमाएको छ। तर त्योसँग जोडिएको सामाजिक-सांस्कृतिक सत्तामा नवउदारवादी बौद्धिकहरूको एकाधिकार कायमै छ। आम जनजीविकाका विषयहरूले ती बौद्धिकहरूलाई नछुनु स्वाभाविक छ। किनकि उनीहरू शक्ति सम्बन्ध र शक्ति संरचनाहरूमा पैठ जमाएर बसेका सत्तासिनहरू हुन्। उनीहरूको धेय गुमेको हैकमको पुनः प्राप्ति हो। त्यसैका लागि हो, 'अधिनायकवाद'को संकथन। यो संकथनले आम जनजीविकाका महत्त्वपूर्ण सवालबाट ध्यान हटाएर एउटा यस्तो भ्रमको वास्तविकता निर्माण गर्न अग्रसर छ, जसले आफ्नो कलंकित विगत बिर्साएर जनमानसमा 'अधिनायकवाद'को त्रासदी फैलाओस्। त्यही त्रासको भरमा सामाजिक-सांस्कृतिक सत्तामा रहेको उसको एकाधिकार-नवउदारवादी अनुपालन र सहमति जोगाइराख्ने र हैकम जमाउने संघर्षलाई संगठित गर्ने प्रयास हो, यो। अर्थात सम्भ्रान्तहरूले हैकमको पुनः प्राप्तिका लागि संगठित गर्न खोजेको शक्ति संघर्षको वैचारिक पहलु हो।

परिचित रणनीति, भाष्य, शैली र स्वरूप छ। लोकतान्त्रिक विधिबाट निर्वाचित समाजवादी पार्टीहरूले विश्वव्यापी रूपमा भोग्दै आएको नवउदारवादी निषेधको पुनरावृत्ति हो। डिलेजिटिमाइजेसन'को प्रयास हो, 'अधिनायकवाद'को संकथन। तसर्थ अनौठो हुने छैन, यदि कुनै अन्तर्राष्ट्रिय शक्तिले केही समयभित्र यस्तै आशयको अभिव्यक्ति दिएमा। किनकि यो संकथनका प्रवक्ता उनीहरूसँग जोडिएकै छन्। आफ्नो दलिल पुष्टि गर्नका लागि ट्रम्प, मोदी, नितो (मेक्सीकन राष्ट्रपति) आदिको उदाहरण दिएर होस् वा विख्यात नवउदारवादी प्राज्ञहरूको उद्धरण गरेर विश्वासिलो बनाउने शैली प्रयोग गरिएको छ। र कतै भनिएको छ, मार्क्सवाद- गरिब उत्पादन गर्ने, यान्त्रिक, समय सकिएको आदि त कतै सरकारले देखाउन खोजेको समृद्धिको आशाप्रति खनिँदैछ। मार्क्सवाद नबुझी बनाइएका यस्ता धारणाका सवालमा अलग्गै बहस गरौंला। समृद्धि जनपक्षीय भयो कि भएन, बहस हुनुपर्छ। तर सधैंको अस्थिरता, अराजकता र निराशाबाट मुक्त गरेर आम नागरिकलाई आशा देखाउनु पनि त सरकारको जिम्मेवारी हो। यसर्थ पनि जनतामा देखाएको आशालाई 'अधिनायकवाद'को त्रास फैलाएर 'डिलेजिटिमाइज' गर्ने प्रयास गलत हो। जुन निराशाको सामाजिक मनोविज्ञान निर्माण गरेर सरकार विरोधी-नवउदारवादी अनुपालन र सहमति वा आमधारणा बनाउने लक्ष्यले अभिप्रेरित छ। जुन सामाजिक-सांस्कृतिक सत्ताले चलाएको शक्ति संघर्षको प्रकटीकरण हो।

के तुलनायोग्य छन् त ट्रम्प, मोदी, नितो लगायतका दृष्टान्तहरू ? पक्कै छैनन्। मानवशास्त्र/समाजशास्त्र, राजनीतिशास्त्रको आधारभूत ज्ञान हुनेहरूले पनि बुझ्ने कुरा हो, फरक इतिहास, संस्कृति, भुराजनीतिक अवस्थिति, आर्थिक-सामारिक सामर्थ्य रहेका मुलुक र समाज बीचको तुलना सम्भव छैन। अझ विषयका ज्ञाताहरूले त बुझ्नुपर्ने हो, कहींका घटनामा आधारित यस्ता व्याख्यानका नजरबाट नेपाललाई बुझ्ने तुलनाको विधि ज्ञान पद्धतिमा रहेको औपनिवेशिकता हो। त्यसैले यहाँ-उहाँका उदाहरण र उद्धरणका सहारामा पुष्टि गर्न खोजिएको 'अधिनायकवाद', उद्देश्यपूर्ण छ। थप तात्त्विक आधारबिना संकथनका भरमा भ्रमको वास्तविकता निर्माण गर्ने प्रयत्न हो, सामाजिक-सांस्कृतिक सत्तामा प्रभुत्व जमाएका बौद्धिकहरूको। यसको संगठित प्रतिवाद आवश्यक छ। जसका लागि सरकारले रूपान्तरणकारी कार्यभार पुरा गरेर आफूलाई सावित गर्नुपर्छ भने आलोचनात्मक चेत भएको पङ्क्तिले बहसमा श्रेष्ठता सावित गर्नुपर्छ, सामाजिक-सांस्कृतिक सत्तामा रहेको नवउदारवादी एकाधिकार तोड्न। तर मौलाउँदै गरेको आलोचना सुन्नै नचाहने, जवाफदेही र पारदर्शी बन्नै नखोज्ने, दाइजोमा सम्पत्ति देखाउने जस्ता प्रवृत्तिहरूले स्वेच्छाचारिता, रुढिवाद र भ्रष्टाचारी विगतको बदलिएको अनुहारमात्र बन्ने पो हो कि भन्ने खतरा भने कम छैन। त्यसबाट मुक्त हुनसकेन भने यो सरकार नत रूपान्तरणकारी कार्यभार पुरा गर्न सक्छ, न यो शक्ति संघर्षमा आफूलाई खरो उतार्न सक्छ। अझ सामाजिक-सांस्कृतिक सत्ताले चलाएको वैचारिक संघर्षमा त झन् संगठित आलोचनात्मक पहलकदमीको आवश्यकता पर्छ। जुन अन्धसमर्थनको मानसिकताबाट सम्भव छैन।

नवउदारवादी सामाजिक-सांस्कृतिक सत्ताले 'अधिनायकवाद'को संकथन निर्माण गर्न सफल भयो भने यो सरकार घेराबन्दीमा पर्छ। अनि रूपान्तरणको युगिन जिम्मेवारी पुरा गर्न सक्दैन। अनि अनुपालन र सहमतिको सहारामा नवउदारवादी हैकम फेरि बौराउनेछ। त्यो अवस्थामा केवल यो सरकारमात्र असफल बन्दैन, सिंगो नेपाली समाजवादी आन्दोलन नै खतरामा पर्छ। त्यसैले आलोचना र बहसलाई नियन्त्रण गर्ने होइन, सामना गर्न सक्नुपर्छ, त्यो चाहे पार्टीभित्र होस् वा बाहिर। यो बर्चस्व-प्रतिबर्चस्वको शक्ति संघर्षमा जनतालाई सुसूचित गर्न र समाजवादी र प्रगतिशीलहरूको मोर्चा बलियो बनाउन पनि खुल्ला बहस जरुरी छ।

# बेरुजु, भ्रष्टाचार र वित्तीय अनुशासन



महेश पौड्याल

भ्रष्टाचार र बेरुजु नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्दै लोकतन्त्रका लाभ जनतासम्म पुऱ्याउने वातावरणको सिर्जना गर्न महालेखा परीक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ। महालेखा परीक्षक ५९ वर्षदेखि यो कार्यमा निरन्तर छ र शुक्रबारदेखि ६० वर्षमा प्रवेशमा गरेको छ। यो अवधि आइपुग्दासम्म महालेखा परीक्षक ५५ औं वार्षिक प्रतिवेदन सार्वजनिक गरिसकेको छ। जसमा सरकारी रकममा कारबाही गरी टुङ्गो लगाउनुपर्ने बेरुजु रकम ५ खर्ब ८ करोड रुपैयाँ पुगेको छ। त्यसमा बजेट अनुशासन, खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, जिम्मेवारी र जवाफदेहिता, आन्तरिक नियन्त्रण, राजस्व प्रशासन, संस्थान सञ्चालन र सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्या उजागरमात्र गरेको छैन कि सुधारका लागि निकायका निम्ति ध्यानाकर्षण समेत गराएको छ।

महालेखा परीक्षकले केही गम्भीर र भ्रष्टाचारजन्य आर्थिक क्रियाकलाप हुनसक्ने क्षेत्र पहिचान गरी सरोकारवाला निकायबाट थप छानबिन गर्नुपर्ने उल्लेख गरेको छ। जसमा मुख्यगरी वर्षान्तको खर्च, स्रोत सुनिश्चितताको आधारमा भएको खर्च, मूल्य अभिवृद्धि करको संकलन र फिर्ताको व्यवस्था, न्यून भन्सार बिजकीकरण, सुन तथा बहुमूल्य धातुको अवैध र गैर-बैंकिङ च्यानलमार्फत हुने कारोबार, राजस्व संकलनमा चुहावट छन्। त्यस अतिरिक्त सार्वजनिक खर्चमा भएको अनियमितता, सार्वजनिक सम्पत्तिको अतिक्रमण, वस्तु वा सेवामा एकाधिकार, सार्वजनिक निर्माण र सेवा प्रवाहको गुणस्तर लगायतका विषय समावेश छन्।

महालेखा परीक्षकले लेखापरीक्षण मार्फत सरकारका नीति तथा कार्यक्रमको कार्यान्वयन र कानुन पालनाको स्थिति, आर्थिक अनुशासन, राजस्व चुहावटमा नियन्त्रण, सार्वजनिक खर्चको अधिकतम उपयोग, सेवा प्रभावमा सुधार, जवाफदेहिता र जिम्मेवारी लगायतका विषयहरूको मूल्यांकन र विश्लेषण गरी आलोचनासहितको प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। यद्यपि प्रत्येक वर्ष प्रतिवेदनमार्फत कमी-कमजोरी उजागर गरेर सुझावसहितको प्रतिवेदन कार्यान्वयन नभएसम्म उद्देश्य हासिल हुन सक्दैन। लेखापरीक्षणबाट उद्घाटित मुद्दाहरू कार्यान्वयन गरिनुपर्छ। संविधान सबै सरकारी कार्यालय, स्थानीय तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने संवैधानिक व्यवस्था छ।

महालेखा परीक्षकको कार्यालयबाट सार्वजनिक निकायको लेखापरीक्षण सम्पन्न गरेपश्चात् प्रारम्भिक, अन्तिम र वार्षिक गरी तीन प्रकारका प्रतिवेदन जारी गरिन्छ। जसमा प्रारम्भिक र अन्तिम प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकाय समक्ष पेस गरिन्छ भने वार्षिक प्रतिवेदन संविधानको धारा २९४ बमोजिम राष्ट्रपति समक्ष पेस हुने व्यवस्था छ। राष्ट्रपति समक्ष पेस भएको वार्षिक प्रतिवेदनउपर संसद्को सार्वजनिक लेखा समितिमा छलफल भई समितिबाट आवश्यक निर्देशन दिनसक्ने व्यवस्था छ। जस अनुसार महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन/नतिजामार्फत संघीय संसद्ले आफूद्वारा स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन र सरकारका समग्र क्रियाकलापबारे संसदीय निगरानी गर्ने संसदीय अभ्यास रहेको छ।

लेखापरीक्षणबाट प्रचलित कानुन विपरीत खर्च गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको जस्ता व्यहोरालाई बेरुजुको रूपमा औंल्याउने गरेकोमा हाल यसको सैद्धान्तिक अवधारणा र क्षेत्रमा व्यापक विस्तार भएको छ। यसका अलावा लेखापरीक्षणको नतिजा र यसमार्फत सुधारको अपेक्षामा समेत सरोकारवालाको चासो बढ्दै गएको देखिन्छ। परिवर्तित अवधारणा अनुसार लेखापरीक्षण मार्फत सार्वजनिक सेवा प्रवाह, सार्वजनिक स्रोत संकलन र उपयोगको अवस्था, आन्तरिक नियन्त्रण, जिम्मेवारी र जवाफदेहिता, वित्तीय अनुशासन लगायत सार्वजनिक निकायबाट सम्पादित समग्र कार्यको मूल्यांकन र विश्लेषण गरी प्रतिवेदनमार्फत सुधारका उपायहरूसमेत सुझाउने गरिन्छ। प्रचलित कानुन बमोजिम बेरुजु फर्स्योट गरी प्राप्त सुझावको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकायका जिम्मेवार पदाधिकारी र लेखाउत्तरदायी अधिकृतमा रहने गर्छ।

**बेरुजु बढ्दै जाँदा आर्थिक अनियमितता र भ्रष्टाचारको मात्रामा वृद्धि हुँदै जान्छ भने कम हुँदा भ्रष्टाचार र अनियमितता न्यूनीकरण हुनगई समग्र आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्छ।**

**» सन्दर्भ : महालेखा परीक्षकको हीरक जयन्ती**

### भ्रष्टाचार

भ्रष्टाचार मूलतः सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले आफ्नो निजी लाभ वा स्वार्थका लागि गर्ने पदको दुरुपयोग हो। बेरुजु र भ्रष्टाचारबीच प्रत्यक्ष र सकारात्मक सम्बन्ध रहेको हुन्छ। बेरुजु बढ्दै जाँदा आर्थिक अनियमितता र भ्रष्टाचारको मात्रामा वृद्धि हुँदै जान्छ भने कम हुँदा भ्रष्टाचार र अनियमितता न्यूनीकरण हुनगई समग्र आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्छ। लेखापरीक्षणका क्रममा कायम भएका बेरुजु सम्बन्धी सबै रकम कलम भ्रष्टाचार होइनन्। बेरुजुमा नियम कानुन विपरीतका खर्च, रकम कलम नमिलेका, बढी भुक्तानी भएका, असुल गर्नुपर्ने, राजस्व अपचलन भएका, प्रमाण कागजात नभएका, पेस्की बाँकी, सोधभर्ना प्राप्त हुन बाँकी लगायतका व्यहोराहरू समावेश गरिन्छ।

लेखापरीक्षणका नतिजामार्फत गम्भीर प्रकृतिका भ्रष्टाचारजन्य क्षेत्रको पहिचान गरी जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउन र वित्तीय अनुशासन कायम गर्न सम्बन्धित तालुक निकायलाई सहयोग पुग्छ भने बेरुजुको प्रकृति र गम्भीरताका आधारमा थप छानबिन गर्न तथा अनुसन्धानको दायरा र क्षेत्र पहिचान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समेत सहयोग पुग्ने देखिन्छ। आयोगको प्रभावकारी भूमिकाले आर्थिक अपचलन र बेरुजु न्यूनीकरणमा सहयोग पुऱ्याउँछ। मुलुकमा वित्तीय अनुशासन कायम गरी सार्वजनिक स्रोतको चुहावटलाई न्यूनीकरण र सार्वजनिक खर्चको अधिकतम उपयोग गरी मुद्राको सार्थकता हासिल गर्ने कार्यमा महालेखा परीक्षकको कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका महत्त्वपूर्ण रहेको छ। त्यसैले यी दुई संवैधानिक निकायबीच सूचना आदान-प्रदान र प्रभावकारी कार्यगत सम्बन्धका लागि एक स्थायी संयन्त्रको विकास गर्न आवश्यक देखिन्छ। यसका अलावा भ्रष्टाचार र अनियमित कार्य नियन्त्रण गर्न सदाचार नीतिको अवलम्बन गर्दै आर्थिक अनुशासन कायम गर्ने विषयमा राष्ट्रिय सदाचार प्रणालीसँग सम्बद्ध निकायको सामूहिक जिम्मेवारी तथा लक्ष्य बनाउनुपर्ने देखिन्छ।

### वित्तीय अनुशासन

सार्वजनिक वित्तीय व्यवहारमा पारदर्शिता, स्वच्छता र मुद्राको सार्थकता हासिल गरी सार्वजनिक प्रशासनमा देखिएका अनियमितता, चुहावट र भ्रष्टाचारलाई नियन्त्रण गरी विकास र अमनचैनको वातावरण सिर्जना गर्न राज्यको सम्पूर्ण निकायको एकीकृत र समन्वयात्मक प्रयास हुनुपर्छ। फलस्वरूप परिवर्तित संघीय स्वरूपको दिगोपना र समृद्धि हासिलको लक्ष्य प्राप्त गर्न मार्गप्रशस्त हुने देखिन्छ।

सरकारले सार्वजनिक खर्च कटौती गरी मितव्ययिता र वित्तीय अनुशासन कायम गर्न २०७५ वैशाख २६ मा 'सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता सम्बन्धी निर्देशिका, २०७५' जारी गरेको छ। सरकारले आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेटले समेत वित्तीय अनुशासनका विषयलाई विशेष जोड दिएको छ। राजस्व संकलनमा कडाइ तथा कर प्रशासनमा सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, मूल्य अभिवृद्धि कर फिर्ताको व्यवस्था खारेज, निर्वाचन क्षेत्र विकास कार्यक्रममा कडाइ, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, मोबिलाइजेसन पेस्की र खरिदका कतिपय प्रावधानहरूमा परिवर्तन लगायतका विषयलाई बजेटले प्राथमिकता दिएको छ। यद्यपि बजेटमार्फत वित्तीय अनुशासन कायम गर्न यसको कार्यान्वयन पक्षमा विशेष ध्यान दिनुपर्छ। जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउन लामो समयदेखि छलफलमा रहेको वित्तीय जवाफदेहिता सम्बन्धी कानुनको तर्जुमा गरी त्यसको कार्यान्वयनमा ल्याउनुपर्छ। त्यसैगरी सरकारका समग्र कार्यप्रक्रिया र कार्यक्रम कार्यान्वयनका सम्बन्धमा संसदीय निगरानीका लागि तोकिए बमोजिम सार्वजनिक लेखा समिति गठन गरी यसको क्षमता र प्रभावकारिता वृद्धि गर्न ध्यान दिनुपर्छ।

लेखापरीक्षणको विश्वसनीयता कायम गर्दै गुणस्तर सुधारमा सुधार हुन आवश्यक छ। यसै सन्दर्भमा वर्तमान महालेखा परीक्षकको नियुक्तिपश्चात् महालेखा परीक्षकको ६ वर्षे कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनमा ल्याइएको छ। जसमा संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता र संस्थागत सम्बन्ध र सञ्चारसँग सम्बन्धित ११० क्रियाकलापहरू समावेश समावेश गरिएको छ। हालका महालेखा परीक्षकको १ वर्षे कार्यावधि पुरा भएको छ। उक्त अवधिमा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई दबाब दिने, तोकिएका पदाधिकारीको बढुवा गर्दा तथा विशेष जिम्मेवारी दिँदा महालेखा परीक्षकको कार्यालयले उपलब्ध गराउने वित्तीय अनुशासन पालनाको स्तर समेतलाई आधार लिने, बेरुजु सिर्जना गर्ने जिम्मेवार पदाधिकारीको नाम र समयावधि प्रतिवेदनमार्फत सार्वजनिक गर्ने, अन्तिम लेखापरीक्षणको गुणस्तर वृद्धि गर्न यसका विभिन्न पक्षलाई सबलीकरण गर्ने जस्ता कार्यहरू सम्पादन गरिएका छन्। यसका अलावा लेखापरीक्षणको पहुँच र प्रभाव अभिवृद्धि गर्न तथा प्रतिवेदन कार्यान्वयनलाई बाध्यकारी बनाउन कानुनी व्यवस्थामा आवश्यक सुधारमा गर्नुपर्छ।

*पौड्याल महालेखा परीक्षकको कार्यालयका निर्देशक हुन्।*

# निर्वस्त्र पारेर कुट्नेलाई ६ महिना कैद

■ दुर्गालाल केसी

दाङ- सार्वजनिक स्थलमा महिलालाई निर्वस्त्र बनाएर कुट्ने २ जनालाई जिल्ला प्रशासनले जनही ६ महिना कैद र २५/२५ हजार रुपैयाँ जरिवाना तोकेको छ। प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठले अर्घाखाँचीको शीतगंगा ९ ठाडोखोलाकी ३९ वर्षीया दिलमाया पुनलाई कुटपिट गर्ने राप्ती गाउँपालिका १ भालुबाङका रेखा गुप्ता र अनिता गुप्तालाई बुधबार उक्त सजाय तोकेका हुन्।

प्रजिअ श्रेष्ठले जनही ७ हजार ८ सय २० रुपैयाँ उपचार खर्च भराउन पनि आदेश दिएका छन्। गुप्ताद्वयले आफूले भनेको मूल्यमा जग्गा बिक्री गर्न नमानेपछि पुनलाई गत जेठ २५ गते भालुबाङमा कपडा च्यातिदिएर कुटेका थिए। घटनाका दिन प्रहरीले सामान्य झगडा भन्दै मिलापत्र गराएर छाडेको थियो। तर, अपमानजनक तरिकाले कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रहरीले उनीहरूलाई घटनाको २ दिनपछि पक्राउ गरेको हो।

पुन गत जेठ २५ गते भालुबाङमा रहेको जग्गा हेर्न अर्घाखाँचीबाट आएकी थिइन्। सधियार गुप्ता परिवारले केही दिअघि पुनकी दिदीको जग्गा किनेको थियो। छेउमा रहेको अर्को जग्गा पनि किन्ने योजनामा गुप्ता परिवार थियो। ५ लाखभन्दा बढी मूल्य पर्ने ७ धुर जग्गा सधियारद्वयले ५० हजारमा बिक्री गर्न पुनलाई दबाब दिएका थिए। पुनले दिदीको जग्गा पनि सस्तोमा किनेको र अहिले आफूलाई पनि कम मूल्यमा बिक्री गर्न दबाब दिएको भनेपछि भनाभन भयो। गुप्ताद्वयले साँधमै रहेको जग्गा बेच्नैपर्ने दबाब दिइरहे। पुन जग्गा नबेच्ने अडानमा रहिन्। त्यसपछि कुटपिट गरेर कायल पार्ने र किनेरै छोड्ने योजनामा गुप्ता परिवार पुग्यो। केहीबेर जग्गा भएकै स्थानमा कुटपिट गरे। पुन भागेपछि लखेट्दै निर्माणाधीन बसपार्कमा छोपेर थप कुटपिट भयो। मुडकी र लात्तीले निरन्तर कुटे। कुटाइकै क्रममा पुनको कुर्ता च्यातेका थिए। पुनले च्यातिएको कुर्ताले लाज छोप्न खोज्दा पनि तानेर च्यातचुत पारी फालिदिएका थिए।

सस्तो मूल्यमा जग्गा बिक्री गर्न नमानेपछि लखेट्दै कुटपिट गरेको पीडितले बताएकी छन्। 'म जग्गा हेर्न आएकी थिएँ। मलाई ५० हजारमा जग्गा दिनुपर्‍यो भने। ५ लाखमा नदिएको जग्गा ५० हजारमा कसरी दिनु भनेर मैले अस्वीकार गरें,' पुनले भनिन्, 'हामीले भनेको नमान्ने ? हाम्रो छेउमा पर्ने जग्गा बेच्नैपर्छ भनेर कुट्न थाले। म भागेर बच्न खोजें। तैपनि, भेटाएर कुटे, कपडा च्यातिदिए। मेरो सार्वजनिक बेइज्जत गरे।' दोषीलाई कारबाहीको आदेश भएपछि न्यायको महसुस भएको पीडितले बताइन्।

# समिति गठन कार्यसूचीबाटै हटाइयो

■ राजेश मिश्र

काठमाडौं- प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले संसदीय समितिमा रहने सदस्यहरूको नाम नदिएपछि बिहीबारको राष्ट्रिय सभा बैठक समिति गठनसम्बन्धी कार्यसूचीमै प्रवेश गर्न सकेन। कार्यसूचीको पहिलो नम्बरमै समितिका सदस्यको मनोनयनको विषय राखिएको थियो। तर, कांग्रेसको असहमतिका कारण अध्यक्षले कार्यसूचीबाट उक्त विषय नै हटाउन लगाए। राष्ट्रिय सभामा ४ वटा विषयगत समिति गठन गर्नुपर्नेछ। जेठ २७ मा राष्ट्रिय सभा नियमावली पारित भएयता राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले समिति गठनका लागि प्रयास गर्दै आएका छन्। कांग्रेसले आफूले पाउने समितिको संख्या स्पष्ट नभएसम्म सदस्यको नाम नदिने अडान लिएको छ।

बिहीबार पनि राष्ट्रिय सभामा कांग्रेसका नेताहरूले समिति गठनमा प्रतिपक्षीको सम्मानजनक उपस्थितिको स्पष्टता नभएसम्म नाम दिन नसकिने अडान लिए। सत्तारूढ दल नेकपाका नेता दीनानाथ शर्माले कांग्रेसले सदस्यको नाम दिन आनाकानी गरेकै कारण समिति गठनमा ढिलाई भइरहेको बताए। 'राष्ट्रिय सभा अध्यक्ष र दलीय रूपमा हामीले पनि प्रयास गर्‍यौं। तर, कांग्रेसले कतिवटा समितिको नेतृत्व पाउने भन्ने विषय स्पष्ट नभएसम्म नाम दिन नसकिने अडान राख्यो,' उनले भने, 'समिति गठनको अवरोध हटाउन प्रधानमन्त्री र कांग्रेसका सभापतिबीच पनि कुरा भइरहेको छ।'

सत्तारूढ दलले प्रतिनिधिसभा, राष्ट्रिय सभा र संयुक्त गरी बन्ने १६ वटा संसदीय समितिमध्ये सार्वजनिक लेखा समितिको नेतृत्व मात्रै प्रतिपक्षी दललाई दिन सकिने मनसाय राखेको छ। कांग्रेसले भने संघीय संसदमा रहेको २३ प्रतिशतको आफ्नो उपस्थितिअनुसारै समितिको नेतृत्वमा भागबन्डा हुनुपर्ने भन्दै आएको छ। राष्ट्रिय सभामा कांग्रेसका नेता सुरेन्द्र पाण्डेले समिति गठनका सन्दर्भमा प्रतिपक्षी दललाई पनि साथै लिएर अघि बढ्ने पहलकदमी सरकारका तर्फबाट नदेखिएको आरोप लगाए। 'संसदभत्रको उपस्थितिअनुसार प्रतिपक्षीलाई समितिको नेतृत्व र स्थान दिइनुपर्छ भन्ने हाम्रो अडान यथावत् राखेका छौं,' उनले भने, 'तर, सरकारका तर्फबाट त्यस सन्दर्भमा कुनै पहलकदमी नहुँदा ढिलाइ भएको हो।'

**चीन भ्रमणबारे जानकारी**

राष्ट्रिय सभाको बिहीबारको बैठकमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले प्रधानमन्त्री केपी ओलीको हालैको चीन भ्रमणबारे जानकारी गराएका थिए। उनले चीन भ्रमणका क्रममा महत्त्वपूर्ण सहमति र सम्झौताहरू भएको बताए। रेल्वे सम्झौता, ऊर्जा पूर्वाधार, रसुवा मितेरी पुल निर्माणजस्ता दीर्घकालीन महत्त्वका सम्झौता भएको उनले उल्लेख गरे। त्यस्तै, कानुनमन्त्री शेरबहादुर तामाङले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन २०७१ लाई संशोधन गर्न तयार पारिएको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गरेका छन्।

# बर्गिकृत विज्ञापन

## घर जग्गा

७.५ आनामा बनेको आकर्षक बंगला भैसेपाटी ९८५१०९४५९७

४ रोपनी आकर्षक जग्गा छम्पी भैसेपाटी टिकाभैरव २०मि. बाटोको नजिक ९८४१२३६१०५

अरनिको हाईवेबाट १.५कि.मी. भातेढिकुरेमा प्रतिआना १०,५०,०००। सिनामंगल भिमसेनगोला, गोठाटार, मुलपानीमा टुक्रा घडेरीहरू भक्तपुर काठमाडौं देखिने सुडाल हाईटमा प्रतिआना ३,२५,०००। सांगामा २०,००,०००। रोपनीको ५०रोपनी, मालपोत पछाडी प्रतिआना १०,००,०००। ९८४१७८४७५०, ९८४०२६१६२३, ९८५११५१६८५

९ आना जग्गा १००मि. मोहडा फास्टट्र्याक खोकना जोडिएको ९८५१०९४५९७

१९ आना आकर्षक जग्गा भैसेपाटी बिगमार्ट नजिकै ९८४१२३६१०५

डुकुछाप ललितपुरमा ५ रोपनी र २६ आना जग्गा नयां बन्नलागेको फास्टट्र्याक बसपार्क नजिकै ९८५१०९४५९७

जयबागेश्वरीमा ५ आना भक्तपुर ठिमीमा ६ आना 9802057135

ललितपुर धापाखेलमा २.५ तल्ला घर, इमाडोलमा, गोदामचौरमा टुक्रा घडेरीहरू , ९८५११९९८२६

इमाडोलको एकतल्ले घर बिक्रीमा 9849222989

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

एकदम लीनेले मात्र घरजग्गा ९८६० ९३४८६४

गोदामचौर हाईटमा काठमाडौं छर्लङ्गदेखिने टुक्राजग्गा विक्रिमा 9863687193

हात्तिवनमा नयाघर ९८५१२०४६१२,९८०८७६२५९८, ९८४१२३३२७२

तिनकुने सुविधानगरमा ०-८-२-३, त्रिपुरेश्वरमा कमर्सियल ०-३-३-२, 9851027364

बौद्ध नगरबिकास प्लानिङ्गमा चारतले घरबिक्रिमा 9841567917

चापागाउँ बसपार्कनीर 0-6-0आना जग्गाबिक्रीमा मूल्य 22,50,000/- 9841663276

इमाडोल गाविस नजिक ९० देखि ९९ लाखसम्मका घरहरू ९८४१०३२९३२

बुढानिलकण्ठ VIP लोकेशनमा ०-७-२-० आनाबिक्रीमा आनाको २४,००,०००। डाइरेक्ट ९८४१८९०२६१, ९८४११२९३७२

कमेरेटार भाटभटेनी नजिक ०-४-०-०जग्गा बिक्रिमा ९८५११३०४९०

लुभु हाइवे नजिकै घडेरी 9849688214

सितापाईला पदमाकोल्नी नजिकै पाकिङ्गहितको नयाघर तुविक्रिमा 15700000 माइली 9864264137 9849556301

भरतपुर महानगरपालिका-२, आंपटारीको प्लट मिलेको साढे दुई कठ्ठा जग्गा पुरानो घर सहित विक्रीमा सम्पर्क: ९८४००५४२०८(शर्मिला)

ललितपुर टुटेपानीमा ०-५-२-० मा बनेको २ तल्ले फ्ल्याट सिस्टमको पक्कीघर रु. २,२०,००,०००। संपर्क ९८५११८२४६५

घरजग्गा खरिदविक्रिमा भाडामा लिनदिने 9851040807 realestatemanakamana@gmail.com

कोटेश्वरचोक नीजकै ०-४-०-० बिक्रीमा ९८४९२५६६३४

धुम्बराही मण्डीखटार रामदेव आश्रम नजिक पाँचआनामा बनेको १तल्लेघर विक्रीमा 1,55,00000/- 9851156566

कलेश्वर आवासमा ०-९-०-० बिक्रीमा ९८०३३९५६०३

ईमाडोल शितलहाइटको २.५तल्ले घर ९८५१०६२१८२

हरिसिद्धी ठैबमा प्लतिङ्ग-जग्गा ९८२३४०६०६९,९८४१५८३१८६

ईमाडोल कृष्णमन्दिर पछाडी गोरेटोमा तिनआनामा बनेकोघर छयत्तरलाखमा 9843728286

ईमाटोल, कोजीहोममा ५ आनामाबनेको घर २,५०,००,०००। ९८६१६९२१२७

दहचोकमा सुविधा सम्पन्न घडेरीहरू 9851037413

बालाजु लोलाङ्को ४ आना जग्गा तु. बिक्रीमा 9851121204

गोठाटारमा नयां मापदण्डको ३आनामा २.५तल्ले घर ९८५१०१९७४९

घट्टेकुलोमा ०-५-०-०, कालीमाटीमा ०-५-०-० घर, 9803040106

बागबजार शब्दमार्गमा फ्ल्याट भाडामा ९८४१९८८८८८

चितवन रत्ननगर नगरपालिका कृष्णमन्दिर नजिकै घडेरी बिक्रीमा 9823028571

ईमाडोलमा एकतल्ले घर विक्रीमा ८५,००,०००/- ९८५१०७८६५३

टिकाथली बुद्ध पार्टीप्यालेससागै ०-३-०-० मा बनेको १३ फिटबाटो भएको २.५ तल्लाको घर बिक्रिमा १,४५,००,०००।–, ९८४१८५१७०२, ९८६०५१९२०३

कुलेश्वरमा घरजग्गा खरिदबिक्रि ९८१३९०३२९२, ९८०८३९७७०५

व्यापारीक प्रयोजनकोलागि आर्कषकभाडा आउने पिंगलास्थानको छसटर, ३७ एटेजबाथरुम भएको घरविक्रिमा 9840785443

भक्तपुर कटुञ्जेमा तिनआना बनेको सस्तोघर साथै पाँचआना जग्गाविक्रिमा 9840380620

ललितपुर ब्रजवाराहीमा छ आनाजग्गा एकदमसस्तोमा फाईनान्सको सुविधाभएको 9813357351, 9840380620

हात्तिगौंडा ओखलगाउंमा ०-५-०-० माबनेको दुईतल्लेघर तुरुन्तबिक्रीमा मुल्य 1,35,00,000/- मात्र 9860193128

बालाजु बाइपासनजिक गोलढुंगाहाइटमा भुकम्पपछिबनेको आधुनिक चारआनामा बनेको २ तलेघर बिक्रीमा मुल्यरु १४५००००० दलालले कस्टनगर्नुहोला ९८१०३१८२९०

चपली भंगालमा ०-४-२-२ बिक्रीमा सिधासम्पर्क 9808773696

सिराहा जिल्लाको महेन्द्रराजमार्ग १कित्ता पछाडि २विगाहा भन्दाबढीको जग्गाविक्रिमा 9818102246

मैतिदेवीमा ३.५ तल्ले घर 9803150819

२-०-०-० जग्गा वार्डभन्ज्याङ हाईवे नजिकै तुरुन्ते लिनेलाई भारी छुट ९८४१६०१८९४

आश्राङ्को ४०–८–०–० बाखा पाल्न ५५३६१९६

गोंगबु रिङरोडबाट ३००मि.भित्र बिसफिटको पिचबाटोमा ०-१२-०-० माबनेको तिनतल्ला ४०कोठाको घरबिक्रीमा मुल्य 7,65,00,000/- हरिओम रियलस्टेट 9849897245, 9823582607

भंगालमा मापदण्डको दुईतला १,३५,००,०००/-, ९८४१९३५६०३

नैकाप तीनथानामा २.५ तल्ले ६ आनामा बनेको घर तुरुन्त बिक्रीमा, रु.१,२०,००,०००/-, 9841846967

कौशलटार चोकबाट दुईसयमिटर दक्षिणमा आकर्षक ०-१४-०-० घडेरी बिक्रीमा ९८५११९५०३०

**बुढानिलकण्ठ हाईटमा २ रोपनीको प्लट विक्रीमा 9851032725**

बालाजु जरंकुपुल नजिकै बिसफिट बाटोमा ०-३-२-३, रु.३८,००,०००/- ९८६९०८७६६८

बुढानिलकण्ठ (घुम्ती) मेनरोडको ३ तल्ले ब्यापारिक प्रयोजनलाई उपयुक्त घर विक्रीमा 9851060343

ललितपुर नखिपोटमा आकर्षक घर ९८४०१५३९७५

भरतपुर महानगरपालिकाको कल्याणपुरमा सम्पुर्णपुर्वाधार भएको आवासिय १५धूर घडेरीबिक्रिमा ९८५२६८१६३९

ललितपुरको दमाईटार, विष्टछाप, बडिखेलमा टुक्राजग्गा विक्रिमा 9819983940

वालकोटमा आनाको पच्चिसलाख पाँचआना 9851200620

थानकोटमा ०-९-१-० ०-६-१-० स्वयबुमा ०-२७-०-० 9841251358

बानेश्वरमा ०-४४-०-०, ०-३८-२-० जग्गाविक्रीमा ९८५११००८६३, ९८६३६४५५५६

भक्तपुर नलिनचोकमा अरनिको हाइवे ४००मिटर भित्र ७आना जग्गा बिक्रिमा टुक्रा पारेर पनि दिनमिल्ने ९८५१०५९८०१

**गठ्ठाघरमा ७.५आना एकमुस्ठ १करोड ६०लाख ९८५१०३२०५६**

इमाडोलमा १तल्ला घरबिक्रिमा १,१५,००,०००/- ९८५१०३९६२२

सतुङ्गल गुर्जुधारा हाईवेनजिक नयाघर बिक्रिमा ९८४३६३५४९२

पोखरा सारांकोटबाटो ग्यारजातीको १६-०-०-० जग्गा प्रतिआना-५५०००० ९८१८३३५८५०

**रिंगरोडसानेपा कमर्सियल २-३-०-० जग्गाविक्रिमा ९८५१०३३९९२**

**सुनाकोथी सिभिलहोममा घरैमाबसि कामगर्ने ३५-५० वर्षकोमहिला चाहियो ९८४३६०८७९५**

लुभु यती आवास गेट भित्र १ तल्ले घर बिक्रीमा ९८०३००४९५१

**टोखा नगरपालिका झोरमहांकाल वडाकार्यालय नजिक टुक्राजग्गा प्रतिआना 7,50,000/-** 9803561317, 9860123539

## सवारी साधन

Grand I10 2014 7000km running 9801049600

Hyundai Santro Rs.2,50,000/- Full Option 2002, 9840050326, 4226158

Maruti Alto Rs.250,000/-, A/C, Power setting, Power window, 9840050326, 4226418

Kia Prizieo Van Rs.8,50,000/- Full Option 2004, 9801052301, 4226158

Mitsubishi Lancer Car RS.300,000/- Full Option 2004 9840050327, 4226158

Hyundai Grand i10 Magna- 2016, full Option Rs.10,00,000/-, 9851020678, 4226158

Scorpio full- option rental 9808320295

चालु हालतमा रहेको 1998 मोडलको Toyota Land Cruisher जीप बिक्रीमा 9802063290/91

## सम्पर्क

Cash Deposited धितोफुकुवा अतिसस्तो 9851243351

सस्तोमा बैंक Deposit संपर्क 9842622084

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cashdeposit धितोफुकुवा ऋणलिन 9851243313

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

पत्रपत्रिकामा विज्ञापन गर्नुपरेमा ९८१८२४५५२१, ९८४३२०७३८६

आफ्नो बिजनेस सफल बनाउन १०,०००।- ९८६९४८७१८०

Cash Deposit विदेशकोलागि सस्तोमा 9803453019

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

कान्तिपुरमा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८६०३००८९५

टयाङकरबाट पानीचाहियमा सामाखुशी, बसुन्धरा, नयाँबजार, बनस्थली एरियामा 9851213606, 9813530507

Australia Visa documentation, bankloan, cash deposit 4421920, 9851057183

Cash Deposit विद्यार्थीका लागि ९८१५१५१५३५

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851032044

Cash deposit सस्तोमा गर्नुपरेमा 9860201855

सस्तोमा धितो फुँकुवा गर्नुपरेमा 9803098230

WorldCup Offer Indian ब्रांण्डको प्रोजेक्टरमा 35% छुट असारमशान्तसम्म ९८५१२०३२२१

बाफल वरपर हाउस मेडकोलागि 9802016737

Japanese Teacher चाहिएमा सम्पर्क 9849866889

## विविध विक्रीमा

कलंकीको होटल बिक्रिमा 9818360378 9860392045

कलंकीको चलिरहेको गेष्टहाउस तुबिक्रिमा 9860989791

चलिरहेको रेष्टुरेण्ट तु.विक्रीमा, कलंकी 9810060728

फेन्सी पसल विक्रिमा मंगलबजार ९८४१५६०००५

कुपण्डोलको किरानापसल तथा कुलेश्वरको क्याटरिङ्ग बिक्रिमा ९८०८३२४२५२

रातोपुल मेनरोडको किरानापसल बिक्रिमा ९८५१२५८९२५

APF हस्पिटलअगाडि रेष्टुरेण्ट बिक्रिमा ९८४१६४९६३१

चलिरहेको फेन्सीपसल बिक्रिमा नयाँबजार 9841694080

मदिरा पसल विक्रिमा तिनकुने 9851237288

भाटभटेनी सुपरमार्केट, सेलवेज, बिगमार्ट, सँग आवद ब्यापार गरिरहेको (थाइल्याण्ड) को हर्वलकस्मेटिक कम्पनी र ब्राण्डबिक्रिमा ९८४१३४५५९६, ९८०३९१९४९३

काठमाण्डौको स्कुलविक्रीमा वा पार्टनसिपमा ९८४३८१०९५५

कारणवंश तन्दरी एण्ड भोजनालय विक्रिमा ९८४०५१५०१५, ९८२७३७६८०९

चलिरहेको डेरी बिक्रीमा ९८०६८५२३६८ ९८०४२८०५०८

धापासी ग्राण्डि अस्पतालअगाडी Chirayu Restaurant बिक्रीमा ९८५१११६४३३

व्यस्तचोकको म:म खाजाघर सस्तोमा ९८१३३१९७९५

कपनमा चलिरहेको दुनोट र खाजापसल तु.विक्रिमा ९८६९०२५१८०

किराना पसल विक्रिमा बानेश्वर 9813312403

चलिरहेको क्याफे विक्रिमा पेप्सीकोला 9813165757

दही पसल तुरुन्त बिक्रिमा ९८४१४६६६०४

होटल विक्रीमा चुच्चेपाटी 9813189513, 9823040297

गोंगबुको सुन पसल बिक्रीमा ९८५६०३६६१४

एकदम चलिरहेको होटलविक्रिमा 9840380620, 9813357351

सामाखुसीमा अवस्थीत मनिट्रान्सफर बिक्रीमा ९८६७००१३५५

पसल बिक्रीमा गोंगबुचोक ९८५१२३७१४४,९८४९१९३४८१

कौशलटार चोकको जुत्तापसल बिक्रीमा ९८५११९५०३०

बुढानिलकण्ठ हाइटको छोलिङ्ग गुम्बासँगै VIP एरियामा दुबैतर्फ बाटोले छोएको ३-५-० जग्गा आनाको २०लाख मात्र, ९८४१२०५१४७, ९८०३०४८५१९

हाईस्कूलको क्यान्टीन बिक्रीमा बसुन्धारा ९८०३८६३२४६

राम्रो ठाउंको रेष्टुरेन्ट बौद्ध ९८४३५३३९९०

नाफामा चलिरहेको गेष्टहाउस बिक्रीमा एयरपोर्ट ९८१८४४६९५८

भिसा लागेकोले कात्यानीचोकमा रहेको फास्टफुड विक्रीमा 9860271181

क्याफे विक्रीमा भक्तपुर सुर्यविनायक 9818576576

कलंकीचोकको पसलतुविक्रिमा 9840596768

पुरानो बानेश्वर चोकको सुनपसल 9804968161

कस्मेटिकपसल विक्रिमा मित्रनगर बसपार्क 9865136511

११ बर्षदेखि चलिरहेको Institute सस्तोमै विक्रिमा 9808754199

अर्जेण्ट बिक्रीमा कस्मेटिक पसल टिकाथली, खरिबोट ९८२३८४४३३२

अमेरिका जानलागेकोले एककरोड पन्ध्रलाखको रेष्टुरेन्ट मात्र असिलाखमा बिक्रीमा ९८५१०५९२६९

सुविधासम्पन्न व्यस्त तन्दुरीकर्नर पार्टनर/बिक्रिमा ९८४३३३२८७०

ओमशान्तिचोकको क्याफे बिक्रिमा ९८१०११८२९३ ३,००,०००।-

पाटनको व्यस्त सडकमा स्टेशनरी बिक्रिमा ९८४१२६८०२३, ९८४९३२६७६९

सहकारीको तयारी अफिस चावहिल 9851021151

चलिरहेको अफीस सहितकोठाउ विक्रिमा 9810052638

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट, मंगालबनाउने जामखोल्ने 9840540700, 9860053124

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9860386626

ढलमंगाल बनाउने, जामखोल्ने 9849759072, 9863806904

ढलट्वाइलेट, मंगाल बनाउने जामखोल्ने 9849503019

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०१३५१२

सेफ्टीट्यांकी सफाई गाडीबाट सस्तोमा ९८५१०८००९५

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४१६६३६६८

प्लम्बिङ इनारसफाई वाटरफिल्टर, ढल, ट्वाइलेट, जामखोल्ने ९८५१११६०२२

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/ 9843768737

सेफ्टीट्यांकी सफाई ठूलोगाडीमा मेसिनबाट 5251092, 9851024364

ढलमंगाल ट्वाईलेट जामखोल्ने १००। 9851009672

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टीटैकी मेसिनबाट ९८४१४४८७७० होमप्रसाद

ढलमंगाल ट्वाइलेट जामखोल्ने ७७५। मर्मतगरिन्छ ९८५१०१९८८९

सस्तोमा ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9808849489

फिल्टर सोलार बोरिङ्ग, प्लम्बिङ्ग ९८४१४४१७९८

सेफ्टीटैंकी सफाई सस्तोमै १५०० ९८५१०८८५९२

सेफ्टीटैंकी सफाई सस्तोमा ९८४१३४३४८७, ४४६४५६८

भ्याकुमबाट सेफ्टीटैंकी सफाई ४४८७६७७, ४४८५९९९, ९८५१०५२२९९

सेफ्टीटैंकी सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

## भाडामा

ललितपुरमा घरफ्ल्याट चाडै लिनदिन ९८४१३५८६८४

ललितपुरमा घरफ्ल्याट लिनदिन, किनबेच 9880136532

ललितपुरमा चाडै घरफ्ल्याट लिनदिने, किनबेच 9841699277

ललितपुरमा घर फ्ल्याट लिनदिन 9860407367

भाडामा लिनदिन परेमा realestateagency@gmail.com 9851136162

कलंकीमा अफिस/आवस, फ्ल्याट ९८४३११०६२४

घर भाडामा बासवारी सम्पर्क ९८५११७७७२१

मध्यबानेश्वरमा अफिसियल फ्ल्याट भाडामा 9841659007

तिनकुनेमा सटरहरू, अफिसलाई फ्ल्याट भाडामा 9841346337

अफिसकोलागि फ्ल्याट सानेपा हाइट ९८४१२५४४३८

बसुन्धाराचोकबाट १०० मिटरभित्र अफिस होलसेलकोलागी 450sq.ft भाडामा 9851060568

दरबारमार्गमा अफिस प्रयोजनका लागी फ्लाट ९८१३२८६७९६

काठमाण्डौं, ललितपुरमा घरफ्ल्याट लिनदिन 9849649431

पुतलीसडकमा सटरको अफिस भाडामा ९८५१०२७९१३

सुकेधारा रिङरोडनजिकै ०-५-०-०को साढेदुईतल्ला घरभाडामा प्रतिमहिना 65,000/- 9861536884

ठैबकम्फोर्ट हाउजिङमा अढाईतल्ले घरभाडामा 9860344033

त्रिपुरेश्वर उद्योग विभाग अगाडी चारतल्ले घर अफिसकोलागि भाडामा ९८१३०४३९८९

मध्येवानेश्वर रत्नराज्य स्कूलबाट पश्चिम २०फिटे बाटोमा अण्डरग्राउण्ड पाकिङ्ग भएको २फ्ल्याट(हल) अफिसकोलागि भाडामा, सम्पर्क ९८५१०४३२७४

बाफल सत्यसाई पम्पसंगै तिनकोठा भाडामा ९८५१०४१०७१

बलम्बुमा बीसफिटे बाटोमा चाररोपनी जग्गा भाडामा/बिक्रिमा, चावहिलचोकमा सटर भाडामा ९८१३६७६७८२

ज्वागलमा अफिसको लागि घरभाडामा ९८४१४१८८९०

अफिसकोलागि घर भाडामा लाजिम्पाट ९८२३१६३७०७

थापाथलीमा Partition सहितको २३०० sq ft को फ्ल्याट भाडामा उपलब्ध 9802063290/91

उपत्यकामा ठुलो गाडी जाने गोदाम चाहिएमा - गोदाम सेवा, ९८६१८७९६२९

फसिकेब बटुमा गोदाम भाडामा , कुपन्डोल ज्वागलमा घर भाडामा ९८५१०४८४०४

## चाहियो

तिनकुनेचोकैको SS-Nepalलाई अफिस्टाफहरू अर्जेन्ट 21,500/- खाजाभाडाबोनस, जोकोहिले गर्नसकिने 01-5199302, 9818282550

रेडियोलाई उद्घोषकहरू चाहियो नजान्नेलाई तालिमपछि अवसर: ९८६२७९१७३९

चावहिल मित्रपार्कको अफिसमा वेरोजगारहरूलाई रोजगारको सुवर्ण अवसर 21,500/- खाजाभाडा 9860912207, 9810286955

खानबस्नसहित कलंकीमा कर्मचारी 9803348585, 9846819731, 9813374034

साधारण सेक्युरीटी तुअर्जेन्ट 16000 9810104150

सेक्युरिटीगार्ड बस्नेब्यवस्था सहित १५,०००।- 9803687770

SEE कर्मचारी सातदोबाटो तलब समभ्रदारीमा 9842944377, 9823806252

Unique संस्थालाई खानबस्नसहित कर्मचारी बल्खुचोक 9823091703, 9860909328

कालिमाटीचोकमा पढेनपढेका महिलापुरुष गृहिणी विद्यार्थी अर्जेन्ट कामघरैमा २६,०००।- ९८१३००५००९

पेपरकटिङ्ग, अगरबत्ती, डल्स बनाउनेमा रोजगार कामघरैमा २६,५००।- ०१-४३६३०५८ ९८०३४६११८०

अगरबत्ती, डल्समा रोजगार २५,०००।- सामाखुसीचोक ९८१३५५८०६१

गोंगबुअफिसलाई कर्मचारी 01-4020315, 9813261320, 9863426082

साधारण सेक्युरीटी तुअर्जेन्ट 16000 9810104152

अफिसकोलागी कर्मचारी तुआवश्यकता बौद्धजोरपाटी 15000/- जोकोहिलेपनि गर्नसक्ने 01-4912287, 9818483843

कोटेश्वर, अफिसलाई अन्तराष्ट्रिय कस्मेटिक गिफ्ट आईटमको सामानहरू उत्पादन/ प्याकिंगगर्न घरअफिसमै पढेनपढेका कामदारहरू 13,500-28,500 +भाडाखाजा 016913221, 9813345228,

पार्टटाईम कामगरी मासिक २१,०००। कमाउनुहोस ९८१३३७८८७२ सामाखुशी

ईन्टरनेशनल प्रोजेक्टलाई खानबस्न मित्रपार्क 9851087809

वेरोजगारहरूलाई रोजगारको सुवर्ण अवसर 20,500/-(कामगरेजति) चावहिलगोपीकृष्ण 9823691949, 9861497188

कोटेश्वर अफिसलाई SLC कर्मचारी 9823073232, 9864482133

मार्केटिङकोलागि तलब कम्पनी नियमानुसार 9821964324 नयांबसपार्क

Experienced Montessori Teacher for UKG at pepsicola 4992956, 9851076079

निर्माणसम्बन्धी मिस्त्रि, हेल्परहरू खानेबस्ने 9851053838

निजी ड्राइभर चाहियो पूर्व सुरक्षाकर्मीलाई ग्राहयता सम्पर्क ९८५११२६३९१, ९८५११४२९०३

Salesboys/Salesgirls आवश्यकता चावहिल 9851043920, 9815855212

ब्रस कम्पनीलाई कर्मचारी 8500-25000, 9869011694 9803929713

थकाली भान्साघरकोलागी अनुभबी कुकको आबश्यकता ९८५११६९९९५, ९८५११२८६८८

कलंकी, कालीमाटी, सामाखुशी,बल्खु अफिसलाई Receptionist, IT Sector अन्तराष्ट्रिय सामानहरू उत्पादन/ प्याकिंगगर्नेमा पढेनपढेका कामगर्नेहरू तु.चाहियो 18,500 +गाडीभाडा 9813716301, 9840783401

सातदोबाटोमा, ग्वार्खुNGO अफिसलाई विभिन्न कस्मेटिक अन्तराष्ट्रिय गिफ्ट आईटमका सामानहरू उत्पादन/ प्याकिंगगर्नेमा पढेनपढेका लेडिजजेन्सहरू 18,500 +गाडीभाडा 01-5540920, 9849735201

भक्तपुर, अफिसलाइ थपकामदारहरू पढेनपढेका महिलापुरुषहरू 22,500/ सबैलेगर्नमिल्ने +खाजाभाडा 9813866659, 9741148053

न्यु मध्यपुर फ्यामलि रेष्टुरेन्ट अनुभवि वेटर, भाडामाज्ने, किचनहेल्पर, खानबस्न सुविधा ९८४१२९१८१२, ९८०३८१३४६५

सुजनशिललाई कर्मचारी ड्राईभर, रिसेप्सन, सेक्युरिटीगार्ड, वेटर, कुक, कलसेन्टर ९८४०२६६८१८, ९८४०२१६३३३

गठ्ठाघर कस्मेटिककोलागि तुरुन्तै स्टाफ 9819800023

अर्जेन्ट कर्मचारी 9851035560, 9813010589 तिनकुने

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 13,500/- 9813644084

English Teachers (Primary, Secondary) Montessori Teachers, ड्राईभरहरू Chabahil 9841200709

cashier, cook, मसाल्ची 9824949711 durbarmarg

सहचालक आवश्यकता १५,०००। ९८५१०९३५५४, ९८०८५०८१६६

**ड्राईभर चाहियो तलब रु-१५००० सम्पर्क ९८४३६०८७९५/** ९८६२७८९७२७

नयांबानेश्वरमा रेष्टुरेन्टकोलागि कुक, हेल्पर, मसाल्ची आवश्यकता ९८४११२१५०२

**SEE,+2 कर्मचारी 9823295113, 9841574773 गठ्ठाघरचोक**

कुक, मसाल्ची (भाडामाझ्ने) चाहियो ९८४३१०५०८४

कलंकी अफिसलाई कर्मचारी 9815167689, 9851024779

नयांकस्मेटिक कम्पनीमा तुरुन्तै कर्मचारी 9818595468

चाउमिन Seller कर्मचारी चाहियो 9803024843

म:म र चाउमिन बनाउने स्पेशल कुक चाहियो 9801059740

Female Primary English Teachers, Bishalnagar, Hadigaun 9841270609

दरबारमार्गमा पसललाई महिला स्टाफ चाहियो, तलब: ९,०००/-, 9803284008, 01-4226043

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,000/- 9823280255

स्वयम्भु रेस्टुरेण्टमा कुक हेल्पर मसाल्ची 9841669436 9802082245

अफिसकोलागी कर्मचारी तुआवश्यकता सातदोबाटोग्वार्को 17,500 खाजाभाडाबोनस जोकोहिलेपनि गर्नसक्ने 01-6224661, 9818814045 ,9860909814

उपत्यकाबाहिर, भित्र अलराउण्डर फास्टफुडकुक २५००० वेटरहेल्पर डिसवासर लेडिजजेन्स १२००० ९८०३५९४१२१, ९८०३०७५६१४

ग्राफिक डिजाइनर आकर्षक तलब ९८४१६२७७५०

बजार प्रतिनिधि, कार्यालय सहायक चाहियो ०१५२४२१२८, ९८५१००२६६४

सेक्युरिटी, रिसेप्सन, ड्राइभर, वेटर, कुक, बाइक होल्डर 9803359221, 01-4355018

चाबहिल मित्रपार्कको अफिसमा बेरोजगारहरूलाई रोजगारको अवसर २५,५००/- खाजाभाडा ०१-४४८७८७८, ९८१३५२८०११

मिनरलवाटर कम्पनीको लागि ड्राइभर चाहियो ९८५११२२२९९

Hostel Teachers for School, Chabahil 9841200709

महिला क्यासियर २ जना, वेटर ४ जना, कुक २ जना, हेल्पर ४ जना कलेज क्यान्टिनको लागि ९८५१०८१७३०

**धुपअगरवति डलखेलौनामा कामदार २६,५००।- 9813994099**

महिला/पुरुष गार्डतुरुन्त आवश्यकता फोन 9886247825

Teacher wanted 9841305203, 9841984052, 9803704906

ग्वार्को चलिरहेको होटलविक्रीमा ९८४५६७८१५२, ९८१८४७७२३२

फुरण्णदानामिस्त्री साईकल सेल्सपर्सन, मार्केटिंग केहीमामदार चाहियो तलब आकर्षण ९८१८२५६६५२, ९८१८२५६६९३

एकअनुभवी कुक चाहियो जोरपाटी, ९८४०४१८६०४

कलंकी स्थीत मन्टेश्वरीलाई शिक्षिका चाहियो 9808400107 9843147016

घर तथा अफिसमा सरसफाई कामकोलागि ५० महिला कामदार चाहियो ९८४४४६९२६५

विशाल बजारमा सेल्सगर्ल सेल्सब्वाई 9808480404

क्यान्टिनमा वेटर, मसाल्ची खानबस्न ९८६१०९२५८४

ब्युटी पार्लरकोलागि अनुभवि पुरुष महिला कामदार चाहियो 9843502731

**धुपअगरवति डलखेलौनामा कामदार २६,५००।- 9803188112**

कुक, किचनहेल्पर-२, वेटर-२, मसाल्ची खानाबस्ने सुवीधा सहित, 9849445522

Urgently Wanted Computer teacher, dance teacher Kautilya School tinkune 9841517968, 01-4117528

भुपुगार्ड कमाण्डर तथा सिभिल सुरक्षागार्ड तु.चाहियो ०१४३५०६३९ ९८५१२२२४२१ ९८०११५०५४२

तन्दुरीकुक, वेटर, भाडामाझ्ने खानबस्न ९७४११५४५६१

कन्सल्टेन्सीलाई अनुभवी रिसेप्सनिष्ट चाहियो 9869727474

कुक, हेल्पर, वेतर, मसाल्ची ९८४१५९१०१५

चलचित्रमा हिन्दी बोल्नसक्ने कलाकारहरू इमरजेन्सी नजान्नेलाई ट्रेनिङ्ग ९८४९४४६७१२

**हेडकुक (५वर्षअनुभवी), बसन्तपुर 9808807518, 9869134008**

अलराउन्ड, कुक अनुभविले मात्र रु२००००/- 9813988109

## मर्मत

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०६१३३१

ढलमंगाल ट्वाइलेट जामखोल्ने २५०। ९८५१०८९४१०

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने १०० 9849998884

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9851024861

सेफ्टीट्याङ्की, ढलट्वाईलेट, मंगाल जामखोल्ने 9851024676

TV, Computer ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

फ्रिज, वासिङ्मेसिन, माइक्रोवेभ, LED घरैमा मर्मत ९८५११५६१२३, ९८१३३९८५३९

LG, SAMSUNG, SONY सबैबाण्डको TV ग्यारेन्टीमामर्मत ९८५१००१५२८

ढलमंगाल ट्वाइलेट जामखोल्ने १५०। 9841266950

TV-LED जुनसुकै कम्पनीको ग्यारेन्टीसाथ मर्मत 9841793586, 9862374642

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

घरैमा T.V., फ्रिज 01-4464254 , 9841296192

ढलट्वाइलेट मंगाल जामखोल्ने साथैमर्मत 9807622373

LEDTV, फ्रिज, वासिङ्मेसिन माईक्रोवेभ घरैमामर्मत ९८५१०८७२३८

## भर्ना

प्राईभेट SLC ग्यारेण्टी पास ९८४१००७८२२

प्राईभेट SLC निशुल्कभर्ना 100% Pass 9813478633

## तालिम

डोजर अपरेटर तालिम रु.२०,०००/- 9808178842

निशुल्कमा मोवाईल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

CTEVT मान्यताप्राप्त ल्याप्टप, हाउसवाइरिङ्ग, मोबाईल, प्लम्बिङ्ग, मोटररिवायन्डिङ्ग, एसीफ्रीज, ०१४२७४२१७, ९८१८३९७५३४

Calligrahy Training 9841826100

## उपचार

यौनपावर बढाउन कोरियन हर्बल सप्लिमेन्ट 9851014602

यौनपावर बढाउन हर्बल सप्लिमेन्ट 9851030269

पायल्स फिस्टुलाफिसरको बिनाअप्रेशन उपचार 01-4381352

यौनशक्ति बढाउने Herbal Suppliment ९८५११४७८१०

## पशुपंक्षी

गुणस्तरीय कुकुरहरू बिक्रीमा माउण्टएभरेष्ट केनल:-014495668, 9841031037

## बिहावारी

३७ बर्षिय शेर्पा बरलाई स्वजातीय बधुचाहियो ०१-४६२०२०४, ९८६९६०२९१८

३०-४५ बर्षसम्मका काठमाडौं निवासी सरकारी जागीरे डाक्टर, इन्जिनियर, ब्यापारी जुनसुकै क्षेत्रका बरबधु चाहिएमा ९८०८६९२७६५

डिभोर्स वधु विवाहको लागि चाहियो 9860974108

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८१८९११५७४ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८५११८५८०७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४३६८३८९५, ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांबसपार्क | ४३६४७५१ |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वर | ४४९२३०९ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | बागबजार | ४२४१२१२, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ४२४८२४८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | नक्खु चोक | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | थसीखेल | ५००१५११, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ९८१००५५००० |

## बर्गीकृत डिस्प्ले

श्याम/श्वेत रू. ३०००/-

स्पट कलर रू. ३५००/-

मल्टी कलर रू. ५०००/-

## बर्गीकृत विज्ञापन

| | |
|---|---|
| साधारण प्रति शब्द | रू. ४५/- |
| बोल्ड प्रति शब्द | रू. १००/- |

* म.उ.क. वाहेक




# कोलम्बियासँगै जापानको नकआउट यात्रा

सामरा, रुस (एएफपी)- बार्सिलोनाका येरी मिनाको सशक्त हेडर गोलसँगै कोलम्बिया समूह 'एच' को प्रतिद्वन्द्वी सेनेगललाई १-० ले हराएर बिहीबार विश्वकपको अन्तिम १६ मा प्रवेश गरेको छ । अनुशासन तथ्यांकमा जापानसँग पछाडि परेपछि सेनेगल भने समूह चरणबाटै बाहिरियो ।

यस समूहबाट कोलम्बिया पहिलो र जापान दोस्रो हुँदै नकआउट चरणमा प्रवेश गरे । अब उनीहरूले बेल्जियम वा इंग्ल्यान्डविरुद्ध खेल्नेछन् । चार वर्षअघि ब्राजिलमा क्वाटरफाइनल पुगेको दक्षिण अमेरिकी टिम कोलम्बियाको यसपालि समूह चरणबाटै बाहिरिने डर बढेको थियो । तर निराशाजनक पहिलो हाफपछि भिडियो एसिस्टेन्ट रेफ्री (भार) को सहयोगमा कोलम्बिया विश्वकपको अन्तिम १६ मा पुगेको हो । कर्नरमा पाएको बलमा खेल सकिन १३ मिनेटअघि मिनाले हेडद्वारा प्रहार गरेर बललाई खादिम एन्डिययेको गोलपोस्ट जाली चुमाएका थिए । पोल्यान्डले जापानमाथि १-० को सान्त्वना जित पाऱ्यो । त्यसले जापान र सेनेगलको समान ४-४ अंक भयो । तर ६ पहेँलो कार्ड पाएकाले सेनेगल निराशाजनक रूपमा प्रतियोगिताबाट बाहिरियो । जापानले चार पहेँलो कार्ड पाएको थियो ।

यसअघि पोल्यान्डमाथि ३-० को जित निकालेको जोसे पेकरम्यानको टिमलाई सामरामा भाग्यले पनि साथ दियो । जुआन क्विन्टेरो, हामेस रोड्रिग्वेज र जुआन काड्राडोले फरवार्ड राडामेल फाल्काओलाई साथ दिएका थिए । रमाइलो रहेको पहिलो हाफको अन्त्यपछि पेकरम्यान चोटका कारण रोड्रिग्वेजलाई परिवर्तन गरेर लुइस मुरियललाई मैदान पठाउन बाध्य भएका थिए । त्यसपछि सेनेगलले आक्रामक खेलमा प्रतिभा देखाएको थियो तर डेविड ओस्पिनालाई चुनौती दिएर गोल गर्न असफल भयो । पोल्यान्डविरुद्ध प्रभावशाली रहेका युभेन्ट्सका काड्राडोले सेनेगलसँग भने खासै केही गर्न सकेनन् । काड्राडोले मध्यक्षेत्रमा गुमाएको बल केइटा बाल्डेले साडियो मानेलाई दिएका थिए । तर लिभरपुलका फरवार्डले डिफेन्डर डेविड्सन सान्चेजको चुनौती पार गर्न सकेन ।



नकआउट चरणका लागि छनोट भएपछि जापानी टोलीका खेलाडी । *तस्बिर : रोयटर्स*

### अन्तिम १६ का प्रतिस्पर्धी

- **फ्रान्सविरुद्ध अर्जेन्टिना**, जुन ३०
- **उरुग्वेविरुद्ध पोर्चुगल**, जुन ३०
- **स्पेनविरुद्ध रुस**, जुलाई १
- **क्रोएसियाविरुद्ध डेनमार्क**, जुलाई १
- **ब्राजिलविरुद्ध मेक्सिको**, जुलाई २
- **जापानविरुद्ध** इंग्ल्यान्ड वा बेल्जियम, जुलाई २
- **स्वीडेनविरुद्ध स्वीट्जरल्यान्ड**, जुलाई ३
- **कोलम्बियाविरुद्ध** इंग्ल्यान्ड वा बेल्जियम, जुलाई ३

### पोल्यान्डको सान्त्वना जित

भोल्गोग्राडमा 'ब्लु सामुराई' र पोल्यान्डबीच अन्तिम १० मिनेटको खेल ट्रेनिङजस्तै देखिएको थियो । त्यसमा जान बेडनारेकले गोल गरे ।

जानले ६० औं मिनेटमा आफ्नो पहिलो अन्तर्राष्ट्रिय गोल गर्दै यसअघि नै प्रतियोगिताबाट बाहिरिसकेको पोल्यान्डलाई अग्रता दिलाएका थिए । थोरै पहेँलो कार्ड पाएकाले समूह उपविजेताका रूपमा नकआउटमा जापानको भाग्य खुलेको हो । उसले अन्तिम १० मिनेटमा थप पहेँलो कार्ड नबेहोर्नका लागि खेलेजस्तो देखिएको थियो ।

जापानी प्रशिक्षक अकिरा निसिनोले ६ खेलाडी परिवर्तन गरेर सिन्जी ओकाजाकी र योसिनोरी मुतोलाई विश्वकप डेब्यूमै पहिलो रोजाइमै अग्रपंक्तिमा मौका दिएका थिए । ३६ डिग्री सेल्सियसको तापक्रममा पहिलो आक्रमण १२ औं मिनेटमा बुनिएको थियो ।

सेनेगलविरुद्ध २-२ मा टुंगिएको खेलमा बिर्सनलायक प्रदर्शन गरेर पनि गोलकिपर इजी कावासिमाले निरन्तर अवसर पाएका थिए । उनले पहिलो हाफमा केही उत्कृष्ट प्रदर्शन गर्दै निसिनोको विश्वास पूरा गरेका थिए ।










# पहिलो चरणमै घर फर्केका च्याम्पियन

कजान (एएफपी)- जर्मनी दोस्रो विश्वकपयता पहिलोपल्ट विश्वकप फुटबलको पहिलो चरणबाटै बाहिरियो । यो शताब्दीमा डिफेन्डिङ च्याम्पियन समूह चरणबाटै बाहिरिएको यो चौथोपल्ट हो । उरुग्वेले सन् १९३० मा भएको पहिलो संस्करण जितेको थियो । तर उसले १९३४ को संस्करणका लागि इटालीको यात्रा गरेन । त्यसलाई छाडेर विश्वकपको इतिहासमा छैटौंपल्ट डिफेन्डिङ च्याम्पियनको चुनौती पहिलो चरणमै समाप्त भएको हो । पहिलो चरणबाटै बाहिरिएका डिफेन्डिङ च्याम्पियन :



मस्कोस्थित भेनुकोभो विमानस्थलबाट घर फर्कने क्रममा रहेका जर्मन टोलीका खेलाडी । तस्बिर : रोयटर्स

## १९५० : इटाली

दोस्रो विश्वकपअघि इटालीले लगातार दुईपल्ट विश्वकप जितेको थियो । ब्राजिलमा १९५० मा विश्वकप आयोजना हुँदा टिममा थुप्रै परिवर्तन भइसकेको थियो । मे १९४९ को विमान दुर्घटनामा इटालीका टोरिनोको महान टिमका केही अन्तर्राष्ट्रिय खेलाडीको मृत्यु भएपछि इटालीले एटलान्टिक समुन्द्रबाट डुंगामा यात्रा गर्न अस्वीकार गरेको थियो ।

लामो सामुद्रिक यात्रापछि लयमा नरहेको इटालीले सुरुका दुई खेलमध्ये पहिलो नतिजा स्वीडेनलाई ३-२ ले गुमाएको थियो । त्यसपछि पाराग्वेसँग २-० ले हार्‍यो । स्वीडेन समूह विजेता बन्यो र इटाली घर फर्कियो ।

## १९६६ : ब्राजिल

पेलेको महान टिम ब्राजिल उत्कृष्ट खेल पस्कँदै अघिल्ला दुई विश्वकपको उपाधि जितेर इंग्ल्यान्ड पुगेको थियो । यो टिमले १९७० को विश्वकप पनि जित्न सक्थ्यो तर १९६६ मा विपद् नै पर्‍यो ।

पेले र गारिन्चाको गोलसँगै ब्राजिलले पहिलो खेलमा एभरटनको मैदान गुडिसन पार्कमा बुल्गेरियालाई २-० ले हरायो । तर बुल्गेरियाले खराब व्यवहार गर्‍यो र पेलेले अर्को खेल छाड्न बाध्य भयो । पेले मैदानबाहिरै भएको खेल हंगेरीले ३-१ ले जितेको थियो ।

उनी समूह चरणबाट माथि उक्लिनका लागि निर्णायक खेलमा युसेबियोको टिम पोर्चुगलविरुद्धको खेलमा फर्किए । तर उनी फेरि अर्को डरलाग्दो ट्याकलको सिकार भए । उनी मैदान छाड्न बाध्य बनाइएको खेलमा ३-१ ले हारेसँगै ब्राजिल प्रतियोगिताबाट बाहिरियो ।

## २००२ : फ्रान्स

फ्रान्स घरेलु भूमिमा १९९८ मा भएको विश्वकप र युरोपियन च्याम्पियनसिप २००० को ट्रफी कब्जा गरेर उत्कृष्ट टिमका रूपमा दक्षिण कोरिया र जापान पुगेको थियो । तर लेस ब्लुजका लागि केही पनि राम्रो भएन । खेलाडीका खुट्टा गोल गर्न असफल भए र उसले खेल नजित्ने पनि सोचिएको थिएन ।

जिनेदिन जिदानलाई चोटको कारण फ्रान्सले सेनेगलसँग १-० ले हारेको पहिलो खेलमा गुमाएको थियो । त्यसपछि फ्रान्सले उरुग्वेसँग गोलरहित बराबरी खेल्यो र त्यसमा थिएरी हेनरीलाई रातो कार्ड देखाइएको थियो । अन्तिम खेलमा जिदान टिममा फर्किए तर उनले डेनमार्कविरुद्ध २-० को हार टार्न सकेनन् । त्यसैले फ्रान्स उपाधि रक्षाको अभियानमा सबैभन्दा खराब नतिजा लिएर घर फर्कियो ।

## २०१० : इटाली

जादुयी रूपमा इटालीले २००६ मा जर्मनीमा भएको विश्वकप जितेको थियो । त्यसपछि 'क्याल्सियो पोली स्क्यान्डल' का कारण अजुरीको घरेलु फुटबल प्रभावित भयो । त्यसैले हुनसक्छ, २०१० मा दक्षिण अफ्रिकाको यात्रा इटालीका लागि वास्तवमै खराब रह्यो ।

मार्सेलो लिप्पीको टिममा जियानलुइजी बुफोन र फाबियो कानाभारोजस्ता भेट्रान खेलाडी बेन्चमा रहे पनि समूह चरणमा जितको भोक भएजस्तो देखिएन । उसले कुनै पनि खेल जित्न पनि सकेन । पाराग्वे र न्युजिल्यान्डविरुद्ध पछाडि परेको स्थितिमा सुधार गरेर बराबरी गरे पनि इटालीको भाग्य स्लोभाकियाविरुद्ध ३-२ को लज्जास्पद हारसँगै समाप्त भयो ।

## २०१४ : स्पेन

च्याम्पियन टिम फेरि पनि चार वर्षअघि ब्राजिलमा स्तब्ध भयो । सबै किसिमबाट रोकिने त्यो टिम बन्यो स्पेन । भिसेन्ट डेल बस्कको टिम सन् २००८ देखि २०१२ सम्म लगातार तीन उपाधि जितेर दक्षिण अफ्रिका पुगेको थियो । तर त्यसले सफलताका लागि भोकोपन टिमले गुमाएको साबित भयो ।

उपाधि रक्षाको अभियानमा दुई खेलमा लज्जास्पद नतिजा बेहोरेसँगै स्पेन घर फर्किने पक्का भइसकेको थियो । उसले नेदरल्यान्ड्सको हातबाट ५-१ को हार बेहोर्‍यो । स्पेनको असफलतालाई माराकानामा चिलीको २-० को जितले निरन्तरता दियो । त्यसले इकर कासियास, जाभी हर्नान्डेज, जाभी अलोन्सोको युग समाप्त गरिदियो । स्पेनको लागि अन्तिम खेलमा अस्ट्रेलियामाथि ३-० को जित सान्त्वना बन्यो ।

## २०१८ : जर्मनी

जर्मनीले उत्कृष्ट प्रदर्शन गर्दै २०१४ मा ब्राजिलमा भएको विश्वकपको ट्रफी चुमेको थियो । त्यसपछि उसको प्रदर्शन राम्रै रह्यो । विश्वकपको तयारीका रूपमा गत वर्ष रुसमा भएको कन्फेडेरेसन्स कप पनि जर्मनीले नै जित्यो । त्यसबेला जर्मनीले जुनियर खेलाडीलाई अवसर दिएको थियो ।

कन्फेडेरेसन्स कप र चार वर्षअघि विश्वकप जित्दाका खेलाडीलाई समिश्रण गरिएको जोखिम लोको टिम रुसमा भने खासै चल्न सकेन । पहिलो खेलमै मेक्सिकोले उसलाई १-० ले स्तब्ध बनाइदियो । टोनी क्रुसको अन्तिम क्षणको गोलमा स्वीडेनलाई २-१ ले हराएर जर्मनीले नकआउट चरणमा पुग्ने सम्भावना कायमै राख्यो । अन्तिम खेलमा दक्षिण कोरियाले २-० को सिकार बनाएर जर्मनीलाई घर फर्काइदियो । यससँगै मेसुट ओजिल, थोमस मुलर, म्यानुयल नोयरको युग समाप्त भएको छ ।

## रोचक तथ्य


Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

### पेरुको खुसी

विश्वकपप्रति आकर्षण नै बेग्लै हुन्छ । त्यसैले त ३६ वर्षपछि विश्वकपमा छनोट हुँदा पेरुमा राष्ट्रिय बिदा दिइएको थियो । सुरुका दुई खेलमा फ्रान्स र डेनमार्कविरुद्ध एक गोलले हारेपछि पेरु समूह चरणबाटै बाहिरिने निश्चित भयो । हारे पनि उसको प्रदर्शन भने राम्रो थियो । दक्षिण अमेरिकी देशले राम्रो प्रदर्शनलाई अन्तिम खेलमा अस्ट्रेलियाविरुद्ध पनि कायम राख्यो र २-० को जित निकाल्यो । उसले सन् १९७८ यता विश्वकपमा पहिलो जित हात पारेको हो । रुसका ब्ल्याक-सी किनाराको रंगशालामा उपस्थित ४४,०७३ दर्शकमा पेरुबियनकै वर्चस्व थियो । पेरुका कप्तान पाउलो गुइरेरोलाई शक्तिवर्द्धक औषधी प्रयोग गरेकामा विश्वकपअघि प्रतिबन्ध लगाइएको थियो । तर समूहका प्रतिद्वन्द्वी फ्रान्स, डेनमार्क र अस्ट्रेलियाका कप्तानको अनुरोधमा उनलाई विश्वकप खेल्न दिइएको हो । अस्ट्रेलियाविरुद्ध गोल गरेर उनी हिरोका रूपमा स्वदेश फर्किए ।






# 'अर्जेन्टिना र बार्सिलोनाका मेसी फरक हुन्'

इस्ट्रा (रोयटर्स)- अर्जेन्टिनालाई विश्वकप अन्तिम १६ मा उछिन्ने फ्रान्सको आशा लियोनल मेसीमा भर पर्न सक्छ । तर मेसीलाई बार्सिलोनाबाट खेल्दा जस्तो साथ राष्ट्रिय टोलीमा नरहने उनकै क्लबका सहपाठी सामुइल उम्टिटीले बिहीबार बताएका छन् ।

फ्रान्सका सेन्टर ब्याक उम्टिटी पछिल्लो दुई सिजन मेसीको सहयात्री रहँदैआएका छन् बार्सिलोनामा । तर शनिबार फ्रान्स र अर्जेन्टिनाबीच निकै प्रतीक्षित खेल हुँदा मेसीको पासमा उम्टिटीले बाधक बन्ने प्रयास गर्नेछन् ।



सामुइल उम्टिटी

लियोनल मेसी

डेनमार्कसँगको फ्रान्सको समूह चरणको अन्तिम खेलमा आराम गर्न दिइएका उम्टिटीले कजान एरिनामा अर्जेन्टिनासँग पहिलो रोजाइमा खेल्ने सम्भावना छ । 'मैले उसलाई प्रत्येक दिन हेरेको छु । उनलाई रोक्नु धेरै कठिन छ । उनीसँग असाधारण क्षमता छ,' उम्टिटीले भने, 'हामी उनलाई रोक्न खोज्ने छौं । उनी अर्जेन्टिनामा एक्लो स्ट्राइकर होइनन्, उनीहरूसँग अरु पनि छन् ।'

बार्सिलोनामा मेसीसँगै लुइस स्वारेज रहने गरेका छन् । अर्जेन्टिनामा भने सबै मेसीप्रति भर परेको छ । स्ट्राइकर गोन्जालो हिगुइनले अर्जेन्टिनाबाट पछिल्ला ८ खेलमा कुनै गोल गरेका छैनन् । अर्जेन्टिनाको सबै आशा मेसीमा देखिन्छ । सम्भवतः उनी विश्वकपमा अन्तिमपल्ट पनि खेलिरहेका छन् ।

'बार्सिलोनाका मेसीभन्दा अर्जेन्टिनाका मेसी फरक छन्,' उम्टिटीले भने, 'उनीसँग यहाँ खेल्दा त्यही खेलाडी छैनन् जुन बार्सिलोनामा थिए, त्यसले उनको खेल फरक बनाएको छ । तर उनले धेरैपल्ट अर्जेन्टिनालाई उकासेका छन् । अर्जेन्टिना उनीमा टिकेको छ । तर उनी सँधैं एकरुपले त्यस्तो गरिरहन सक्दैनन् ।'

उम्टिटीसँगै रिएल म्याड्रिडका राफेल भारोनले फ्रान्सको रक्षापंक्ति सम्हाल्ने छन् । त्यसैले मेसीलाई रोक्ने जिम्मेवारी उम्टिटीलाई आउन सक्छ । समूह चरणको पहिलो दुई खेलमा मेसीको प्रदर्शन खासै देखिएको थिएन । तर मेसीकै पहिलो दुई गोलप्रेरित अर्जेन्टिनाले नाइजेरियालाई २-१ ले पराजित गरी नकआउट चरणमा पुगेको थियो ।


'उम्टिटीलाई कुनै दबाब छैन, उनी शान्त छन्,' फ्रान्सका मिडफिल्डर थोमस लेमारले भने ।

FAIR AND HANDSOME
NO.1 FAIRNESS CREAM FOR MEN#

## आजको तस्बिर



पोल्यान्डसँग पराजय हुनुका बाबजुत जापान विश्वकपको दोस्रो चरणमा छनोट भएपछि जापानी समर्थकको उत्साह । खेलमा जापान १-० ले हारेको थियो । तस्बिर : रोयटर्स







# ब्राजिलले मेक्सिकोसँग खेल्ने



पाउलिन्होले गोल गरेपछि ब्राजिली खेलाडीको खुसी ।

मस्को (रोयटर्स)- पाउलिन्हो र थिएगो सिल्भाको गोलमा ब्राजिलले बुधबार सर्बियालाई २-० ले पराजित गरी विश्वकपको प्रिक्वाटरफाइनलमा मेक्सिकोविरुद्धको भेट तय गरेको छ । यस विजय तथा स्विट्जरल्यान्ड र कोस्टारिका बीचको खेल २-२ को बराबरीमा टुंगिएपछि ब्राजिल समूह 'ई' को विजेता बन्ने तय भएको हो ।

ब्राजिलले ७ अंक बटुल्यो र टोलीको स्वीट्जरल्यान्डभन्दा २ अंक बढी रह्यो । स्वीट्जरल्यान्डले अन्तिम १६ को खेलमा स्वीडेनको सामना गर्नेछ । ३ अंक बोकेका सर्बिया र १ अंक बोकेका कोस्टारिका समूह चरणबाटै बाहिरिए ।

शारीरिक रूपमा केही अग्ला देखिएका सर्बियाली टोलीविरूद्ध ब्राजिललाई सुरुमा केही अप्ठेरो परेको थियो । तर फिलिप कोटिन्होको सुन्दर पासमा पाउलिन्होले ३६ औं मिनेटमा गोलको खाता खोलेपछि ब्राजिल खेलमा हाबी हुनपुग्यो । ६८ औं मिनेटमा नेयमरको कर्नरमा सिल्भाले हेडबाट दोस्रो गोल गरे ।

'खेलका निश्चित समयमा हाम्रा केही कठिनाइहरू थिए, हामीले आज त्यही भोग्नुपर्‍यो । तर हामीमाथि आक्रामण हुँदा त्यसलाई कसरी सामना गर्नुपर्छ भन्ने थाहा थियो,' सिल्भाले भने, 'यो विश्वकप हो र सबै प्रतिद्वन्द्वीको आफ्नै विशेषता हुन्छ । जब हामी दबाबमा थियौं कसरी खेलमा केन्द्रित हुनुपर्छ भन्ने थाहा थियो ।'

यसअघिका खेलमा भने ब्राजिलको खेल यसरी खुलेको थिएन । टोलीलाई स्वीट्जरल्यान्डले १-१ को बराबरीमा रोकेको थियो । कोस्टारिकालाई पराजित गर्न भने ब्राजिलले इन्ज्युरी टाइमको दुई गोलको सहायता लिनुपरेको थियो । बुधबार पनि ब्राजिलको खेल पहिलो हाफमा लगभग त्यस्तै देखिएको थियो ।

कोउटिन्होले आफ्नो मध्यभागबाटै दिएको सानदार लफ्टेड पासले खेलको नक्सा परिवर्तन गर्‍यो । बलका लागि अगाडि बढेका पाउलिन्होले गोलरक्षक भ्लादिमिर स्टोजकोभिकमाथिबाट बललाई गोलको दिशा दिए । ब्राजिलले पछिल्ला १३ खेलमा ३ गोलमात्र खर्चेको छ र सर्बियाविरुद्ध कमैमात्र टोलीले कमै चुनौती सामना गर्नुपर्‍यो ।

DIGIWOT ©
DIGITIZING WORLD TOGETHER




## हिजोको नतिजा

SAVE TO WIN

**जापान ०-१ पोल्यान्ड**
जान बेडनारेक ५९'

**सेनेगल ०-१ कोलम्बिया**
यरी मिना ७४'

Siddhartha Bank
Bank for Your Prosperity

| समूह 'एच' | अंकतालिका | | | | | |
|---|---|---|---|---|---|---|
| टिम | खेल | जित | ड्र | हार | गोल | अंक |
| कोलम्बिया | ३ | २ | - | १ | ५-२ | ६ |
| जापान | ३ | १ | १ | १ | ४-४ | ४ |
| सेनेगल | ३ | १ | १ | १ | ४-४ | ४ |
| पोल्यान्ड | ३ | १ | १ | २ | २-५ | ३ |



कोलम्बियासँग पराजित भएपछि निराश सेनेगलका खेलाडी । तस्बिर : रोयटर्स

## मेक्सिको-कोरिया 'दाजुभाइ'



मेक्सिकन सिटी (बीबीसी)- एसियाली टिम दक्षिण कोरियाले विश्व फुटबलको ठूलै आश्चर्यको रूपमा २०१४ को विश्वविजेता जर्मनीलाई २-० ले बुधबार हराएको थियो । त्यसमा अन्त्यतिरका गोलले मेक्सिकोलाई समूह चरणको अन्तिम खेलमा स्वीडेनसँग हारेर पनि विश्वकपको नकआउट चरणमा पुर्‍याइदियो ।


मेक्सिकोको अघिल्लो चरण प्रवशेलाई ठूलो संख्यामा मेक्सिको सिटीस्थित दक्षिण कोरियाली दूतवास नजिक भेला भएर खुसीयाली मनाएका थिए । उनीहरूले कोरियनलाई 'दाजुभाइ' भन्दै नारा लगाएका थिए । दक्षिण कोरिया-मेक्सिकोको मिसाइएको झण्डा फहराइएको थियो । मित्रता र प्रसंशाका टीटहरू आएका छन् । मेक्सिको समर्थकले के-पप सुन्न पनि थालेको अनलाइनमा पोस्ट गरिएको छ ।

'धन्यवाद कोरिया, यो कहाँ छ भन्ने पनि थाह छैन तर पनि धन्यवाद, धन्यवाद,' मेक्सिको सिटीका २२ वर्षीय विद्यार्थी सेसिलिया गोन्जालेजले भने । रुसको विश्वकपको 'फ्यान पार्क' रुस, स्वीडेन र मेक्सिकोका समर्थकले आफ्नो अर्को चरणको यात्रासँगै 'बाईबाई जर्मनी' भन्दै संयुक्त रूपमा खुसी मनाएका थिए ।

मेक्सिको समूह चरणको अन्तिम खेलमा स्वीडेनको हातबाट ३-० ले हारेको थियो । त्यसैले अब उसले अर्को चरणमा पाँचपल्टको च्याम्पियन मेक्सिकोको सामना गर्नुपर्ने भएको छ । मेक्सिकोको हरियो, सेतो र रातो रङलाई दक्षिण कोरियाली झण्डासँग मिलाएर टीटहरूमा लोकप्रिय बनाइएइको छ । धेरै दक्षिण कोरियालीले घरबाटै आफ्नो उत्साहलाई इन्टरनेटमार्फत् व्यक्त गरेका छन् । जर्मनी हारेको टीट ट्रेन्डिङमा निरन्तर छ ।

'म धेरै फुटबललाई वास्ता गर्दिनँ तर जब आफ्नो देश विश्वकपमा जर्मनीलाई पराजित गर्ने पहिलो एसियाली टिम बन्यो । खुसी मनाउनैपर्‍यो,' एक समर्थकले भने, 'दक्षिण कोरियाली भएकोमा निकै गर्व गर्छु ।' दक्षिण एसियाली सामाजिक सञ्जाल प्रयोगकर्ताले गोलकिपर जो ह्योन-वुतर्फ पनि ध्यान दिएका छन् । उनलाई 'हिरो एउटा देशको मात्र होइन, दुई देशको हो' भनिएको छ ।






# सुनसरीलाई सगरमाथा कप

धनकुटा (कास)- जिल्लाको चौबिसे गाउँपालिकामा प्रदेश स्तरीय 'प्रथम सगरमाथा कप पुरुष भलिबल प्रतियोगितामा सुनसरी च्याम्पियन भएको छ । फाइनलमा सुनसरीले ओखलढुंगामाथि २५-१६, २५-२३, २५-२७, १९-२५, १५-९ को नतिजा निकालेको थियो ।

प्रतियोगितामा प्रदेश १ अन्तर्गत ९ टोलीको सहभागिता रहको सहआयोजक चौबिसे गाउँपालिकाका प्रमुख खजिन्द्र राईले जानकारी दिए । सामाजिक विकास मन्त्रालय प्रदेश १ को आयोजनामा भएको प्रतियोगिता विजेता सुनसरीले ५० हजार, उपविजेता


रमेशचन्द्र अधिकारी

ओखलढुंगाले ३० र तेस्रो भएको भोजपुरले २० हजार रुपैयाँ पुरस्कार पाए । प्रतियोगितालाई रारा क्लब चौबिसेको संयोजन, पूर्वाञ्चल क्षेत्रीय खेलकुद विकास समितिको व्यवस्थापन र जिल्ला खेलकुद विकास समिति धनकुटाको समन्वय रहेको थियो । म्यान अफ द म्याच भोजपुरका सन्जिव कट्टेल भए ।




विश्वकप विश्लेषण

# कमजोर जर्मनी


नवीन न्यौपाने

विश्वकप २०१८ मा जर्मनी उपाधिको एक प्रबल दाबेदार थियो । त्यसमाथि डिफेन्डिङ च्याम्पियन पनि । तर जोचिम लोको यही टिम लिग चरणको समाप्तिमा घर फर्केको छ । यो धेरै फुटबल प्रशंसकका लागि स्तब्धपूर्ण नतिजा भएको छ । बुधबार राति समूह 'ई' मा जर्मनीलाई कुनै पनि स्थितिमा खेल जित्नु थियो । तर मेरो दृष्टिकोणमा टिम जित्ने मनसायले मैदानमा उत्रेकै देखिएन । जर्मनीले दक्षिण कोरियामाथि लगातार आक्रामक त बुन्यो । तर यो आक्रमण विपक्षी टिमको पेनाल्टी एरियाभन्दा मिडफिल्डमा बढी केन्द्रित रह्यो । जर्मनीसँग राम्रा स्ट्राइकरको स्पष्ट कमी देखियो । यसपल्टको विश्वकपबाट जर्मनी बाहिरिनुको कारण 'ल्याक अफ स्ट्राइकर' प्रमुख कारण रह्यो । जर्मनीको 'फिनिसिङ' वास्तवमै कमजोर देखियो ।

दक्षिण कोरियाका लागि २-० को जित ऐतिहासिक रह्यो । भलै एसियाको यो टिम दोस्रो चरण पुग्न सकेन । लिग चरणको अन्तिम खेलमा प्राप्त जितले उसलाई खुसी तुल्याएको हुनुपर्छ । जर्मनीविरुद्धका उसका दुवै गोल इन्ज्युरी समयमा भए । त्यतिबेला जर्मनीलाई जसरी भए पनि गोल चाहिएको थियो र सबै अगाडि बढेर खेलिरहेका थिए । जर्मन गोलरक्षक म्यानुयल नोयरसमेत अगाडि आएर खेलिरहेका थिए । यस्तोमा दक्षिण कोरियाले काउन्टर आक्रमण रच्न सक्ने स्थिति बन्यो । दक्षिण कोरियाका लागि हाङ मिन-सुनले गरेको दोस्रो गोल 'गुड मुभ, गुड पास, गुड फिनिसिङ' को नमुना बन्यो ।

समूहको अर्को खेलमा स्वीडेनले मेक्सिकोलाई ३-० ले हरायो र समूह विजेता बन्न सफल रह्यो । स्वीडेनलाई यो खेल जसरी पनि जित्नु थियो र त्यहीअनुसार खेल्यो पनि । बलमाथि नियन्त्रण राखेर स्वीडेनले लगातार आक्रमण गरिरहेको थियो । गोल निकाल्न सफल पनि रह्यो । मेक्सिकोले छनोट भइसकेको मानसिकताले खेलेको हुनुपर्छ, जबकि त्यस्तो स्थिति थिएन । यसअघिका दुई खेलमा राम्रो गरेको मेक्सिकोले त्यस्तै खेल पस्कन सकेन । यो समूहबाट स्वीडेन र मेक्सिको दोस्रो चरण पुग्नेछन्, जर्मनी अन्तिम स्थानमा हुनेछ भनेर धेरै कमैले मात्र सोचे होलान् । जर्मनीको यो प्रदर्शनले त्यहाँको फुटबललाई धेरै घाटा हुनेछ ।

जित्ने दबाबमा रहेको ब्राजिलले त्यसैअनुसार खेलेर नतिजा निकाल्न सफल रह्यो । ब्राजिल ७ अंकसहित समूहको शीर्षस्थानमा रह्यो । सर्बियाविरुद्ध ब्राजिलले गरेका दुई गोल स्तरीय थिए । त्यसमा ब्राजिलका लागि पाउलिन्होले गरेको पहिलो गोल निकै राम्रो थियो । यो पनि 'गुड मुभ, गुड पास, गुड फिनिसिङ' को अर्को उदाहरण बनेको छ । स्वीट्जरल्यान्ड यो समूहको दोस्रो स्थानमा रहेर अगाडि बढ्न सफल रह्यो । उसले कोस्टारिकालाई २-२ को बराबरीमा रोक्यो । स्वीस टोलीले अग्रता लिएर पनि दुवै अवसर गुमाएर दबाबमा आयो ।






# बाढीले कोदारी राजमार्ग ठप्प

सिन्धुपाल्चोक (कास)- कोदारी राजमार्गअन्तर्गत बाह्रबिसे-तातोपानी खण्डको लार्चामा बाढीले सडक बगाउँदा सवारी आवागमन ठप्प छ। पैदल आउजाउ गर्नसमेत मुस्किल भएको छ। वर्षासँगै बुधबार राति भैरवखुण्ड खोलामा आएको बाढीले सडक बगाएको हो।

दैनिकजसो भइरहेको वर्षाका कारण राजमार्गका सिरिसे, डाक्लाङ, झिर्पुलगायत दर्जनौं स्थानमा पहिरो जान थालेको छ। नयाँ पुल, मंगलबारेमा पहिरो झर्न थालेको इलाका प्रहरी बाह्रबिसेले जनाएको छ। बाह्रबिसे-तातोपानी (२६ किमि) खण्ड दैनिक भासिन थालेपछि सुक्खा बन्दरगाह निर्माण गरिरहेका कम्पनी र आयोजनाको एक्साभेटर पहिरो हटाउन तयारी अवस्थामा राखिएका छन्। सडक बगेको स्थानमा बन्दरगाह निर्माणकर्ता कम्पनीकै एक्साभेटर लगाएर डाइभर्सन खोल्ने प्रयास भइरहेको भैरवकुण्ड आयोजनाका पुष्पराज डाँगीले बताए। 'वर्षा धेरै भएको दिन यस्तै अवरोध भइहाल्छ, सडकको समस्या दोहोरिरहन्छ,' उनले भने।

पहिरोले यात्रु बाटैमा अलपत्र पर्ने गरेको इलाका प्रहरी बाह्रबिसेका प्रहरी निरीक्षक यादव थापा क्षेत्रीले बताए। उनका अनुसार बाह्रबिसे तातोपानी सडकखण्डमा दैनिक जस्तो पहिरो झर्न थालेको छ। पहिरोको जोखिमले स्थानीय त्रासमा छन्।

## जिप खस्दा २ बेपत्ता

म्याग्दी (कास)- सदरमुकाम बेनीतर्फ गइरहेको लु२च २४५४ नम्बरको डबल क्याबिन भएको बोलेरो जिप बिहीबार दिउँसो रघुगंगा गाउँपालिका-१ तिप्ल्याङ नजिक नदीमा खस्दा चालक रवि खड्का र सविता परियार बेपत्ता भएका छन्।

## पुल बगेपछि विद्यालय बन्द

बागलुङ (कास)- बाढीपहिरोले बाटो थुनेपछि काठेखोला-८ कादेशको लेखानी मावि बन्द गरिएको छ। डांग्रेखोला र दोबिल्ला खोलामा बाढीसँगै खसेको पहिरोले सडक र पुल बग्दा सातादेखि पढाइ ठप्प भएको हो।

उक्त विद्यालयमा १ सय २० विद्यार्थी पढ्छन्। बालबालिका आउन सक्ने अवस्था नभएकाले बर्खे बिदामा कटाउने गरी पढाइ रोकिएको विद्यालयले जनाएको छ। लेखानीबाट कादेश जोड्ने सडक दुई ठाउँ भासिएको छ। रूख ढलेका छन्। ठाउँठाउँमा पहिरो खस्ने क्रम रोकिएको छैन। स्थानीय बासिन्दा जंगलको बाटो घुमेर सास्ती बेहोर्न बाध्य छन्। झन्डै एक किमिमाथिको काफलठुटादेखि खसेको पहिरोले ठूलो मात्रामा खेतीयोग्य जमिन पुरेको छ। खोला बढेर तर्न नसकिने अवस्था छ।

कादेशको वडा कार्यालय आउने, सदरमुकाम झर्ने तथा विद्यालय र स्वास्थ्य चौकीलगायतमा सेवा लिन जाने बाटो यो एउटै हो। बारीमा फलाएको तरकारीसमेत बजार पठाउन नसकेको लालकुमारी पुनले बताइन्। बाढीले वडा नम्बर ५ को गैह्रीखेत कर्लिम जोड्ने सडकसमेत बगाएको छ। खोला गहिरिएकाले स्थानीय जोखिम मोलेर वारपार गर्न बाध्य छन्।

# विषाक्त मदिराले थप २ को मृत्यु

■ श्यामसुन्दर शशि

जनकपुर- कमला नगरपालिकाको लक्करमा विषाक्त मदिरा सेवनले थप दुईको मृत्यु भएको छ। बुधबार मध्यराति भट्टी सञ्चालकसमेत रहेका कमला नगरपालिका-५ का ५२ वर्षीय गंगा पासवान र ६ का ३८ वर्षीय राजवीर महतोको मृत्यु भएको हो। गंगाको उपचार क्रममा जनकपुर अञ्चल अस्पताल र राजवीरको सिरहाको मिर्चैयास्थित मंगल अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ।

बुधबार बिहान विषाक्त मदिरा सेवनकै कारण ४ जनाको ज्यान गएको थियो भने ४ जना गम्भीर बिरामी छन्। जिल्ला प्रहरीका डीएसपी दीपेन्द्र शाहीका अनुसार सबैजनाले लक्करस्थित भट्टी पसलहरूमा मदिरा सेवन गरेका थिए। प्रहरीले त्यस क्षेत्रमा घरेलु मदिराको अवैध उत्पादन र बिक्रीमा संलग्न ७ जनालाई नियन्त्रणमा लिएर कारबाही अगाडि बढाएको छ।

यसअघि बुधबार बिहान कमला नगरपालिका-५ लक्करका ३७ वर्षीय मनिक पासवान, ५५ वर्षीय रामचन्द्र पासवान, ४० वर्षीय रामनाथ पासवान र कमला नगरपालिका-६ सिग्याही मडानका ४७ वर्षीय साविर मियाँ अन्सारीको मृत्यु भएको थियो। लक्करकै ४० वर्षीय जामुन पासवान, विन्देश्वर पासवान, असलदेव पासवान, वडा-६ का ४५ वर्षीय विनयकुमार ठाकुर र भारत मोतिहारीका ३३ वर्षीय मनोज साहको उपचार भइरहेको छ।

छिमेकी दुई गाउँका ६ जनाको विषाक्त मदिरा सेवनले मृत्यु भएपछि कमला नगरपालिका क्षेत्रमा शोक छाएको छ। कांग्रेस धनुषाका सचिव तथा स्थानीय विशेश्वर यादवले दुई दिनदेखि सिंगो गाउँ शोकमा डुबेको बताए। 'कसैका घरमा पनि खाना पाकेको छैन। विषाक्त रक्सी उत्पादकविरुद्ध स्थानीय आक्रोशित छन्,' उनले भने। प्रहरीले मदिराको नमुना संकलन गरी परीक्षणका लागि फोरेन्सिक ल्याबमा पठाएको छ। डीएसपी शाहीले परीक्षण रिपोर्टपछि घटनाबारे थप रहस्य खुल्ने बताए।

**हुँदैन कारबाही**

विषाक्त मदिरा सेवनले सर्वसाधारणको ज्यान गएको यो पहिलो घटना होइन। २०४८ मा जनकपुरमा १९ जनाको मृत्यु भएको थियो। २०६२ मा पनि ६ जनाले अकाल ज्यान गुमाए। प्रहरी-प्रशासनको मिलेमतो र राजनीतिक संरक्षणमा अवैध मदिरा उत्पादन खुलेआम हुने गरेको स्थानीय बासिन्दाको आरोप छ।

धनुषा प्रहरीमा काम गरिसकेको एकजना तत्कालीन प्रहरी सहायक निरीक्षकका अनुसार १९ जनाको ज्यान जाने गरी भएको विषाक्त मदिरा प्रकरणमा त्यतिबेला ७ जना अवैध रक्सी उत्पादक तथा बिक्रेतालाई नियन्त्रणमा लिएर मुद्दा चलाइएको थियो। प्रमाणको अभाव देखाउँदै सबै अदालतबाट छुटे। २०६२ मा विक्रेता प्रमाणकै अभावमा कारबाहीबाट जोगिए।

स्रोतका अनुसार जनकनन्दनी गाउँपालिका-२ पोखरिया टोलका विन्देश्वर साह र फुलवा साहको घरेलु मदिराको अवैध उद्योग छ। इलाका प्रहरी कार्यालय खजुरीको मिलेमतो र राजनीतिक दलका नेताको संरक्षणमा सञ्चालित दुवै उद्योगमा उत्पादित मदिरा जनकनन्दनी गाउँपालिका, कमला र विदेह नगरपालिकासँगै सीमावर्ती भारतीय गाउँसम्म पुग्छ। 'जनकनन्दनी गाउँपालिको कार्यालयबाट ५० मिटरको दूरीमा स्थानीय काले भुजेलले पनि घरेलु मदिरा उत्पादन गर्छन्,' स्रोतले भन्यो। सवैला नगरपालिकामा रामचन्द्र जयसवाल पनि अवैध रक्सी उत्पादनमा संलग्न छन्। त्यहाँको मदिरा धनुषाको हंसपुर र सहिदनगर नगरपालिकासँगै सिरहा जिल्लासम्म बिक्री-वितरण हुन्छ।

## 'मदिरामुक्त प्रदेश बनाऊँ'

जनकपुर (कास)- प्रदेशसभा सदस्यहरूले प्रदेश २ लाई मदिरामुक्त घोषणा गर्न दबाब दिएका छन्। धनुषाको पूर्वोत्तर कमला नगरपालिकामा विषाक्त मदिरा सेवनले ६ जनाको ज्यान गुमेको भन्दै उनीहरूले दोषीलाई कडा कारबाहीको माग गरे।

प्रदेशसभाको बिहीबार बसेको बैठकमा विशेष समयमा बोल्दै नेकपामा सांसद रामचन्द्र झाले घरेलु रक्सी बिक्री-वितरण गर्नेलाई कारबाही हुनुपर्ने माग गरे। उनले धनुषाको लक्कर, सिंग्याहीमडान, बलहागोठ, इनर्वा र पोखरियामा अवैध भट्टी सञ्चालनमा रहेको बताए। 'अवैध भट्टी नियन्त्रण गर्न र लक्कर घटनाका दोषीलाई कडा कारबाहीको माग गर्छु,' उनले भने।

कांग्रेस सांसद नरेश यादवले प्रदेश २ लाई मदिरामुक्त घोषणा गर्न सभामुखको ध्यानाकर्षण गराए। 'मदिराले स्वास्थ्य र समाज दुवैलाई नोक्सानी पुर्‍याइरहेको छ,' उनले भने, 'प्रदेश सरकारले विशेष तयारी गरेर प्रदेश २ लाई मदिरामुक्त घोषणा गर्नुपर्छ।' उनले रक्सी सेवनले मानिसको ज्यान नै जान थालेपछि प्रदेश सरकार गम्भीर हुनुपर्ने बताए।

अर्का सांसद पारसप्रसाद साहले पनि यो प्रकरणको गम्भीरतापूर्वक छानबिन गर्नुपर्ने माग गरे। उनले भारतको बिहार राज्यजस्तै प्रदेश २ मा पनि मदिराको बिक्री-वितरण र सेवनमा रोक लगाउनुपर्ने सुझाव दिए। 'लक्करको जस्तो घटना अरू ठाउँमा नहोस्। यस्तो दुखद् घटना रोक्न पनि प्रदेश २ लाई मदिरामुक्त घोषणा गर्नुपर्छ,' सांसद साहले भने, 'प्रदेश सरकार तुरुन्तै एक्सनमा गएर मदिरा नियन्त्रणको व्यवस्था गरोस्।'

प्रदेशसभा सदस्य विन्देश्वरप्रसाद साहले खुलेआम बिक्री हुने घरेलु रक्सीको लतले धेरै परिवारको बिजोग भएको उल्लेख गर्दै प्रदेश २ मा मदिरा नियन्त्रण गर्नुपर्ने बताए। 'सर्वसाधारणलाई मदिराको सहज पहुँचबाट टाढा राख्नुपर्छ,' उनले भने, 'लाइसेन्स प्राप्त पसलबाट मात्रै बिक्री-वितरण खुला गर्नुपर्छ।'


**SUNRISE Education & Visa Services**

EDUCATION & MIGRATION EXPO FOR AUSTRALIA
Organized by Registered Migration Agent of Australia

| STUDENTS | MIGRATION |
|---|---|
| • Low percentage (%) | • CA Professionals. |
| • Low score in IELTS / PTE. | • IT Professionals. |
| • Have Gap Year. | • Engineers. |
| • Already refused student visa. | • Cook /Chef. |
| • Student dependent visa. | • Pastry Cooks. |
| • Admission in all cities in Australia | • Hairdressers |

ADMISSION FOR
Diploma | Bachelor | Master's in
Accounting, IT, Engineering, Nursing, Hotel Managemenet

SEMINAR DETAILS

| BIRATNAGAR | ITAHARI | KATHMANDU |
|---|---|---|
| Date: Sunday, 1 July | Date: Sunday, 1 July | Date: Tuesday, 3 July 2018 |
| Time: 2pm to 4pm | Time: 11am to 1pm | Time: 12pm to 2pm |
| Venue: Hotel Namaskar Main Road, Biratnagar Conference Room | Venue: Pathibhara Hotel Bista Complex, Itahari Conference Room | Conference Room Sunrise Head Office Putalisadak Main Chowk Level 2 in Patabjali Shop Building (Cross Road from Dillibazar to Bagbazar Corner Building) |

For more details
SUNRISE EDUCATION & VISA SERVICES
9843588448 | 9863604034



**काठमाडौं उपत्यकाका लागि वितरक चाहियो**

**आवश्यक योग्यताहरु**

- आर्थिक रुपमा सक्षम
- न्यूनतम पाँचवटा टाटा ४०७/२०७ गाडीहरु
- वयरहाउसको लागि न्यूनतम २००० वर्ग फिट एरिया

इच्छुक व्यक्ति वा कम्पनीले उल्लेखित फोन नम्बर वा इमेलमा कल वा मेल गर्नुहोला।

श्री प्रदिप राणा ९८०११४२७७३
इमेलः pradeep.rana@vbnpl.com.np
श्री ध्रुव क्षेत्री ९८०११४२५९६
इमेलः dhrubha.chhetri@vbnpl.com.np

pepsi

वरुण बिभरेज नेपाल प्रा. लि.
सिनामंगल, काठमाडौं
पो.ब.नं.: २९६८



नेपाल सरकार
भुमि सुधार तथा व्यवस्था मन्त्रालय
भुमि सुधार तथा व्यवस्थापन बिभाग
**मालपोत कार्यालय चितवन, भरतपुर**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना**

सुचना प्रकाशित मितिः- २०७५/०३/१५

जिल्ला चितवन दारेचोक-३ बस्ने लालमाया मगरका नाममा तपशिल बमोजिमको जग्गा दर्ता रही निज आफ्नो कालगतिबाट मिति २०७२/०४/५ मा मृत्यु भै बुवा तिर्थ बहादुर मगर २०४० साल देखी वेपत्ता भएकोमा बाबुलाल मगरको नाममा नामसारी गरी पाउँ भनी चितवन दारेचोक-३, बस्ने बाबुलाल मगरको यस कार्यालयमा निवेदन परी मिति २०७५/०३/१३ को आदेशानुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यसमा निवेदकको माग बमोजिम नामसारी गरी दिनु नपर्ने कुनै कारण भए वा निज भन्दा अन्य कोही नजिकको हकवाला भए सप्रमाण म्यादभित्र उपस्थित भई दाबी गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जानेछ। पछि कसैको उजुर बाजुर लाग्नेछैन।

| गा. वि. स. | वडा नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| दारेचोक | ३ ङ | २८४ | ०-१-० | |

जग्गा धनी लालमाया मगरको मृत्यु पश्चात हकखाने निजको पति, तिर्थ बहादुर थापा २०४० सालदेखी वेपत्ता भएकोले निजहरुको छोरा बाबुलाल मगरले नामसारी माग भएको।



**REQUEST FOR PROPOSAL (RFP)** SNV

**SNV Nepal** is working in Nepal for last 37 Years and working in three different sector WASH, Energy and Agriculture. Under WASH sector focus on improving access to basic services of water sanitation and hygiene both in urban and rural area. Currently SNV is implementing its Urban Sanitation and Hygiene for Health & Development (USHHD) Programme in 4 towns; Nepalgunj, Birendranagar, Chandannath and Khadak (Saptari). As part of improving urban sanitation, SNV is working in partnership with municipalities for improving condition of some public toilets.

**SNV Nepal** is requesting for proposal (RFP) for **"Engineering services for upgrading public toilet"**. The required services are: i) Supervision of Construction ii) detail design/drawing (architectural, structural, sanitary & electrical); iii) preparation of BOQ (Bill of Quantity), material list and cost estimation. Interested registered Nepali consulting firms are requested to review our requirement, which can be received via requesting at **nepal@snv.org** with subject line **"Engineering Services".**

Deadline of RFP submission: documents in closed envelopes clearly labelled with subject line **"Engineering Services"** should be submitted by **6 July 2018, 10:00 AM** at SNV Nepal office, Jawalakhel.



**श्री नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान**
सानो भर्‍याङ्ग, काठमाण्डौं।

**विद्यार्थी भर्ना सम्बन्धी सूचना**

१. सैनिक कल्याणकारी कोषद्वारा संचालित श्री नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, सानो भर्‍याङ्ग, भण्डारखाल, काठमाण्डौंमा श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) बाट सम्बन्धन प्राप्त प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग, प्रमाण पत्र तह सामान्य चिकित्सा, डिप्लोमा ईन फारमेसी, प्रमाण पत्र तह मेडिकल ल्याव टेक्नोलोजि, प्रमाण पत्र तह डाईग्नोष्टिक रेडियोग्राफी र प्रमाण पत्र तह फिजियो थेरापीमा शैक्षिक शत्र २०७५/०७६ को लागि CTEVT द्वारा मिति २०७५/०३/१३ गते बाट गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार यस संस्थानमा भर्ना हुन ईच्छुक विद्यार्थीहरुलाई प्रवेश परीक्षाको लागि दरखास्त आव्हान गरिन्छ।

२. आवेदन फाराम पाईने र बुझाउने स्थानः नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, सानो भर्‍याङ्ग, भण्डारखाल, काठमाण्डौं।

३. फाराम वितरण र बुझाउने मितिः मिति २०७५/०३/१५ गतेदेखि मिति २०७५/०४/०२ गतेसम्म (प्रत्येक दिन १०:०० बजेबाट १५:०० बजे सम्म)।

३. सम्पर्क नं.: नर्सिङ्गको लागि ०१-४८८००६७, अन्य विषयको लागि ०१-४८८१६३५९



**अर्जेन्ट आवश्यकता**

४-स्टार होटल विरगंजलाई

- लेडिज अकाउन्टेन्ट : ३५,०००।- (स्वस्तिक S.W. चलाउनेजान्ने)
- असिस्टेन्ट अकाउन्टेन्ट : १८,०००।- (दुईपाङ्ग्रे लाईसेन्स भएको)
- हाउसकिपिङ सुपरभाईजर : १८,०००।-
- स्वीमिङपुल टेक्निसियन : १८,०००।-
- लेडिज रिसेप्सनिष्ट (5'3") : १८,०००।-
- अल्राउन्डर कुक : २२,०००।-
- कुक हेल्पर : १३,०००।-
- लेडिज हाउसकिपिङ : १३,०००।-
- वेटर : १४,०००।-
- बार टेन्डर : २०,०००।-
- काम सिक्ने भाँडा माझ्ने : ११,०००।-

नोटः १० घण्टा, Weekly छुट्टी, वार्षिक बोनस साथै अनुभवीले मात्र सम्पर्क गर्नुहोला

सम्पर्कः 9851041997, 9860807489



**DIPLOMA IN PHARMACY/LAB TECHNICIAN/GENERAL MEDICINE (H.A.) मा भर्ना सम्बन्धी सूचना**

CTEVT बाट मान्यता प्राप्त गरी विगत १५ वर्षदेखि निरन्तर रूपमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्दै आएको यस कलेजमा आगामी शैक्षिक सत्र २०७५/०७६ का लागि DIPLOMA IN PHARMACY/ LAB TECHNICIAN/GENERAL MEDICINE (H.A.) मा भर्नाका लागि आवेदन खुल्ला गरिएको छ।

| DIPLOMA IN PHARMACY | GENERAL MEDICINE (H.A.) | LAB TECHNICIAN |
|---|---|---|
| सिट संख्याः ४० मात्र | सिट संख्याः ४० मात्र | सिट संख्याः ३० मात्र |

फाराम भर्ने अन्तिम मिति : २०७५ श्रावण २ गते, ४ बजे सम्म
प्रवेश परीक्षा पूर्ण शुल्कीय तर्फः २०७५ श्रावण १९ गते, विहान ७ बजे देखि

कलेज शनिवार पनि खुल्ला रहने छ।

भर्ना एवं विस्तृत जानकारीको लागिः
**कान्तिपुर कलेज अफ् मेडिकल साईन्स**
सितापाईला, काठमाडौं, फोनः ०१-४२७९७२३, ०१-४०३८३१७
Website: www.kcms.edu.np, E-mail: collegekcms@gmail.com



**CTEVT बाट सम्बन्धन प्राप्त**
१० कक्षा (SEE) पछि प्राविधिक शिक्षामा
भर्ना खुल्यो!!! भर्ना खुल्यो!!!

**Diploma in Pharmacy**

Other Running Programs :
**BPH & B.Pharma**

फाराम भर्ने अन्तिम मिति : २०७५ श्रावण २ गते सम्म

Little Buddha College of Health Science
Min Bhawan, Kathmandu, Nepal
Tel.: 01-4784458, 4784459



**भर्ना खुल्यो! भर्ना खुल्यो!!**

SEE/SLC उत्तीर्ण विद्यार्थीहरुका लागि
❖ PCL Medical Lab- (३वर्षे) न्युनतम 'C' ग्रेड)
❖ PCL Radiography- (३वर्षे) न्युनतम'C' ग्रेड)

निःशुल्क प्रवेश परिक्षाको तयारी कक्षाहरु संचालन भइरहेका छन्।

फाराम बुझाउने अन्तिम मितिः २०७५ श्रावण २ गते बुधबार

**Yeti Health Science Academy**
(Affiliated to Purbanchal University & CTEVT)
कान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं (टिचिङ्ग तथा कान्ति वाल हस्पिटलको ठीक पछाडि)
फोनः ४४२८३४९, ४४१८१३४, ४४३९५१२, ४४२०१०२ www.yhsa.edu.np



त्रिभुवन विश्वविद्यालय
**विश्वभाषा क्याम्पस**
प्रदर्शनीमार्ग, काठमाडौं

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

यस क्याम्पसको वर्षे सत्र २०७५ साउन १७ गते देखि कक्षा संचालन हुने चिनियाँ, फ्रेन्च, जर्मन, स्पेनिस, जापानी, रुसी, इटालियन, कोरियन, अरेबिक, प्रारम्भिक अंग्रेजी र लेखन अंग्रेजी भाषाहरुमा नयाँ भर्ना खुला गरिएको छ। यी मध्ये कुनै एक भाषा पढ्न इच्छुक विद्यार्थीहरुले तोकिएको समयभित्र आवेदन फारम भरी क्याम्पसमा प्रकाशित सूचना अनुसार भर्ना हुन सूचित गरिन्छ।

१. न्यूनतम जानकारी
   क) फारम लिने र बुझाउने समयः २०७५ आसार १८ देखि २६ गते (बिहान ११:०० देखि दिउसो २:०० बजे) सम्म।
   ख) आवश्यक न्यूनतम शैक्षिक योग्यताः अंग्रेजी लेखन बाहेक सबै भाषाको लागि एस. एल. सी. वा एस. ई. ई. मा कम्तीमा C Grade प्राप्त वा सो सरह उत्तिर्ण भएको हुनुपर्ने।
   ग) अंग्रेजी लेखनको लागि त्रि. वि. बाट स्नातक वा सो सरह उत्तिर्ण भएको हुनुपर्ने।
   घ) आवेदन फारम दर्ता गर्न आउँदा अनिवार्य रुपमा सक्कल प्रमाणपत्र देखाई प्रतिलिपि रुजु गराउनुपर्ने।
२. माथी दिइएका भाषाहरुको दोस्रो देखि माथिका सेमेष्टरको भर्ना २०७५ साउन ११ गते देखि १५ गते सम्म हुनेछ।
३. लेभल टेष्ट (Level Test) को फारम वितरण २०७५ साउन ११ देखि १६ सम्म मात्र र परीक्षा २०७५ साउन २० मा हुनेछ। लेभल टेष्ट (Level Test) उत्तीर्ण गरेका विद्यार्थीहरुको भर्ना २०७५ साउन २२ देखी २४ सम्म।

(नोटः थप जानकारीको लागि क्याम्पस प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ।)

क्याम्पस प्रमुख



**युनिग्लोव मा.वि. / कलेजको भर्ना सम्बन्धी सूचना**

आदरणीय अभिभावक ज्यू तथा शिक्षार्थीहरु,

यस युनिग्लोव मा.वि., कमलादीको कक्षा ११ को **व्यवस्थापन (Management)** तथा **विज्ञान (Science)** विषयमा शैक्षिक सत्र २०७५ को लागि लिइने प्रवेश परीक्षा एवम् कक्षा सञ्चालन तल उल्लेखित तालिका अनुसार हुनेछ :

| | | |
|---|---|---|
| प्रवेश परीक्षा (Management) | : | आषाढ १६ गते (शनिवार) |
| समय | : | बिहान ७:०० बजे देखी |
| प्रवेश परीक्षा (Science) | : | आषाढ १९ गते (मंगलवार) |
| समय | : | बिहान ७:०० बजे र ११:०० बजे |
| स्थान | : | युनिग्लोव मा.वि./कलेज, कमलादी, काठमाडौं। |
| कक्षा सञ्चालन | : | श्रावण १ गते, मंगलवार देखी। |

Uniglobe SS/College
Bringing the best together

**युनिग्लोव मा.वि./कलेज**
कमलादी, गणेशस्थान, काठमाडौं।
फोनः ०१-४२५१४०९, ४२२१८७५

Email: info@uniglobecollege.edu.np Web: www.uniglobecollege.edu.np



PLAN INTERNATIONAL | 40 YEARS IN NEPAL

**VACANCY ANNOUNCEMENT**

Plan International is an independent development and humanitarian organisation working in 51 developing countries that advances children's rights and equality for girls.

Plan International has been working in Nepal since 1978, helping marginalised children, their families and communities to access their rights to health, education, economic security and protection. Through the support of local partners, Plan International works in 42 districts in Nepal. We take active measures in recruitment and employment practices to ensure children are protected.

Plan International Nepal invites application from interested and eligible candidates for the following fixed term positions for 3 years based in Country Office, Lalitpur:

1. ECD and Education Program MER Specialist
2. Girls Agency and Child Protection Program MER Specialist
3. Wash and Resilience Program MER Specialist
4. Research Evaluation and Knowledge Management Specialist

**To Apply,**

Log on to **www.merojob.com/plan-international-v78** and click **"Apply Now"** icon below the details of job position. The deadline for application is **Friday, 13 July 2018.** Applications are solely accepted through merojob online application procedures. Only shortlisted candidates will be contacted for further selection process. Canvassing at any stage of processes shall lead to automatic disqualification.

Plan International strongly encourages female applicants, applicants from dalit, madhesi, janajati, marginalised ethnic groups and offers proactive support and capacity development for female staff and staff from marginalised groups.

SAY YES! TO KEEPING CHILDREN AND YOUNG PEOPLE SAFE AND PROTECTED

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...

## संस्थापक शेयरधनीहरूलाई जरुरी सूचना

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थापक समुहमा हाल कायम रहेको ७० प्रतिशत शेयर संरचनालाई ६० प्रतिशत हुने गरी शेयर संरचना परिवर्तन गर्न मिति २०७४/१२/२८ गते बसेको १८ औं वार्षिक साधारण सभाबाट स्वीकृति प्रदान भई सोही अनुरूप कम्पनीको प्रबन्धपत्र र नियमावलीमा गरिएको संशोधन श्री बीमा समितिको स्वीकृती पश्चात मिति २०७५।०२।०४ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख समेत भईसकेको व्यहोरा अनुरोध गर्दछौं ।

यसै क्रममा संस्थापक समूहमा रहेको शेयर आफ्नो हक हिस्सा अनुपात बमोजिम सर्वसाधारण समूहमा परिवर्तन गर्न ईच्छुक नभएका शेयरधनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कम्पनीको प्रधान कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा निवेदन दिनुहुन अनुरोध गर्दछौं । यो सुचनाको म्याद भित्र संस्थापक शेयरधनीहरूबाट कुनै निवेदन प्राप्त नभएमा संस्थापक शेयर अनुपात सर्वसाधारण समुहमा परिवर्तन गर्न मञ्जुर रहेको ठानी सोही बमोजिम सर्वसाधारण समुहमा परिवर्तन गर्ने तर्फ प्रकृया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराउदछौं । साथै आफ्नो हक हिस्सामा पर्ने संस्थापक शेयर सर्वसाधारण समुहको शेयरमा परिवर्तन नगर्ने भनि निवेदन दिनुहुने शेयरधनीहरूको हक हिस्सा बाँकी रहेका संस्थापकहरूले त्यस्तो शेयरको अनुपातमा उपयोग गर्न सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

रजिष्टर्ड कार्यालय, विरगञ्ज पर्सा
प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
इमेल: info@nepallife.com.np. वेबसाइट: www.nepallife.com.np


# 'द्रुतमार्गमा समस्या रहनुहुन्न'

■ चन्द्रशेखर अधिकारी

काठमाडौं- उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले भारत र चीनलाई समेत जोड्ने लक्ष्यसहित अघि बढेको रणनीतिक/आर्थिक महत्त्वको द्रुतमार्ग (एक्सप्रेस वे) निर्माणमा कुनै समस्या रहन नहुने बताएका छन् । मन्त्रालयमा बिहीबार आयोजित बैठकमा उनले नेपाली सेनाको जिम्मा रहेको भए पनि मुलुककै महत्त्वपूर्ण परियोजना भएकाले सहकार्यमा काम अघि बढाउन मन्त्रालयगत जिम्मवारी लिएका निकायलाई निर्देशन दिएका हुन् । बैठकमा परामर्शदाता नियुक्ति, सुरुङमार्ग, आयोजना तथा जोखिमभत्ता, ऐलानी जग्गा, भोगाधिकार, जग्गा अधिग्रहण एवं पुनर्वास, खोकना-बुंगमती रेखांकन, निर्माणसामग्री उपयोग र खरिद सम्झौता संशोधनलगायत विषयमा छलफल भएको थियो ।

यस्तै, खोकनालाई नै जिरोकिलो मानेर काम गर्न निर्देशन भएको अधिकारीहरूले बताए । ५० प्रतिशतभन्दा बढी खोकनावासीलाई मुआब्जा बुझाइसकेपछि उत्पन्न विवाद समाधान नगरी विकल्पका रूपमा फर्सिडोल पुऱ्याउन लागिएको विषयमा छलफल भएको थियो । जिरोकिलो अन्यत्र सार्न मन्त्रीस्तरीय निर्णय चाहिन्छ । तर त्यही स्थानलाई जिरो मानेर काम गर्ने निर्णय यसअघि भएकाले अर्को निर्णय आवश्यक छैन । पुरानो कार्यविधि परिवर्तन गर्दै रक्षामन्त्रीको नेतृत्वमा अनुगमन, मूल्यांकन र समन्वय समिति बनेपछि सम्बन्धित सबै पक्षलाई बोलाएर मन्त्रालयमा पहिलो बैठक बसेको थियो । नेपाली सेनाको परियोजना हेर्ने विभागले प्रगति विवरण र समस्याका विषयमा प्रस्तुतिसमेत दिएको थियो ।

५४ किलोमिटर क्षेत्रमा २८ ठेकेदार कम्पनीले काम अघि बढाइसकेको उक्त मार्गको काठमाडौं उपत्यका जोड्ने जिरो प्वाइन्टका विषयमा भएको विवाद टुंगिएको र यसको केही सामान्य पक्षसमेत आगामी बैठक सम्ममा टुंगो लगाइसक्ने बताइएको

- अन्ततः जिरोप्वाइन्ट खोकना नै
- विभिन्न आठ विषयमा अनुगमन समितिमा छलफल

छ । नयाँ निर्णय नलिएमा पुरानो स्थानमा मुआब्जा दिएको खण्डमा समस्या नरहने बताइएको छ । लामो समयसम्म समस्या नसल्टिएपछि सेनाले खोकनाको जिरोकिलोलाई फर्सिडोल सार्ने योजना बनाएको थियो । स्थानीयको अवरोधका कारण विभिन्न विकल्प खोज्न बाध्य भएको निर्माण पक्षको भनाइ रहे पनि अन्ततः खोकनालाई जिरो प्वाइन्ट बनाउने गरी काम अघि बढेको बैठकमा सहभागीले बताए । रक्षासचिव विष्णु लम्सालले विभिन्न समस्या समाधानका लागि अनुगमन समितिमा छलफल भएको बताए । उनका अनुसार सेनालाई दिइएको जिम्मेवारीको २५ प्रतिशत काम भइसकेको छ भने वर्षामा पनि काम अघि बढिरहेको छ । रक्षामन्त्री पोखरेलले स्थलगत अध्ययन अनि जनताको धारणा लिएर कार्यविधि परिवर्तन गराएका थिए । स्थानीयलाई मर्का नपर्ने गरी उक्त द्रुतमार्ग निर्माण गरिने बताइएको छ । निजगढबाट जिरोकिलो आउने र त्यहाँबाट तीन सहर सजिलै पुगिने गरी योजना अघि बढ्ने निर्माण पक्षको धारणा छ ।

नेपाली सेनाले एसियाली विकास बैंकको अध्ययनलाई आधार मानेर द्रुतमार्गको काम अघि बढाएको हो । अहिले सेनाले डीपीआरमा पनि काम गरिरहेको छ । कम्पनी छनोट गरी काम अघि बढेको सेनाले बताएको छ । खोकनावासीले पुरानो सिकाली मन्दिर, कुदेश (हजार वर्ष पुरानो सभ्यता र बस्तीको पुरातात्त्विक स्थान) र त्यहाँको घाट तथा बस्तीलाई असर नगर्ने गरी काम अघि बढाउन आग्रह गर्दै आएका छन् । यही विषयलाई ध्यान दिएर काम गराउने पक्षमा सरकार रहेको धारणा छलफलका सहभागीले व्यक्त गरेका थिए । जोखिमस्तरमा काम गर्ने सेनालाई त्यसअनुरूपको भत्ता र खाजाखर्च उपलब्ध गराउने विषयमा समेत अनुगमन समितिले सिफारिस गरेको छ । प्रदेशको अधिकारका आधारमा कुनै समस्या नरहोस् भनेर त्यहाँ प्राकृतिक स्रोतसाधन उपयोगमा स्पष्ट नीति लिने बताइएको छ ।

सेनाले दस स्थानमा शिविर खडा गरेर काम अघि बढाएको भए पनि खोकना क्षेत्रको विवाद सम्बोधन नहुँदा त्यस क्षेत्रमा भने काम अघि बढ्न सकेको छैन । अब त्यहाँ पनि अन्यत्रझैं काम अघि बढाउन रक्षामन्त्रीले निर्देशन दिएका छन् ।

# 'सुन अनुसन्धानबारे बोल्न मिल्दैन'



'सरकारले गठन गरेको विशेष प्रकृतिको अनुसन्धान समितिले गरेको काम प्रश्न उठाउने विषय होइन ।'

काठमाडौं (कास)- प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले संगठित सुन तस्करीमाथि सरकारले गठन गरेको विशेष समितिले केही उच्चपदस्थ प्रहरीमाथि अनुसन्धान गरिरहेका विषयमा बोल्न नमिल्ने बताएका छन् । प्रहरी प्रधान कार्यालयमा बिहीबार आफ्नो कार्यप्रगति सार्वजनिक गर्दै खनालले आफू नियुक्त हुनुअघि गठित समितिको कामकारबाहीबारे टिप्पणी गर्ने कानुनी आधार नभएको बताए । उनले भने, 'सरकारले गठन गरेको विशेष प्रकृतिको अनुसन्धान समितिले गरेको काम प्रश्न उठाउने विषय होइन ।'

सनम शाक्यको हत्या र संगठित सुन तस्करीमाथि अनुसन्धान गर्न मन्त्रिपरिषद्ले गृह मन्त्रालयका सहसचिव ईश्वरीप्रसाद पौडेलको संयोजकत्वमा समिति गठन गरेपछि उच्च प्रहरी अधिकारी पक्राउ परेका थिए । प्रहरीको सेटिङमा सुन तस्करी हुने र तस्करीको सुनको लाभांश प्रहरी अधिकारीले पनि पाउने देखिएको भन्दै एसएसपी श्याम खत्री, पूर्वडीआईजी गोविन्द निरौला, एसपी विकासराज खनालसमेत मुछिएका छन् ।

आईजीपी खनालले वर्षौंदेखि रोकिएको सरुवाबढुवाको प्रक्रिया सुचारु गर्नुलाई आफ्नो विशेष कामका रूपमा प्रस्तुत गरे । खनाल आईजीपी भएपछि प्रहरी जवानदेखि प्रहरी नायब महानिरीक्षकसम्मका ९ हजार ७ सय ४३ प्रहरीको सरुवा तथा पदस्थापन भएको छ भने २ हजार ५ सय १९ जनाको बढुवा भएको छ । त्यस्तै, प्रहरीमा रिक्त दरबन्दी पूर्ति गर्न यही अवधिमा ४९ प्राविधिक प्रहरी नायब निरीक्षक भर्ना गरिएको छ । प्रहरी सहायक निरीक्षकको पनि भर्ना प्रक्रिया चलिरहेको छ । १ हजार १ सय १५ रिक्त प्रहरी जवानको पूर्तिका निम्ति प्रहरी प्रधान कार्यालयले लोकसेवा आयोगसँग सहमति लिइसकेको छ ।

मानव बेचबिखन र साइबर अपराध हेर्न छुट्टै विभाग

खनालले संगठनात्मक सुधारका क्षेत्रमा काम सुरु भएको बताउँदै मानव बेचबिखन र साइबर अपराधको मुद्दा हेर्न छुट्टै विभाग गठन गर्ने प्रक्रिया अघि बढेको बताए । उनले संघीय संरचनामा प्रहरीलाई लैजान संगठनात्मक सुधारको काम अगाडि बढिरहेको बताए । संघीय संरचनामा जाँदा प्रहरीलाई जनशक्ति अपुग हुन सक्ने भन्दै जेठ २७ को मन्त्रिपरिषद्ले ३ हजार १ सय १ नयाँ दरबन्दी थपेको छ ।

खनालले प्रदेश कार्यालय स्थापना हुन बाँकी रहेका २ र ५ मा छिट्टै स्थापना गरिने जानकारी दिए । उनले प्रहरी संगठन सुदृढीकरणका विभिन्न बुँदासमेत सार्वजनिक गरेका छन् । प्रशासनिक सुधार, भौतिक पूर्वाधार, मानव स्रोत विकास, प्रविधि र आर्थिक अनुशासनका क्षेत्रमा सुदृढीकरण गरिने योजना आईजीपी खनालले अगाडि सारेका छन् जसमा भद्रौदेखि लागू हुने फौजदारी आचारसंहिता कार्यान्वयनका लागि तयारीदेखि आर्थिक अनुशासनमा कडाइ गर्नेसम्मका सुधार योजना समेटिएका छन् । सुदृढीकरण योजनामा प्रहरीका लागि जिल्ला स्तरसम्म फिटनेस सेन्टर निर्माणदेखि प्रहरी एकाइका लागि थप दरबन्दीसम्मका योजना समेटिएका छन् ।

प्रहरी इकाइ नभएका चार नगरपालिका र २६ गाउँपालिकामा आगामी आर्थिक वर्षभित्र इलाका प्रहरीस्तरका कार्यालय स्थापना गरिने र तिनमा १ हजार ६५ प्रहरी जनशक्ति रहने आईजीपी खनालले बताए । रिक्त ती स्थानमध्ये १४ वटामा प्रहरी निरीक्षकको कमान्डमा कार्यालय रहनेछ भने १६ स्थानमा प्रहरी नायब निरीक्षकको कमान्डमा कार्यालय रहनेछ । आईजीपी खनालले भने, 'संघीय संरचनाअनुसार प्रहरी संरचनालाई अगाडि बढाउन कानुन निर्माणदेखि अन्य काम भइरहेको छ ।'


VSO is the world's leading international development organization that works through volunteers to fight poverty. Working in 24 countries around the world,our unique role in international development is to place committed volunteers with carefully selected organizations where their skills can have the greatest impact. We're not about delivering quick fixes, but instead we focus on long-lasting, sustainable change, that will impact generations to come. Join us and help us work towards our vision of a world without poverty.

| Job title | Role Overview | Require number | Location | Job Link |
|---|---|---|---|---|
| Project Coordinator- ICS | Managing projects at a community level, this person will be responsible for effective ICS project delivery by supporting Team Leaders, partners, host homes and volunteers through pastoral support, guidance on project implementation and ensuring safety, security and welfare processes in the project implementation community. | 1 | Within ICS Project Locations | https://tinyurl.com/ybs4yyqc |

To know more about the role please click given link and download the job description. Once you're ready to apply, click on 'Apply Now' and complete all relevant field in online application form. Application deadline is **5th July 2018.**


# मन्त्रिपरिषद् निर्णय हेर्न अलग्गै शाखा

काठमाडौं (कास)- मन्त्रिपरिषद्बाट भएका निर्णय कार्यान्वयनबारे मन्त्रालयहरूलाई घच्घच्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा अलग्गै शाखा गठन भएको छ । मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखाअन्तर्गत 'मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा' गठन गरिएको हो । शाखाले फागुन ३ पछिका निर्णयको अवस्थाबारे सबै मन्त्रालयसँग 'अपडेट' माग गरिएको छ । शाखाको जिम्मेवारीमा उपसचिव बुद्धबहादुर गुरुङ छन् ।

शाखा गठनसँगै केपी ओली नेतृत्वको सरकारले फागुन ३ पछि गरेका मन्त्रिपरिषद् निर्णय कार्यान्वयनको पछिल्लो अवस्थाबारे सरोकारवाला मन्त्रालयले लिखित जानकारी गराएका छन् । फागुन ३ को पहिलो बैठकले प्रदेश सदरमुकाममा सुविधासम्पन्न रंगशाला बनाउने निर्णय गरेको थियो । शाखाले उक्त निर्णय कार्यान्वयनको अवस्थाबारे जानकारी मागेकामा खेलकुद मन्त्रालयले यसै साता जवाफ लेखेको छ । खेलकुद मन्त्रालयका अनुसार प्रदेश १ को इटहरी, २ को जनकपुर, ३ को मकवानपुर, ४ को पोखरा, ५ को दाङ, कर्णाली प्रदेशको सुर्खेत र ७ को धनगढीमा रंगशाला निर्माणका लागि जग्गा पहिचान भइसकेको छ । यस्तै, आगामी आर्थिक वर्ष २०७५/७६ मा प्रदेश २ र प्रदेश ७ का लागि बजेटसमेत विनियोजन गरिसकिएको मन्त्रालयले जानकारी दिएको छ ।

यस्तै, फागुन ३ कै मन्त्रिपरिषद्ले 'प्रत्येक स्थानीय तहमा न्यूनतम एक उद्योग ग्राम स्थापना गर्ने' निर्णय गरेको थियो । त्यसअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यान्वयनको अवस्थाबारे शाखालाई जानकारी गराएको छ ।

प्रधानमन्त्री कार्यालयका प्रवक्ता विनोदबहादुर कुँवरले मन्त्रिपरिषद्ले गरेका निर्णय कार्यान्वयन अवस्थाबारे सबै मन्त्रालयसँग जानकारी माग गरिएको बताए ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना (पूर्वीखण्ड)
बुद्धनगर, काठमाडौं

## निर्माण व्यवसायी पप्पु/नेपाल प्रगति जे.भी. को नाममा अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०७५/०३/१५)

यस आयोजना अन्तर्गत खाङ्साङ्ग र सोखु खोला पुल (सिन्धुली जिल्ला) निर्माण गर्न मिति २०६८।०३।२९ मा ठेक्का नं. सि.आर/ब्रिज ०५/२०६७।६८ मिति २०६९।०९।२८ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा समयमा कार्य सम्पन्न नगरेकोले मिति २०७०।०९।२६ सम्म म्याद थप भएकोमा थपिएको म्यादसम्म पनि कार्य सम्पन्न नगरी हालसम्म पनि कार्य सम्पन्न भएको छैन । समयैमा कार्य सूचारु गर्न मिति २०७१।०६।१२ गते सूचना प्रकाशित गरिएको, कार्य सम्पन्न गर्न पटक पटक लिखित तथा मौखिक अनुरोध गरिएकोमा चालू आ.व. २०७४।७५ मा केही समय कार्य शुरु गरी रित नपुगेको बिल पेश गरी पुनः कार्य गर्न छोडी सम्पर्क विहिन भएको । त्यस पछि मिति २०७५।०२।०६ र २०७५।०३।०४ मा पत्र लेखिएकोमा कुनै जवाफ प्राप्त नभएको । कार्य सम्पादन जमानतको म्याद थप गरी पेश नगरेको । पत्र बुझाउन लाँदा बुझ्न आलटाल गर्ने गरेको आदि कारणबाट हालसम्म निर्माण कार्य सम्पन्न नगरी गैरजिम्मेवार कार्य गरेको हुँदा के कति कारणले ठेक्का सम्झौता अनुसारको कार्य नगरेको हो सो को चित्त बुझ्दो कारण र प्रमाण सहितको लिखित स्पष्टिकरण यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र पेश गरी तुरुन्त निर्माण कार्य शुरु गर्न यो सूचना प्रकाशित गरिएको छ । अन्यथा ठेक्का सम्झौताका शर्त तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का तोडि कालोसूचीमा राख्ने कारवाही अगाडि बढाइने तथा असूल गर्नुपर्ने रकम सरकारी बाँकी सरह असूल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

आयोजना प्रमुख



एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं, वडा नं ११
फोन नं. : +९७७-१-५१११११७७/७८/७९, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं. : १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्

## शाखा कार्यालय स्थानान्तरण वारेको सूचना

यस एन आई सी एशिया बैंकको हाल बाँके जिल्ला, नेपालगञ्ज उप म.न.पा. वडा नं २, सुर्खेत रोड स्थित रहेको नेपालगञ्ज शाखा कार्यालय मिति २०७५ आषाढ १७ गते (ईस्वी सन् २०१८, जुलाई १) देखि हाल बाँके जिल्ला, नेपालगञ्ज उप म.न.पा. वडा नं १२, सुर्खेत रोड स्थित रहेको भवनमा स्थानान्तरण भई कारोवार सञ्चालन गर्न गइरहेको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति क्षमाप्रार्थी छौं ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि



NIC ASIA Bank Ltd.
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact Number: +977-1-5111177/78/79
Fax Number: +977-1-5111180
Toll Free Number: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

## NOTICE FOR SEALED BIDS CANCELLATION

This is to notify to all concerning bidders that all Bids (Tender) submitted to General Administration Department, Registered Office, as per Bid notice published in Kantipur National Daily on dated 12th Sept 2017 and re-published on 6th Dec 2017, in relation to supply and implementation of EFT Switch solutions has been cancelled due to technical reason. The bank apologizes for the inconvenience caused by cancellation of this tender.

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि


# आइपुग्यो...

यो रकमको सुरुमा दुवै संस्थाले नौ प्रतिशत ब्याजदर तोकेका छन् । जब दुवै विमानले व्यावसायिक उडान भर्नेछन्, ब्याजदर पुनरावलोकन गरिनेछ । निगमको ६० वर्षको इतिहासमा पहिलोपटक वाइडबडी विमान खरिद गरिएको हो । विमानलाई दुई विदेशी पाइलट त्रि भिन्सेन्सो तेर्मान्ने र जोआयो सिसर भियरा दा सिल्भाले ल्याएका हुन् । दुवै विमान पोर्चुगलको हाईफ्लाई कम्पनीमार्फत् खरिद गरिएको हो । यो कम्पनीको सहएजेन्टका रूपमा अमेरिकामा दर्ता भएको एएआर कर्पोरेसन र जर्मन एभिएसन क्यापिटलसहित तीनवटै कम्पनीले ०७३ माघमा नेपाल एयरलाइन्सलाई विमान उपलब्ध गराउने सम्झौता गरेका थिए ।

काठमाडौंबाट लामो दूरीको उडान गर्न निगमले २०७३ असोजमा एयरबस कम्पनीकै विमान खरिद गर्न बढीमा १ हजार घण्टा उडेको वायुयान खरिद गर्ने इच्छा प्रकट गर्दै ग्लोबल टेन्डर आह्वान गरेको थियो । ११ वटा प्रस्ताव परेकामा हाईफ्लाई, एएआर र जर्मन क्यापिटल छानिएका थिए । निगमको अपरेसन विभागका अनुसार वाइडबडी उडानका लागि ६ जना पाइलटलाई तालिम दिइसकिएको छ । दुवै विमानका लागि कम्तीमा ४० जना पाइलट आवश्यक पर्ने जनाइएको छ । पहिलो चरणमा विदेशी प्रशिक्षक पाइलट लिन साताअघि विज्ञापन गरिसकिएको छ ।

अन्नपूर्ण नाम दिइएको वाइडबडी विमानको रजिस्ट्रेसन नम्बर नाइनएन-एएलवाई रहेको छ । यो विमानमा २ सय ७४ सिट छन्, जसमध्ये १८ बिजनेस र २ सय ५६ सिट इकोनमी श्रेणीका छन् । यसले एक महिनापछि व्यावसायिक उडान थाल्ने निगमले जनाएको छ । निगमका सहायक प्रवक्ता शैलेश कंसाकारका अनुसार पहिलो चरणमा दुबई र दोहा उडान गरिनेछ । त्यसपछि जापान, दक्षिण कोरिया, साउदी अरेबियासम्म उडाइनेछ । एयरबस कम्पनीका अनुसार यस प्रकारका ६ सय वटा विमान विश्वका ८३ वटा एयरलाइन्सले उडाइरहेका छन् । प्रतिघण्टा ८ सय ७१ किलोमिटर गतिमा उड्ने यो विमानले एक पटकमा साढे १३ हजार किलोमिटर दूरीसम्मको उडान भर्छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना (पूर्वीखण्ड)
बुद्धनगर, काठमाडौं

## ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७५/०३/१५)

यस आयोजना अन्तर्गत विभिन्न स्थानमा पुल तथा सडक निर्माण कार्य गर्न ठेक्का सम्झौता भएका तपसिल बमोजिमका निर्माण व्यावसायीहरुले तोकिएको म्याद भित्र कार्य सम्पन्न/शुरु नगरेकोले सम्बन्धित निर्माण व्यावसायीलाई बारम्बार मौखित तथा लिखित ताकेता गर्दा समेत कार्य पूरा शुरु नगरेको हुँदा के कति कारणले निर्माण कार्य नगरेको हो सो को चित्त बुझ्दो कारण सहितको जवाफ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र लिखित स्पष्टिकरण पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यथाशिघ्र कार्य शुरु नगरेमा ठेक्का सम्झौताका शर्त तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम ठेक्का तोडी कालो सूचीमा राख्नेसम्मको कारवाही अगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण व्यावसायीको नाम | कामको विवरण |
|---|---|---|---|
| १. | २०७०।७१-१०३ | रसुवा/एस.वी.ए.जे.भी. | गणेशचोक च्यांगथापु सडक निर्माण (सम्पूर्ण कार्य सम्पन्न नगरेको) |
| २. | २०७१।७२-१०५ | एस.वी.ए. निर्माण सेवा प्रा.लि. | कोयाखोला पुल तेह्रथुम (कार्य शुरु गरी सम्पन्न नगरेको) |
| ३. | २०७२।७३-१०५ | कोशी एण्ड न्यौपाने निर्माण सेवा प्रा.लि. | खोरुंगा खोला पुल तेह्रथुम (कार्य शुरु नगरेको) |
| ४. | २०७३।७४-१०१ | सूर्य कन्स्ट्रक्सन फर्म प्रा.लि. | छांगेखोला पुल पाँचथर (कार्य शुरु नगरेको) |
| ५. | २०७३।७४-२०४ | च्याङ्गमिला/गाल्वा जे.भी. | म्याङ्गमाया खोला पुल धनकुटा (कार्य शुरु नगरेको) |
| ६. | ०७३।७४-१०४ | बिरुवा/गाल्वा जे.भी. | खडुवा खोला पुल पाँचथर (कार्य शुरु नगरेको) |
| ७. | ०७३।७४-१०५ | बिरुवा/गाल्वा जे.भी. | सुख्खा खोला पुल पाँचथर (कार्य शुरु नगरेको) |
| ८. | ब्रिज १/०६८।६९ | एलिट कन्स्ट्रक्सन कं. प्रा. लि. | पिकुवा खोला पुल भोजपुर (कार्य शुरु गरी सम्पन्न नगरेको) |
| ९. | २०७२।७३-००२ | लोहनी एण्ड ब्रदर्श/सिद्धवावा जे.भी. | सडक निर्माण रामेछाप (कार्य शुरु गरी सम्पन्न नगरेको) |

आयोजना प्रमुख



## धितोमा रहेको घरजग्गा लिलाम बिक्रीको लागि पुनः गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धि सूचना

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकको चन्द्रगढी, झापा स्थित शाखा मार्फत प्राप्त गर्नु भएको ऋणकर्जा सुविधा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, हर्जना व्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्वन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएको हुंदा सो ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउंमा धितोमा रहेको तपसिलमा उल्लिखित अचल सम्पत्ति घरजग्गा, जहां जे जो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम तथा बैंक नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा यो पुनः गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति तथा संघ संस्थाहरूले बैंकको चन्द्रगढी, झापा शाखाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सोही शाखा कार्यालयमा बुझाउन सक्नु हुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** २०७५।०३।२९ गते

**बोलपत्र खोलिने मिति** २०७५।०३।३१ गते

तपसिल

| ऋणीहरू तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना: | धितोमा रहेको लिलाम गरिने घरजग्गाको विवरण |
|---|---|
| **ऋणीहरू : श्री नारायण बहादुर राई र श्रीमती तुलसा सुब्बा ।** बाबु : क्रमश : सन्त बहादुर राई र दल बहादुर लिम्बु । बाजे/पति : मानध्वज राई / नारायण बहादुर राई । ठेगाना : झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं ५ बस्ने । **व्यक्तिगत जमानतकर्ता:** मानध्वज राईको नाति नारायण बहादुर राईको छोरा झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं ५ बस्ने **श्री कविन राई ।** | **श्रीमती तुलसा सुब्बाको** नाममा दर्ता कायम भएको झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं ५ सिट नं. क्रमशः १८०/०३२७१७ र १८०/०३२७१६ स्थित कित्ता नं २३ र १११ को क्षेत्रफल क्रमशः ८४४.७० र ६७.७२ वर्गमिटर घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । |

NABIL BANK®
प्रधान कार्यालय, तीनधारा, दरबारमार्ग, काठमाडौं, नेपाल, फोन नं. ४२२७१८१

**गाउँमै इलम**

सुनसरीमा कोरियाबाट फर्केपछि आफ्नै उद्योगमा काम गर्दै ।



# अर्थ वाणिज्य

kantipurdaily.com



सिरहा सदरमुकाममा बिक्रीका लागि टायर गाडामा बाँस लैजाँदै व्यवसायी । मधेसमा घरायसी सामग्रीहरू नाङ्लो, मुडा, भकारी बुन्न तथा घर बनाउन र बार लगाउनसमेत बाँसको प्रयोग गरिन्छ ।
*तस्बिर : भरत जर्घामगर*

# कमोडिटी एक्सचेन्जलाई ५ आवेदन

■ **यज्ञ बञ्जाडे**

काठमाडौं- वस्तु बजार सञ्चालन अनुमतिका लागि हालसम्म पाँच कम्पनीको आवेदन परेको छ । एक्सचेन्ज कम्पनी सञ्चालनका लागि धितोपत्र बोर्डबाट अनुमति लिनुपर्ने वस्तु बजारसम्बन्धी ऐन तथा नियमावलीको व्यवस्थाअनुसार ती कम्पनीहरूले आवेदन दिएका हुन् ।

हालसम्म नेपाल कमोडिटी एक्सचेन्ज, नेपाल मर्केन्टाइल एक्सचेन्ज, कमोडिटी फ्युचर्स एक्सचेन्ज, मल्टी डेरिभेटिभ एक्सचेन्ज नेपाल र रिगेल कमोडिटी एन्ड डेरिभेटिभ एक्सचेन्ज गरी पाँचवटा कम्पनीको आवेदन प्राप्त भएको धितोपत्र बोर्डले जनाएको छ । बोर्डमा प्राप्त आवेदनहरूमध्ये तीनवटा पुराना र दुईवटा नयाँ छन् । कमोडिटी बजारसम्बन्धी ऐनमा कमोडिटी एक्सचेन्ज कम्पनीको चुक्ता पुँजी न्यूनमत ५० करोड रुपैयाँ हुनुपर्ने व्यवस्था छ ।

पुराना कमोडिटी एक्सचेन्ज तथा ब्रोकर कम्पनीले पनि कारोबारका लागि धितोपत्र बोर्डमा दर्ता हुनुपर्ने व्यवस्था नियमावलीमा छ । वस्तु बजारसम्बन्धी ऐन तथा नियमावलीमा पुराना कम्पनीहरूबारे कुनै व्यवस्था नरहेकाले सबै कम्पनीहरू नयाँ दर्ता प्रक्रियामा जानुपर्ने भएको हो । यही व्यवस्थामा टेकेर यसअघि सञ्चालनमा रहेका कम्पनीले पनि बोर्डमा आवेदन दिएका हुन् । वस्तु बजारसम्बन्धी ऐन जारी भएपछि कुनै पनि कम्पनीले बोर्डबाट सञ्चालन अनुमति पाएका छैनन् । यसकारण हाल सञ्चालन भएका कमोडिटी एक्सचेन्ज कम्पनीहरूको कानुनी

**ऐनमा कमोडिटी एक्सचेन्जको चुक्ता पुँजी ५० करोड हुनुपर्ने व्यवस्था छ**

आधार छैन । यद्यपि पुराना धेरै कम्पनीहरू सञ्चालनमा छैनन् । यदाकदा सञ्चालनमा रहेका भए पनि तीनको कारोबार गैरकानुनी हो ।

विदेशी रणनीतिक साझेदारको ५१ प्रतिशत सेयर स्वामित्व रहने गरी नेपाल कमोडिटी एक्सचेन्ज कम्पनीले बोर्डमा आवेदन दिएको छ । वस्तु बजारसम्बन्धी कानुन लागू भएपछि यो कम्पनीले बोर्डमा पहिलो आवेदन दर्ता गरेको हो । बेलायतस्थित 'जिमेक्स ग्रुप' र नेपाली लगानीकर्ताको संयुक्त लगानीमा स्थापना हुने गरी आवेदन परेको बोर्डले जनाएको छ । 'नेपाल कमोडिटी एक्सचेन्ज लि' को नामबाट सञ्चालनमा आउन चाहेको यो कम्पनीमा खासगरी गैरआवासीय नेपालीहरूको लगानी छ । यो कम्पनीमा पुराना कम्पनीहरू डेरिभेटिभ एन्ड कमोडिटी एक्सचेन्ज र कमोडिटिज एन्ड मेटल एक्सचेन्ज नेपालको पनि सेयर स्वामित्व रहेनछ । नेपाली कमोडिटी एक्सचेन्जमा लगानी गर्न आउने विदेशी साझेदारले अनिवार्य रूपमा कमोडिटी बजारसम्बन्धी कारोबार गरेको हुनुपर्नेछ । नेपाल मर्केन्टाइल एक्सचेन्जमा दुईवटा वाणिज्य बैंक, दुईवटा इन्भेस्टमेन्ट कम्पनी, तीनवटा अन्य कम्पनी र बाँकी सर्वसाधारण (व्यक्तिगत) को लगानी छ । ५० करोड चुक्ता पुँजी रहेको यो कम्पनीमा सर्वसाधारणको ७० प्रतिशत, अन्य कम्पनीको १२ प्रतिशत, इन्भेस्टमेन्ट कम्पनीको १० प्रतिशत र वाणिज्य बैंकहरूको ८ प्रतिशत सेयर स्वामित्व रहनेछ ।

बाँकी पृष्ठ १६ ▶▶

सत्तापक्ष सांसद भन्छन्

# 'स्थानीय तहबाट आयोजना ल्याऊ'

**कान्तिपुर संवाददाता**

काठमाडौं- सत्तारूढ नेपाल कम्युनिस्ट पार्टीका सांसद खगराज अधिकारीले प्रदेश र स्थानीय तहको क्षेत्राधिकार परेका निर्माणाधीन खानेपानी, सडक, ढल, पुलेसा, सिँचाइका आयोजना केन्द्रले नै निर्माण गर्ने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गर्दै प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव राखेका छन् ।

उनले प्रतिनिधिसभाको बिहीबारको बैठकमा 'देशभर निर्माणाधीन अवस्थामा रहेका चालु आव २०७५/७६ सम्म सरकारको छनोटमा परेका खानेपानी, सडक, ढल, पुलेसा, सिँचाइ र अन्य आयोजना केन्द्रले सम्पन्न गरी सम्बन्धित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउन आवश्यक भएको' भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव राखेका हुन् ।

उनले संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट गरेअनुरूप निमार्णाधीन खानेपानी, सडक, ढल, पुलेसा, सिँचाइ र अन्य आयोजना तलका सरकारको क्षेत्राधिकारमा हस्तान्तरण गरिए पनि प्रदेश र स्थानीय तहमा आवश्यक उपकरण, स्रोत, साधन र जनशक्तिको कमी भएकाले केन्द्र सरकारले सम्पन्न गरेर मात्र हस्तान्तरण गर्नुपर्ने जिकिर गरे ।

उनले प्रदेशमा समेत त्यस्ता आयोजना केन्द्रीय सरकारले सम्पन्न गरोस् भन्ने मान्यता रहेको समेत दाबी गरे । सांसद अधिकारीले केन्द्रको स्रोतबाट निर्माणाधीन आयोजना अलपत्र र समयमै सम्पन्न हुन नसक्ने र विकास निर्माणमा गम्भीर असर पर्ने भएकाले ती आयोजना समयमै सम्पन्न गर्न अत्यावश्यक भएको भन्दै गत जेठ २९ मा संघीय सचिवालयमा उक्त प्रस्ताव दर्ता गराएका थिए । उक्त प्रस्तावमाथि बिहीबार छलफल भएको हो ।

**सत्तारूढ दल र सरकार संघीयताविरोधी बाटामा : प्रतिपक्षी**

उक्त प्रस्तावका समर्थक नेकपाकै सांसद विशाल भट्टराईले एउटा सरकारले सुरु गरेको आयोजना उही सरकारले अविछिन्न रूपमा सम्पन्न गर्नुपर्ने र निर्माणाधीन आयोजनालाई बेवारिसे अवस्थामा छाड्न नहुने बताए ।

नेकपाकै सांसद यज्ञराज सुनुवारले सार्वजनिक महत्त्वको प्रस्ताव महत्त्वपूर्ण भएकाले संसद्ले गम्भीरतापूर्वक लिई सुनुवाइ गर्नुपर्ने बताए ।

नेकपाकै सांसद गणेश पहाडीले खानेपानी, सडक, ढल, पुलेसा, सिँचाइसम्बन्धी निर्माणाधीन योजना बजेटबिना स्थानीय र प्रदेश तहमा हस्तान्तरण गर्दा पूरा गर्न कठिन हुने भएकाले केन्द्रबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएका निर्माणाधीन आयोजना केन्द्रीय सरकारबाटै सम्पन्न गर्नुपर्ने बताए ।

**संघीयताविरोधी प्रस्ताव : कांग्रेस**

प्रतिपक्षी दल कांग्रेसका सांसदहरूले सरकारले संघीयताविरुद्ध काम गर्दै अघि बढिरहेको र अधिकारीको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव त्यसको ज्वलन्त उदाहरण भएको उल्लेख गरेको छ । नेकपाका सांसद अधिकारीले 'केन्द्र सरकारबाट निर्माणाधीन आयोजना निर्माण सम्पन्न गरेर मात्र प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न' आग्रह गर्दै संसद्मा प्रस्तुत गरेको सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल गर्दै उनीहरूले ओली सरकार संघीयताविरुद्ध गइरहेको आरोप लगाएका हुन् ।


कांग्रेस सांसद गगन थापाले मुलुक संघीय संरचनामा गइसके पनि सत्तारूढ सांसदले राखेको केन्द्रमुखी प्रस्तावलाई प्राथमिकता दिइएको भन्दै सरकारलाई संघीयता विरोधीको संज्ञा दिए ।

'संघीयता विफल हुन्छ भन्न प्रधानमन्त्रीले पाउनुहुन्न । संघीयता चल्दैन, काम गर्दैन भनेर संसदलाई साक्षी राख्न खोजिएको हो भने त्यसको साक्षी संसद् बस्न सक्दैन,' थापाले भने, 'त्यसको संरक्षण गर्न सरकार सक्दैन भने हामी (प्रतिपक्ष) तयार छौं ।

बाँकी पृष्ठ १६ ▶▶







# कुलेखानीको जेनेरेटर नेपालीले बनाउने

■ प्रताप विष्ट

हेटौंडा- विद्युत् प्राधिकरणको 'ब्याकअप' का रूपमा रहेको कुलेखानी जलविद्युत् आयोजनाको विगत तीन सातादेखि बिग्रेको जेनेरेटर नेपाली प्राविधिकले मर्मत सम्भार गर्ने भएका छन् ।

फुजी इलेक्ट्रिक कम्पनी जापानका प्राविधिकले दुई साताअघि बिग्रेको जेनेरेटरको निरीक्षण गरेका थिए । उनीहरूले जेनेटरको मर्मत सम्भार गर्न १ करोड ३० लाख रुपैयाँ लाग्ने कोटेसन विद्युत् प्राधिकरणलाई दिएपछि प्राधिकरणका वरिष्ठ प्राविधिकहरूले थोरै लगानीमा र आफैंले छिटो मर्मत सम्भार गर्न सक्ने बताएका छन् ।

नेपाल विद्युत् प्राधिकरणले औपचारिक रूपमा प्राधिकरणकै प्राविधिकले नै मर्मत सम्भार गर्ने निर्णय गरिसकेको छैन । प्राधिकरणका प्राविधिकहरूले नै मर्मत सम्भार गर्ने लगभग टुंगो लागिसकेको कुलेखानी २ का एक वरिष्ठ प्राविधिकले बताए । प्राधिकरणका प्राविधिकले मर्मत सम्भार गरेमा रकम पनि कम खर्च हुने र छिटो पनि हुने दाबी उनले गरे । जापानी प्राविधिकहरूले मर्मत सम्भार गर्न तीन साता लाग्ने बताएका छन् ।

फुजी इलेक्ट्रिक कम्पनी जापानका चारजना प्राविधिकहरू आएर कुलेखानी दोस्रो जलविद्युत् आयोजनाको युनिट २ को बिग्रेको जेनेरेटरका सबै पाटपुर्जाको निरीक्षण गरेर जापान फर्केका थिए । ती प्राविधिकहरूले मर्मत सम्भारको लागत र समय कोटेसन प्राधिकरणलाई आइतबार बुझाएका हुन् । तर, नेपाली प्राविधिकहरू आफैंले मर्मत सम्भार गर्न सक्ने बताएका छन् । विगतमा कुलेखानी २ जेनेरेटरको मर्मत सम्भार प्राधिकरणको प्राविधिकहरूले नै गरेका थिए ।

जापानको फुजी कम्पनीले नै कुलेखानी पहिलो र दोस्रोको जेनेरेटर जडान गरेको थियो । विगतमा मर्मत सम्भार उनीहरूले पनि गरेका थिए । आयोजनाका प्राविधिकहरूले चार दिन लगाएर जेनेरेटर खोलेका थिए । नेपाली प्राविधिकहरूले जेनेटर खोलेको यो पहिलो हो ।

कुलेखानी दोस्रोको युनिट २ को रोटरमा भएको 'स्टपर रिङ' भाँचिएकाले जेनेरेटरको 'स्टेटर वाइन्डिङ' मा समस्या देखिएपछि गत जेठ २१ गतेदेखि १६ मेगावाट विद्युत् उत्पादन बन्द भएको छ । स्टपर रिङ र स्टेटर वाइन्डिङ फेरेमात्र जेनेरेटर सञ्चालनमा ल्याउन सकिने



प्राविधिकहरूले जनाएका छन् । 'कुलेखानी दोस्रो जलविद्युत् आयोजनाको एउटा जेनेरेटर बिग्रेपछि कुलेखानी पहिलोको पनि एउटा मात्र जेनेरेटर सञ्चालन गरिएको छ । कुलेखानी पहिलोका २ वटा जेनेरेटर सञ्चालन गर्दा एउटाको पानी खेर जाने भएकाले एउटा मात्र जेनेरेटर सञ्चालन गरिएको हो ।

कुलेखानी दोस्रोको युनिट २ को २२ दिनदेखि जेनेरेटरमा समस्या आएकाले उत्पादन क्षमताको ५० प्रतिशत अर्थात् ४६ मेगावाट मात्र विद्युत् उत्पादन भइरहेको छ । ३२ मेगावाट जडित क्षमताको कुलेखानी दोस्रो जलविद्युत् आयोजनाको एउटा युनिट १६ मेगावाटको जेनेरेटर बिग्रेको छ ।

कुलेखानी दोस्रोको युनिट २ को 'स्टेटर वाइन्डिङ' को मर्मत गर्नुपर्ने भएकाले कुलेखानी पहिलो र दोस्रो जलविद्युत् केन्द्रबाट ४६ मेगावाट मात्रै विद्युत् उत्पादन भइरहेको छ । बाँकी ४६ मेगावाट उत्पादन गर्न सकिँदैन । कुलेखानी जलाशयको पानी खेर फाल्ने हो भने ७६ मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ । जलाशयको पानी खेर फालेर विद्युत् उत्पादन गरिहाल्नुपर्ने अवस्था अहिले नभएको कुलेखानी दोस्रोका प्रमुख आभाष ओझाले बताए ।

'एउटा युनिट बन्द भएको अवस्थामा पहिलो ६० मेगावाटमा चलाउँदा जलाशयको पानी खेर जाने भएकाले पहिलो पनि ३० मेगावाटमा मात्रै सञ्चालन गरिएको छ,' उनले भने । कुलेखानी पहिलोबाट विद्युत् उत्पादन गरी निक्लिएको पानीबाट दोस्रो विद्युत्गृह सञ्चालन हुन्छ । दोस्रोबाट विद्युत् उत्पादन गरी निक्लिएको पानीबाट तेस्रो कुलेखानी विद्युत् गृहबाट १४ मेगावाट विद्युत् निस्कन्छ । कुलेखानी ३ निर्माणाधीन अवस्थामा छ । केही महिनाभित्र काम सकिँदै छ ।

कुलेखानी आयोजना पहिलो र दोस्रो विद्युत्को माग बढेका बेला आवश्यकताका आधारमा मात्रै सञ्चालन गरिन्छ । कुलेखानी पहिलोमा ३०/३० मेगावाटका दुईवटा र दोस्रोमा १६/१६ मेगावाटका दुईवटा टर्बाइन जडान गरिएका छन् ।

कुलेखानीको पहिलो र दोस्रोबाट ९२ मेगावाट विद्युत् उत्पादन हुन्छ । अहिले दुवै विद्युत्गृहका एउटा/एउटा मात्र टर्बाइन सञ्चालनमा छन् । वर्षा सुरु भएकाले खोला तथा नदीमा पानीको बहाव बढेकाले नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन बढेको छ । 'यसले गर्दा कुलेखानीबाट ४६ मेगावाट उत्पादन बन्द हुँदा पनि विद्युत् प्राधिकरणलाई खासै समस्या भएको छैन,' प्राधिकरणका एक वरिष्ठ प्राविधिकले भने, 'चैत-वैशाखमा भएको भए समस्या हुन्थ्यो ।' कुलेखानी २ को जेनेरेटर बिग्रेका कारणले पिक समयको विद्युत् माग र आपूर्ति व्यवस्थापन गर्न खासै समस्या नपरेको प्राधिकरणले जनाएको छ ।

## छोटकरी

### ओपोको एफसेभेन युथ भित्रियो



काठमाडौं (कास)- ओपोले एफ सेभेनको नयाँ भ्यारियन्ट एफ सेवेन युथ सार्वजनिक गरेको छ । यसमा एआई ब्युटी २.० प्रविधिका साथै सुपर फुल स्क्रिन पनि उपलब्ध रहेको जारी विज्ञप्तिमा छ । कम्पनीका अनुसार नयाँ फोन सनराइज रेड, मुनलाइट सिल्भर र डायमन्ड ब्ल्याक गरी तीन रङमा उपलब्ध हुनेछ । युवा लक्षित नयाँ फोन ओपोद्वारा प्रमुख प्रायोजन गरिएको चर्चित डान्स रियालिटी सो बुगिवुगीको मञ्चमार्फत सार्वजनिक गरिएको हो ।

### सामसङ मोडलको टीभीमा अफर

काठमाडौं (कास)- सामसङले तीन नयाँ मोडलका टेलिभिजन सुपथ मूल्यमा बिक्री गर्ने अफर सार्वजनिक गरेको छ । यो योजनाको मुख्य उद्देश्य फुटबलप्रेमीलाई एउटा राम्रो र रमाइलो उत्सवको अनुभव दिनु रहेको जारी विज्ञप्तिमा छ । फिफा विश्वकप २०१८ लाई लक्षित गरेर कम्पनीले सामसङका टेलिभिजनहरूको खरिदमा विशेष अफर दिएको जनाएको छ । यो योजनामा ग्राहकले ८२ इन्चको प्रिमियम एमयू ८००० फोरके यूएसडी टीभी, ७५ इन्चको एमयू ६१७२ स्मार्ट फोर के यूएचडी टीभी र ६५ इन्च एमयू ७००० स्मार्ट फोर के यूएचडी टीभी मोडलहरूमा अफरहरू प्राप्त गर्ने जनाएको छ ।

### भित्रियो ब्राभोजको एलईडी टीभी

काठमाडौं (कास)- पीके ट्रेडर्सले नेपाली बजारमा विभिन्न मोडलका ब्राभोज एलईडी टीभीहरू भित्र्याएको छ । यी टीभी सेट उपभोक्ताहरूको चाहनाअनुसार विभिन्न साइजमा उपलब्ध छन् भने स्मार्ट र नन स्मार्ट गरी दुई श्रेणीमा उपलब्ध बजारमा किन्न सकिने यसमा स्मार्ट एन्ड्रोइड सिस्टमसमेत प्रयोग गरिएको जारी विज्ञप्तिमा छ । कम्पनीले भित्र्याएका टीभीहरूमा वाइफाई, १०८० पिक्सेलफुल एचडी, कोरटेक्स ए सेभेन डुअल कोर प्रोसेसरजस्ता विशेषताहरू रहेको जनाएको छ ।

## कमोडिटी...

कमोडिटी फ्युचर्स एक्सचेन्ज पुरानै कम्पनी हो । दुईवटा संस्था र ३१ जना सर्वसाधारण मिलेर यो कम्पनीले अनुमतिका लागि बोर्डमा आवेदन दिएको छ । ६० करोड चुक्ता पुँजी रहेको यो कम्पनीमा ९४.०६ प्रतिशत सेयर सर्वसाधारणको छ । बाँकी ५.९४ प्रतिशत सेयर दुईवटा संस्थाको रहने बोर्डमा पेस भएको आवेदनमा उल्लेख छ ।

अनुमतिको पर्खाइमा रहेको मल्टी डेरिभेटिभ एक्सचेन्ज नेपाल यो क्षेत्रमा नयाँ हो । ७ वाणिज्य बैंक, ३ विकास बैंक, ५ बिमा कम्पनी, ३ इन्भेस्टमेन्ट कम्पनी, १ अन्य कम्पनी र १९ जना सर्वसाधारण गरी ३८ जना मिलेर यो कम्पनी सञ्चालन गर्न थालेका हुन् । ६८ करोड २५ लाख चुक्ता पुँजी रहने गरी यो कम्पनी स्थापना हुन लागेको हो ।

परेका आवेदनमध्ये सबैभन्दा पछिल्लो रिगेल कमोडिटी एन्ड डेरिभेटिभ एक्सचेन्ज कम्पनी हो । ५६ जना सर्वसाधारणको लगानीमा सञ्चालन हुन लागेको यो कम्पनीको चुक्ता पुँजी ५५ करोड रुपैयाँ छ ।

नियमावलीमा कमोडिटी एक्सचेन्ज कम्पनी सञ्चालनका लागि बोर्डका अनुमति लिनुपर्ने व्यवस्था छ । सोही कारण मंसिरयता पुराना कमोडिटी एक्सचेन्ज कम्पनीहरू पनि अवैध भएका छन् । ती कम्पनीहरूले हालसम्म पनि सञ्चालन अनुमति मागेका छैनन् । कमोडिटी एक्सचेन्ज पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने व्यवस्था ऐनमा छ । स्वदेशी व्यक्ति तथा संस्थाले कमोडिटी एक्सचेन्ज कम्पनीमा ५ प्रतिशतभन्दा बढी सेयर किन्न नपाउने व्यवस्था गरिएको छ । यसले कमोडिटी एक्सचेन्ज ठूलो कम्पनीका रूपमा स्थापित हुनुपर्ने र कम्पनीमा कुनै एक व्यक्ति वा संस्थाको एकाधिकार रोक्ने देखिन्छ ।

विदेशी पुँजी, सीप तथा प्रविधिको प्रयोग गरी वस्तु विनिमय बजार सञ्चालन गर्ने प्रयोजनका लागि रणनीतिक साझेदारका रूपमा विदेशी लगानीकर्ताले त्यस्तो कम्पनीको चुक्ता पुँजीको बढीमा ५१ प्रतिशतसम्म सेयर लिन सक्ने व्यवस्था ऐनमा छ ।

वस्तु विनिमय (कमोडिटी) बजार सञ्चालन अनुमति पाएको पाँच वर्षसम्म कम्पनी बिक्री गर्न नपाइने व्यवस्था छ । पाँच वर्षपछि पनि कम्पनी बिक्री गर्दा बिक्रेता र क्रेता दुवैले नियामक निकाय धितोपत्र बोर्डबाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था बोर्डले गरेको छ ।

औपचारिक रूपमा करिब ११ वर्षअघिदेखि नेपालमा कमोडिटी बजारको सुरुवात भएको हो । ०६३ मंसिर २८ गते (सन् २००६ डिसेम्बर १४ तारिक) कमोडिटी एन्ड मेटल एक्सचेन्ज नेपाल (कोमेन) ले पहिलोपटक कमोडिटी कारोबार सुरु गरेको थियो । त्यसपछि थप ८ वटा कम्पनी सञ्चालनमा आए ।

## स्थानीय तहबाट...

हामी संघीयतालाई सफल पार्न उभिन्छौं । सरकारको संघीयताविरोधी प्रस्ताव चाहिँदैन, प्रदेश सरकार र स्थानीय तहले काम गर्न सक्दैनन् भन्ने धारणा हो भने त्यो गलत हो ।'

कांग्रेसकै सांसद मीनबहादुर विश्वकर्माले बजेट विनियोजनमाथिको छलफल चलिरहेका बेला त्यसलाई प्रभावित गर्ने गरी सत्तापक्षकै सांसदबाट सार्वजनिक महत्त्वको प्रस्ताव आउँदा शंका उत्पन्न भएको बताए ।

उनले सार्वजनिक महत्त्वको प्रस्तावका विषयवस्तु महत्त्वपूर्ण भए पनि सरकारले बजेट विनियोजनमा गरेको भेदभावपूर्ण व्यवहारको परिणामस्वरूप सत्तारूढ दलकै सांसदले असन्तुष्टि पोख्न यस्तो प्रस्ताव ल्याएको दाबी गरे ।

**सार्वजनिक महत्त्वको प्रस्तावले बजेटलाई सहयोग गर्छ** : अर्थमन्त्री

अर्थमन्त्री डा. युवराज खतिवडाले प्रतिनिधिसभामा अधिकारीले राखेको सार्वजनिक महत्त्वको प्रस्तावले विनियोजनमाथिको छलफललाई प्रभावित पार्ने नभई थप सहयोग पुग्ने बताएका छन् । सार्वजनिक महत्त्वको प्रस्तावमाथि सांसदले उठाएका प्रश्नको जवाफ दिँदै खतिवडाले उक्त प्रस्ताव निर्माणाधीन आयोजनाको कार्यान्वयनमा अवरोध नआओस् भनेर सरकारको ध्यानाकर्षण गराउन आएको आफूले बुझेको बताए ।

'यसले विनियोजनमाथिको छलफललाई अवरोध होइन बरु थप सहयोग पुर्‍याउने विश्वास छ,' उनले भने । सरकारका सामु असंख्य योजना र सीमित स्रोत साधन रहेकाले आयोजनामा बजेट कम हुने गरेको उल्लेख गर्दै खतिवडाले निर्माणाधीन ठूलो आयोजना केन्द्रले र मझौला तथा साना योजना सम्बन्धित प्रदेश तथा स्थानीय तहले निर्माण गर्नुपर्नेमा सरकार स्पष्ट रहेको बताए ।

## हार्दिक श्रद्धाञ्जली



जन्मः १९९७/०२/११

स्वर्गारोहणः २०७५/०३/०३

**स्व. भूपती सापकोटा**

यस केन्द्रका कर्मचारी श्री सूर्य कुमार सापकोटाका पुज्यनिय पिता **भूपती सापकोटा**को असमायिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

कार्यकारी निर्देशक
तथा
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र परिवार
खुमलटार, ललितपुर

## भावपूर्ण श्रद्धाञ्जली

*नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः।*
*न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥*



जन्मः वि.सं. १९९७/०२/१५

स्वार्गारोहणः वि.सं. २०७५/०३/०३

**स्व. जगदीश भक्त माथेमा**

USIS - (USA) का प्रशासनिक तथा साँस्कृतिक विभागको भू.पु. प्रमुख तथा विविध सामाजिक सेवा क्षेत्रमा कार्यरत समाजसेवी हाम्रा श्रद्धेय **श्री जगदीश भक्त माथेमा** को असामयिक निधन भएको १३ औं दिनको पूण्यतिथिमा वहाँ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं । यस दुःखद घडिमा हामी शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्न समवेदना तथा शान्तिको कामना गर्नु भएका सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

पत्नीः श्री लक्ष्मी माथेमा
छोरा/बुहारीः विनय भक्त माथेमा/लिलि माथेमा
छोरा/बुहारीः आशिष भक्त माथेमा/देविन माथेमा
छोरी/ज्वाईः वशुधा माथेमा/स्वस्ति मान सिं श्रेष्ठ
नतिहरुः विनम भक्त माथेमा, निर्वाण भक्त माथेमा, स्वर्णिम मान श्रेष्ठ, सार्थक मान श्रेष्ठ
नातिनीः सोफिया माथेमा
भतिजा/बुहारीः दिवेश भक्त माथेमा र सरिता माथेमा
बहिनीः पद्मा माथेमा र वागेश्वरी माथेमा
बहिनी/ज्वाईः विजया श्रेष्ठ/राम प्रसाद श्रेष्ठ
बहिनी/ज्वाईः भावना श्रेष्ठ/सुरेश लाल श्रेष्ठ

समस्त भतिजी, भतिजा, भदा, भदै, भाञ्जा, भाञ्जी तथा ज्वाईहरु र बुहारीहरु साथै माथेमा परिवार ।


## पानीजहाजमा बैदेशिक रोजगारको अवसर

१. रोजगारदाता कम्पनीको नाम :- गोरखा ईन्टरनेशनल मेनपावर सर्भिसेज लिमिटेड, हङ्गकङ्ग
२. प्रति कामदार पठाउन लाग्ने विवरण :

पूर्व स्वीकृती मितिः २०७५/०३/१३ | चलानी नं.: ६०१३२२६३ | LT No.: 211613

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | योग्यता र अनुभव | मासिक तलब USD | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओ.टी. हुने वा नहुने | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 05 | सम्बन्धित काममा १० वर्षको अनुभव | 1395 | प्रति हप्तामा ४४ घण्टा + ओभर टाईम | | हुने | छ | छ | छ | १ वर्ष |

**पुरुषहरुको लागि** : १. भू.पू. ब्रिटिश, इन्डियन, नेपाल आर्मी, नेपाल प्रहरी तथा सिंगापुर पुलिस हुनु पर्नेछ । २. कम्तीमा १० वर्षको अनुभव हुनु पर्नेछ । ३. २३ – ४२ वर्षको उमेर हुनु पर्नेछ । ४. उचाई ५' ५" हुनु पर्नेछ । ५. अंग्रेजी भाषा राम्रो बोल्न र लेख्न सक्ने तथा कम्प्युटरमा दक्ष हुनुपर्नेछ ।
**महिलाहरुको लागि** : १. २३ – ३९ वर्षको उमेर हुनु पर्नेछ । २. उचाई ५' ३" हुनु पर्नेछ । ३. अंग्रेजी भाषा राम्रो बोल्न र लेख्न सक्ने तथा कम्प्युटरमा दक्ष हुनुपर्नेछ । ४. कुनै पनि मर्यादित संस्थामा कम्तीमा तीन वर्ष काम (Full Time) गरेको अनुभव हुनु पर्नेछ । ५. सुरक्षा सम्बन्धि काम गरेकालाई र कुनै पनि मर्यादित संस्थाबाट सुरक्षा सम्बन्धी तालिम प्राप्त गरेकालाई ग्राह्यता दिईनेछ । ६. Body Mass Index (BMI) = 18-25 हुनुपर्नेछ ।

सम्बन्धित पदहरुमा आवेदन भर्ने उम्मेदवार अंग्रेजी भाषामा र कम्प्युटरमा दक्ष हुनुपर्नेछ । साथै शारीरिक सुगठन, स्वच्छ र हँसिलो मुहार भएको, जिउँमा टाटु नलागेको हुनु पर्ने छ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | कामदार छनौटको प्रकृया | भिसा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क (कम्पनीले) | CV र अन्तर्वार्ता | निःशुल्क (कम्पनीले) | निःशुल्क (कम्पनीले) |

अन्तरवार्ता : २०७५ आषाढ २५ गते हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

British Gurkha Overseas Services P.Ltd. Lic. No. 104/054/055
Shanti Chowk-4, Jawalakhel, Lalitpur, Nepal, Phone No.: 01-5530900

## UAE मा रोजगारको सुवर्ण अवसर
## Free Visa ! Free Ticket !!

कम्पनीः GRANDIOSE CATERING LLC. Dubai, UAE

पूर्व स्वीकृति मितिः [illegible] | प. सं. [illegible] | च. नं.: [illegible] | LT. No. 211883

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | [illegible] | मासिक तलब AED | मासिक तलब ने.रु |
|---|---|---|---|---|---|---|
| 1 | Cook General | 20 | - | [illegible] | 2600 | ७७,७४० |
| 2 | Cook/Confectioner Assistant | 25 | - | | 1100 | ३२,८९० |
| 3 | Waiter | 25 | - | | 1200 | ३५,८८० |
| 4 | Waiter/Waitress Coffee Shop | - | 25 | | 1200 | ३५,८८० |
| 5 | Cleaning Worker | 30 | - | | 800 | २३,९२० |

[illegible]

प्रि अन्तरवार्ता धमाधम भईरहेको छ । फाईनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट मिति २०७५ असार १९ गते (3 July 2018) मा हुदैछ ।

[illegible]

पाल्ही ओभरसिज प्रा. लि.
लोशाल, चप्पलकारखाना, अन्नपूर्ण मार्ग, काठमाण्डौ, नेपाल
सम्पर्क नं.: ०१-४०१५७९२, ४०१५६५५, ९८०१२८३५२८, ९८४१४५३४५७, ९८५१०५३९७१, ९८०११०६५०६
Email: overseaspalhi2006@yahoo.com, www.pahlioverseas.com

## बर्गिकृत डिस्प्ले

**ज्योतिष** — गुरु तिर्थराज निरौला, हस्त रेखा-चिना विशेषज्ञ. पुस्तौदेखि सेवा प्रदान गर्दै आउनुभएको गुरुबाट उद्योग व्यापार, सन्तान, वास्तु, कालसर्पयोग, ग्रहदशा, विवाह बन्धन, व्रतबन्ध, जमिन खरिद/बिक्री, ज्ञात-अज्ञात समस्या, चिना, टिप्पन, हस्तरेखा जस्ता हरेक समस्याको लागि सम्पर्क गरी भाग्योदय मार्गदर्शन प्राप्त गर्नुहोला । G5 (ग्राउण्ड फ्लोर) सृष्टि भवन, सिद्धचरणचोक, धर्मपथ (जुद्ध सालिकको दक्षिणतर्फ न्यूरोड, काठमाडौं) Ph: 4247792, 9851001397. सबै ठाउँबाट निराश व्यक्तिले पनि भेटेर लाभ उठाउनुहोस् ।

**शिक्षक सेवा आयोग** — मा.वि., नि.मा.वि., प्रा.वि. (सबै तह सबै विषय) तयारी कक्षा. हाम्रा विशेषताहरू: • अनुभवी शिक्षाविद् तथा बिषय विज्ञहरुको समूहबाट पढाई हुने, • विगत १३ बर्षदेखि शिक्षक तालिमकै क्षेत्रमा काम गरिरहेको संस्था • हरेक हप्ता मोडल परिक्षा (Progress test) हुने, • समूहमा आउनेलाई बिशेष छुट, • होस्टेल सुविधा. समयः बिहान, दिउँसो, बेलुका. CTF Nepal, Bagbazar, Yeti Plaza (Opp.to P.K) 012004747, 014265637, 9851273630

**कपाल उमार्ने** Hair Building Fiber. हाईट बढाउने-Step-Up, जाँड-रक्सी छुटाउने, मोटोपन बढाउने घटाउने, चायाँपोतो हटाउने, Breast बढाउने घटाउने. Home Delivery. Global Fitness Shop, चावहिल, मेडिकेयर हस्पीटल अगाडी 01-4461711, 9851057632, 9803464971

**पेट घटाउने** Redu Shaper Sando साथै Hot Shaper Belt उच्च quality को original branded. कुलत छुटाउने, मोटोपना बढाउने/घटाउने, चायाँपोतो डण्डिफोर चाउरीपना हटाउन/ पेटको धर्सा हटाउन. कृतिम Sex Toys महिला/पुरुष, कपाल उमार्न Hair Building Fiber. जनता बैक अगाडी तिनकुने KFC संगैको घर 01-4117541, 9813096097, फ्रि होम डेलीभरी 9851030269

**स्वदेशमै उत्पादित गुणस्तरीय सोलार वाटर हिटर ??** सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ. महर्जन मेटल इण्डष्ट्रिज, टेकु, काठमाडौं, ४२६२०३२/ ४२४३५३७, ९८०१०३८५३६/ ९८०१०३८५४०

**जस्तोसुकै कुलत-मुक्ति** — जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुतल थाहै नदिइ छुटाउन. अनुहारको दाग, चायाँपोता र डण्डिफोर हटाउन. हाईट बढाउन STEP-UP. मोटोपना, हिपथाई बढाउन घटाउन. महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउन. कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber. सम्झनुहोस नेपालभरि फ्रि होम डेलिभरी छ। हेलो शप नेपाल, कोटेश्वर City-Tower, 9808650895, 9868200286, 01-2298352. Note: This Is Food Supplement Products, Not For Medicinal Use

**आकर्षक घर विक्रीमा** — हेपाली धापासी हाइवे मेन रोडमा साढे ३ आनामा बनेको ३ तले नवनिर्मित घर विक्रीमा मूल्य १ करोड ६० लाख. सम्पर्कः ९८५१०१४६७४, ९८६५०२३१०२

**आकर्षक जग्गा बिक्रीमा** — भक्तपुर नयाँ ठिमीमा ६ लेनको हाईवेसँगै जोडिएको भाटभटेनीसँगैको आकर्षक एकमुष्ट १६-०-०-० जग्गा बिक्रीमा । नगर विकासको प्लानिङ्गमा स्कुल, कलेज, हस्पिटल, व्यापारिक प्रयोजन, प्लटिङ्ग, हाउजिङ्ग तथा कोलोनीको लागि अति उपयुक्त । ९८५१०९३५११, ९८५१०३८१९३

**तुरुन्त चाहियो** — झम्सिखेल ललितपुरमा अवस्थित Pre-Primary School को लागि बच्चा हेर्न दिदी र ड्राईभर चाहियो । तुरुन्त सम्पर्क राख्नुहोला । सम्पर्क: ०१-५५२२७४८, ९८४१४२१२४७

**जव १००% ग्यारेन्टी सेक्युरीटी अर्जेन्ट** — साधारण महिला पुरुष. पुरुष : 50 महिला : 30 (नाईट, डे, खाएर, बसेर जुन गरे पनि मिल्ने) तलब : 16000. योग्यता : साधारण लेखपढ. दशैं बोनस पाईन्छ. डियूटीः आफू बस्ने एरिया तिर. 9810001717, 9818585850. विदेश जानको लागि प्रमाण पत्रको व्यवस्था छ

**आवश्यकता !** — "क" वर्गको प्रख्यात कंम्पनी रमण कन्स्ट्रक्सन तथा रमण जनरलका लागी निम्न लिखित कर्मचारीहरु चाहियो । १. एक्ज्याभेटर अप्रेटर ५० जना; २. ग्रेडर अप्रेटर २० जना; ३. जे.सि.बि.अप्रेटर १० जना; ४. रोलर अप्रेटर १० जना; ५. हेभि मेकानिक ५ जना; ६. ट्रिपर/टेलर ड्राईभर २५ जना. उत्कृष्ट तलब भत्ताको साथै खान बस्न कम्पनीले उपलब्ध गराइनेछ । सम्पर्क : ९८५११३९९५०, ९८५११९०६३९, ०१-४४७४०१७

**Vacancy** — Restaurant Manager - 1; Accountant - 1; Waiter Captain - 1; Head Cook - 1; Waiter - 2. 3-5 Years experience is must for all the posts. Unique Cafe Restaurant & Bar, Balaju, Machhapokhari, Phone: 9823521921

**TEACHER WANTED** — Brightland School in Nepalgunj is looking for Experienced Social Studies, HPE & Account Teacher for Secondary level. Salary : Rs. 30,000 P.M. Free fooding and accommodation facilities will be provided for outsider candidates. Only qualified and experienced may apply with hand written application and C.V. . E-mail: brightlandhss@gmail.com

**जग्गा बिक्रिमा** — का.जि.का.म.न.पा–१४ कुलेश्वर मेनरोडमा जोडिएको आकर्षक २६.५ आना कमर्शियल जग्गा बिक्रिमा । साथै नवलपरासी पिठौली –१ मा ३ बिगाह ३ कठ्ठा तथा नवलपरासी, वेल्डीहा–६ मा १७ कठ्ठा जग्गा समेत विक्रिमा । सिधा सम्पर्क ९८५१०३७६९५, ९८४३४१६९४२

**JOB VACANCY** — Sales & Marketing executives 2, Minimum experience 2 years in related field; Operation Manager 1; Captain 2; Receptionist 1. Himalayan Deurali Resort P. Ltd. 9841310295/9846593588, himalayandeurali@gmail.com, info@himalayandeuraliresort.com

**आकर्षक घर विक्रिमा** — देउवाचोकबाट १०० मिटर भित्र ८ मिटर बाटोमा जोडिएको ६ देखि ७ आना जग्गामा बनेको ४ बेडरुम ५ वाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न केहि घर विक्रिमा । ९८४१४२८०५८, ९८४११९७२५३

**नेपाल सरकारबाट मान्यता प्राप्त ७५ कर्मचारीहरु अर्जेन्ट** — कामः अफिसभित्रै. No interview, 100% Job. योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने. सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-. तलब: Parttime:- 24,500/- Fulltime :- 48,500/-. समयः-9 to 4:00PM/ 12 to 4:00 PM. चावहिल 01-2299862, 9849660021, 9818045529. नोटः SEE दिएर बसेकालाई विशेष प्राथमिकता

**५१ कर्मचारी तु:आवश्यकता** — कामः अफिसभित्रै. No interview, 100% Job. योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने. सुविधा:- खाजा खर्च १००।- गाडीभाडा: १००।-. तलब: Parttime: 24,500/- Fulltime: 48,500/-. समयः- 9:00 to 4:00 PM / 12:00 to 4:00 PM. ग्वार्कोचोक गुण सिनेमा अगाडि 9862575399, 9804573599. मार्केटिङ जब होइन, पहिला आउनेलाई प्राथमिकता. Job को ग्यारेण्टी, SEE दिएर बसेकालाई विशेष प्राथमिकता

**टहरा सेट भाडामा चाहियो** — उधोग राख्नकोलागि काठमाण्डौ उपत्यका भित्र करिब १ रोपनी क्षेत्रफल भएको १०० KVA भन्दा माथि बिजुली जडान भएको टहरा सेट चाहियो। ९८१००९५३८२

**तपाईंको होटलमा सधैं तातो पानी** — ecogreen Heat Pump. सम्पर्कः 9851214821

**कमर्शियल घर/जग्गा विक्रीमा** — हात्तिसार मेनरोडमा जोडिएको आकर्षक कमर्शियल ०-४-०-० जग्गामा बनेको, ५५ फिट मोहोडा भएको, पिलर स्टिमको ३ तल्ले घर बिक्रीमा । (ट्राभल्स एजेन्सी, एयरलायन्स, अफिस प्रयोजनका लागि उपयुक्त) सम्पर्कः ९८५१०८३१०३

**बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*


घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।



अफगानिस्तानको हेरातमा ग्राहक पर्खंदै फलफूल व्यापारी । तस्बिर : एएफपी

# विद्युत् ऐन संशोधनको तयारी

**कान्तिपुर संवाददाता**

काठमाडौं- ऊर्जा मन्त्रालयले विद्युत् ऐन संशोधनको तयारी थालेको छ । ऐन संशोधनका लागि सरोकारवालाहरूसँग छलफल सुरु गरिएको ऊर्जामन्त्री वर्षमान पुनले जानकारी दिए ।

२०४९ मा बनेको विद्युत् ऐनलाई समयसापेक्ष बनाउने भन्दै मन्त्रालयले संशोधनको तयारी गरेको हो । नयाँ संविधानअनुसार बनेको स्थानीय तह, प्रदेश र संघलाई अधिकार छुट्याउने गरी ऐन संशोधनको तयारी गर्न लागिएको हो ।

२५ वर्षअघि जारी भएको ऐन समयसापेक्ष छैन । ऐनको दफा ३८ मा उल्लेख गरिएको सजायसम्बन्धी व्यवस्थामा ऐन उल्लंघन गर्ने प्रवर्द्धकहरूलाई बढीमा ५ हजारसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ । ऐन र ऐनपछि बनेको नीति र नियमावलीमा उल्लेख भएका व्यवस्थासमेत बाझिएको ऊर्जाका अधिकारी बताउँछन् । विद्युत् ऐनको दफा ३५ मा सरकारले करार गरी विद्युत्को उत्पादन, प्रसारण वा वितरण गर्न सक्ने व्यवस्था उल्लेख छ ।

ऐनको दफा ३५ ले सरकारले प्रतिस्पर्धा नगराई विद्युत् आयोजनाको जिम्मेवारी कुनै व्यक्ति वा कम्पनीलाई दिन सक्ने व्यवस्था गरिएको छ ।

तर, ऐनपछि बनेको जलविद्युत् विकास नीति २०५८ मा भने ठीक कुनै आयोजना निर्माणका लागि अर्को कम्पनीलाई दिँदा प्रतिस्पर्धात्मक रूपमा दिनुपर्ने व्यवस्था गरिएको छ ।

'नेपालभित्र विद्युत् खपत हुन सरकारीस्तरबाट सम्भाव्यता अध्ययन भइसकेका १० मेगावाटभन्दा बढी क्षमताका जलविद्युत् आयोजनाहरूको विस्तृत सर्वेक्षण र विद्युत् उत्पादन गर्ने अनुमति प्रस्ताव आह्वान गरी प्रतिस्पर्धाका आधारमा प्रदान गरिनेछ,' जलविद्युत् विकास नीतिमा भनिएको छ । ऐनको यो व्यवस्था सार्वजनिक खरिद ऐनसँग पनि बाझिन्छ ।

ऐनमा उल्लेख गरिएको यही आधारमा तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले बूढीगण्डकी जलविद्युत् आयोजना बिनाप्रतिस्पर्धा चिनियाँ कम्पनी गेजुवालाई निर्माणको जिम्मा दिने निर्णय गर्दा तत्कालीन व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समिति र अर्थ समितिको संयुक्त बैठकले सरकारलाई उक्त निर्णय कार्यान्वयन नगर्न निर्देशन दिएको थियो । दुई समितिको निर्देशनलाई आधार बनाउँदै त्यसपछि बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारले सम्झौता खारेज गर्ने निर्णय गर्दै स्वदेशी लगानी र प्रविधिमा बनाउने निर्णय गरेको थियो । २०७४ जेठमा चिनियाँ कम्पनी गेजुवालाई दिने भनी गरिएको सम्झौता मंसिरमा खारेज गरिएको हो ।

विद्युत् ऐन र जलविद्युत् विकास नीतिमा जलविद्युत् आयोजनाले तिर्ने रोयल्टीको विषयमा पनि फरकफरक व्यवस्था छ । ऐनमा जलविद्युत् आयोजनाले १५ वर्षसम्म प्रतिकिलोवाट वार्षिक १ सय रुपैयाँ रोयल्टी तिर्नुपर्ने र प्रतियुनिट बिक्री मूल्यको २ प्रतिशत तिर्नुपर्ने प्रावधान छ । १५ वर्षपछि क्रमशः १ हजार रुपैयाँ र १० प्रतिशत तिर्नुपर्ने व्यवस्था गरिएको छ ।

तर, जलविद्युत् विकास नीतिमा भने आन्तरिक खपतको परियोजनामा १ देखि १० मेगावाटसम्म, १० देखि सय मेगावाटसम्म र सय मेगावाट माथिका आयोजनाका लागि फरकफरक रोयल्टीको व्यवस्था गरिएको छ । नीतिमा निर्यातमूलक आयोजनालाई झन् बढी रोयल्टी तिर्नुपर्ने व्यवस्था गरिएको छ । २०५० मा बनेको विद्युत् नियमावलीलाई भने चौथोपटक संशोधन गरिसकिएको छ । नियमावलीको पछिल्लो संशोधनले ऊर्जा सचिवका केही अधिकार विद्युत् विकास विभागका महानिर्देशकलाई दिएको छ । नियमावली चौथोपटक २०७३ असोजमा संशोधन गरिएको थियो ।

२०५८ मा जलविद्युत् नीति सार्वजनिक भएपछि ऐन संशोधनको चर्चा भए पनि यसले पूर्णता पाएको छैन । पूर्वऊर्जामन्त्री राधा ज्ञवाली, विष्णु पौडेल र जनार्दन शर्माको पालामा पनि ऐन संशोधनको तयारी गरिएको थियो । तर, तत्कालीन राजनीतिक दलहरूबीच मस्यौदामा सहमति नजुटदा ऐन संशोधन हुन सकेन ।

ऊर्जामन्त्री पुनले वास्तविक प्रवर्द्धकले मात्रै विद्युत् आयोजना निर्माणको जिम्मा पाउने गरी ऐन संशोधन गर्न लागिएको बताए । मन्त्री पुनले बुधबार संसदमा मन्त्रालयको विनियोजित विधेयकमाथि उठेको प्रश्नको जवाफ दिने क्रममा सांसदहरूलाई ऐन संशोधन गर्न लागेको जानकारी गराएका थिए ।

# कोलम्बियामा धेरै स्वरोजगार

**दिनेश यादव**

काठमाडौं- विश्वको स्वरोजगारी (सेल्फ इम्प्लोइड) क्षेत्रमा युरोपेली मुलुकहरू अब्बल रहेको एक प्रतिवेदनले देखाएको छ । १५ मुलुकलाई समेटेर जारी तथ्यांकमा दक्षिण अमेरिकी मुलुक कोलम्बिया सबैभन्दा माथि रहेको उल्लेख छ । उसको स्वरोजगार दर ५१ दशमलव ३ प्रतिशत रहेको छ ।

तथ्यांकमा दुई एसियाली मुलुक दक्षिण कोरिया र जापान पनि परेका छन् । यी दुई मुलुक क्रमशः २५ दशमलव ५ प्रतिशतका साथ छैठौं र १० दशमलव ६ प्रतिशतका साथ ११ औं स्थानमा छन् । ५७ वर्षअघि विश्वको आर्थिक प्रगति र विश्व व्यापारलाई उत्प्रेरित गर्ने उद्देश्यले स्थापना गरिएको संगठन 'ओईसीडी' द्वारा सार्वजनिक तथ्यांकमा युरोपका ८, उत्तर अमेरिकाका ३ र एसिया तथा दक्षिण अमेरिकाका २-२ गरी १५ मुलुकको स्वरोजगार दर उल्लेख गरिएको छ । सूचीमा अफ्रिकाबाट कुनै पनि मुलुकको प्रतिनिधित्व छैन ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले कुनै पनि व्यक्तिले साताको एक घण्टाभन्दा बढी काम गर्नुलाई रोजगारीकै रूपमा गणना गरेको 'फोर्ब्स' अनलाइनमा डेटा जर्नलिस्ट निअल म्याकार्थीले लेखेका छन् । उनका अनुसार केही मुलुकहरूमा स्वरोजगारको दर अन्त्यन्तै उच्च हुनुका कारणका रूपमा यसलाई पनि लिन सकिन्छ । उनी लेख्छन्, 'खासगरी विश्वका केही मुलुक, जहाँ कयौं पारिवारिक सदस्यहरू परिवारको स्वामित्वमा रहेको खेतमा कृषि कार्य गर्नमा एकअर्कालाई सहयोग गर्छन् । ती मुलुकहरूमा स्वरोजगारी विकसित गर्न मानिस जीवित रहने रणनीतिका रूपमा लिने गरिन्छ, जबकि अधिक विकसित अर्थव्यवस्थामा यो एउटा रचनात्मक र उद्यमशीलताको प्रतीक हुन सक्छ ।'

फोर्ब्सका अनुसार आईएलओको परिभाषालाई मान्ने हो भने साना फर्महरूले पनि स्वरोजगारीमा महत्त्वपूर्ण भुमिका निर्वाह गर्ने गरेका छन् । ती मुलुकहरूमा केही कृषिजन्य फर्ममा परिवारका सदस्यहरूको सहभागिता धेरै रहने गरेकै छ । 'गरिब मुलुकहरूमा बाँच्नका लागि एउटा रणनीतिका रूपमा स्वरोजगारलाई लिन सकिन्छ । किनभने ती मुलुकहरूमा आयस्रोत सिर्जना गर्ने अवस्था हुँदैन,' अखबारले म्याकार्थीलाई उद्धृत गर्दै लेखेको छ, ' विकसित अर्थतन्त्र भएका मुलुकहरूमा भने उद्यमशीलता र सिर्जनशीलताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ ।'

**स्वरोजगार बढी भएका मुलुक**

| स्थान | मुलुक | स्वरोजगारको दर |
|---|---|---|
| १ | कोलम्बिया | ५१.३ |
| २ | ग्रिस | ३४.१ |
| ३ | ब्राजिल | ३२.९ |
| ४ | टर्की | ३२.४ |
| ५ | मेक्सिको | ३१.५ |
| ६ | उत्तर कोरिया | २५.५ |
| ७ | इटाली | २३.९ |
| ८ | स्पेन | १६.९ |
| ९ | बेलायत | १५.४ |
| १० | फ्रान्स | ११.८ |
| ११ | जापान | १०.६ |
| १२ | जर्मनी | १०.४ |
| १३ | क्यानाडा | ८.६ |
| १४ | रसिया | ७.५ |
| १५ | अमेरिका | ६.४ |

स्रोत : ओईसीडी/फोर्ब्स/स्टेटिस्टा

अर्गनाइजेसन फर इकोनमिक को अपरेसन एन्ड डेभेलपमेन्ट (ओईसीडी) को पछिल्लो प्रतिवेदनले कोलम्बियाका बढी कामदारहरू श्रममा अनौपचारिकता, आम्दानीमा असमानता र गैरनियमित अनुबन्धले दक्षिण अमेरिकी मुलुकहरूलगायत अन्य देशको तुलनामा अब्बल रहेको उल्लेख छ । युरोपमा ग्रिसजस्ता दक्षिणी मुलुकमा उच्चतम स्वरोजगार दर रहेको पाइन्छ, जबकि उत्तरका मुलुकहरूमा खासगरी स्क्यान्डिनेभियामा सबैभन्दा कम रहेको पाइएको छ ।

जापानमा मुलुकका कुल कामदार जनसंख्यामध्ये १० दशमलव ६ प्रतिशत आफैं मालिक हुने गरेको पाइएको छ । अमेरिकामा भने कुल कामदारमध्ये स्वरोजगारको दर ६ दशमलव ४ प्रतिशत मात्र रहेको छ । सन् १९६१ मा ३७ सदस्य राष्ट्रसहित स्थापना गरिएको 'ओईसीडी' को तथ्यांकले विश्वका अर्थविद्हरूलाई आश्चर्यजनक परिणामसँग परिचय गराएको छ । विश्वका डलर अर्बपतिहरू सबैभन्दा बढी रहेको अमेरिका, चीन र भारतलगायतमा मुलुकहरूमा स्वरोजगारीको अवस्था चिन्ताजनक रहेको छ ।

जर्मनीको हचामबर्गमा मुख्यालय रहेको 'स्टेटिस्टा' अनलाइन तथ्यांक पोर्टलले सार्वजनिक गरेको सन् २०१६ को डाटाअनुसार सबैभन्दा उच्च स्वरोजगार दर रहेका १५ मुलुकमध्ये कोलम्बिया अग्रस्थानमा छ । त्यसपछि ३४ दशमलव १ प्रतिशतका साथ ग्रिस दोस्रो, ३२ दशमलव ९ प्रतिशतका साथ ब्राजिल तेस्रो, ३२ दशमलव ४ का साथ टर्की चौथो र ३१ दशमलव ५ प्रतिशतका साथ मेक्सिको पाँचौं स्थानमा रहेको तथ्यांकमा उल्लेख छ । तथ्यांकमा उल्लेखित १५ मुलुकहरूमध्ये अमेरिका ६ दशमलव ४ प्रतिशतका साथ सबैभन्दा पुछारमा रहनुले धनाढ्यहरू थप धनी बन्ने गरेको, श्रमिक वर्गहरू रोजगारी/स्वरोजगारीमा पछि रहेको पुष्टि गर्छ । यो सूचीमा ठूलो अर्थतन्त्र भएको एसियाली दुई मुलुक चीन र भारत समावेश छैनन् ।

आर्थिक वृद्धि दरका हिसाबले यी मुलुकहरू माथि रहे पनि स्वरोजगारी क्षेत्रमा पछाडि रहेको तथ्यांकले प्रमाणित गर्छ । यसैगरी सूचीमा इटाली २३ दशमलव ९ प्रतिशतका साथ सातौं, स्पेन १६ दशमलव ९ प्रतिशतका साथ आठौं, १५ दशमलव ४ प्रतिशतका साथ बेलायत नवौं र ११ दशमलव ८ प्रतिशतका साथ फ्रान्स दसौं स्थानमा छ । त्यस्तै सूचीमा १० दशमलव ४ प्रतिशतका साथ जर्मनी १२ औं, ८ दशमलव ६ प्रतिशतका साथ क्यानाडा तेह्रौं र ७ दशमलव ५ प्रतिशतका साथ रसिया १४ औं स्थानमा रहेका छन् । (एजेन्सी)

Advt.

## एसियाको प्रसिद्ध कलेज आई. आई. टी. को छात्रवृत्तिमा नासा मावि/कलेजका शेखर कर्ण उत्कृष्ट

**काठमाडौं ।** एसियाको प्रसिद्ध सूचना प्रविधि सम्बन्धी कलेज इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी (आई.आई.टी./IIT) ले लिएको प्रवेश परीक्षामा शेखर कर्ण छानिएका छन् । इन्स्टिच्युटले छात्रवृत्तिका लागि लिएको परीक्षामा नासा नेसनल मावि/कलेजका शेखर पूर्ण छात्रवृत्ति कोटामा अध्ययनरत छन् । उक्त कलेजद्वारा गत वर्ष लिइएको प्रवेश परीक्षामा उत्कृष्ट विद्यार्थीहरूमध्ये एकमात्र नेपाली छात्र कर्णले पूर्ण छात्रवृत्ति कोटाअन्तर्गत भारतको दिल्लीस्थित उक्त कलेजमा अध्ययन गर्ने अवसर पाएका हुन्। यसैगरी पुल्चोक इन्जिनियरिङ अध्ययन संस्थान (IOE) को प्रवेश परीक्षामा उत्तीर्ण भई ८ जना नासा कलेजका विद्यार्थीहरू छात्रवृत्ति कोटामा अध्ययनरत छन् ।



शेखर कर्ण

## राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका मेडिकल कलेजमा नासाका विद्यार्थी



हिमानी व्यास

**काठमाडौं ।** अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स (AIIMS) दिल्लीमा नासा मावि/कलेजकी छात्रा हिमानी व्यासले चिकित्साशास्त्र अध्ययन गर्ने अवसर पाएकी छन् ।जम्मा १ सय जना मात्रै विद्यार्थी भर्ना लिने उक्त कलेजमा प्रवेश परीक्षा दिएका हजारौं विद्यार्थीहरूलाई पछि पार्दै हिमानीले सफलता पाएकी हुन् । उक्त इन्स्टिच्युट एक अन्तर्राष्ट्रियस्तरको ख्यातिप्राप्त मेडिकल कलेजमा पर्दछ । विरलै रूपमा भारतीयबाहेक अन्य नागरिकले भर्ना पाउने उक्त इन्स्टिच्युटमा सन् २०१७ का लागि उनी एकमात्रै नेपाली नागरिक हुन् । यसका साथै IOM, MOE, KU, पाटन एकेडेमी अफ हेल्थ साइन्स, शिक्षा मन्त्रालय तथा विभिन्न राजदूतावासबाट प्राप्त छात्रवृत्तिमा नासा कलेजका विद्यार्थीहरू अध्ययनरत छन् । वर्ष २०७४ मा मात्रै नौ जना विद्यार्थीहरू विभिन्न मेडिकल कलेजमा छात्रवृत्ति पाई अध्ययनरत छन् ।

## अन्तर कलेज बास्केटबलको जितमा नासाको निरन्तरता

**काठमाडौं ।** नासा नेसनल कलेजले महिला डबल लिग प्रतियोगितामा उपविजेताको उपाधि हात पारेको छ । स्थापना कालदेखि नै खेलकुदका विभिन्न प्रतियोगिताहरूमा उत्कृष्ट नतिजा हासिल गर्दै आइरहेको नासाले एनसिसिएस तथा बिएमकेद्वारा संयुक्त रूपमा वर्ष २०७४ मा आयोजित प्रतियोगितामा सफलता पाएको हो । क्रिकेट, भलिबल, टेबलटेनिस तथा बास्केटबल जस्ता प्रतियोगिताहरूमा सक्रिय सहभागिता जनाउने मात्रै नभई दर्जनौं उपाधि तथा ट्रफी पनि हात पारेको छ । पुरुषतर्फ कलेजस्तरीय प्रतियोगिताहरूमा राष्ट्रिय रूपमा सफल बन्दै आएको नासा कलेजले महिलातर्फ थप उत्कृष्टता पाएको छ । नेपाल भलिबल महासंघका महासचिव श्री जितेन्द्रबहादुर चन्दले नै यस कलेजको प्रसाशन हेर्ने भएका कारण खेलकुद गतिविधिले विशेष महत्त्व पाएर नासा निरन्तर रूपमा अब्बल रहेको छ । नासा नेसनल कलेजले विद्यार्थीहरुको समग्र विकासका लागि गुणास्तरिय शिक्षा, अनुशासन र व्यवहारीकता लाई जोड दिएकै कारण यस अघिपनि थुप्रै राष्ट्रिय व्यापी खेलकुद प्रतियोगितामा सिल्ड,मेडल र प्रमाणपत्र हात पारिसकेको छ। भविष्यका कर्णाधार उत्पादनमा अघि बढेको नासा नेसनल कलेजले खेलकुदको विकासमा उल्लेखनिय योजनाहरु अघि सारिरहेको छ ।



## शैक्षिक क्षेत्रमा स्थापित बौद्धिक तथा प्राज्ञिक समूहको उत्कृष्ट नतिजा

**काठमाडौं ।** शैक्षिक क्षेत्रमा लामो अनुभव र आधुनिक सूचना प्रविधिले अपडेट रहेका बौद्धिक तथा प्रबुद्ध समूहको पहलमा नासा कलेजको स्थापना भएको हो । नासा इन्टरनेसनल एजुकेसन नेटवर्कद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले करिब १० वर्षदेखि विद्यार्थीहरूलाई उपयुक्त शैक्षिक वातावरण बनाई उत्कृष्ट नतिजा दिइरहेका छन् । विद्यार्थीहरूका मनोविज्ञानलाई बुझेर अध्यापन गराउने प्राध्यापक तथा शिक्षकहरूको विज्ञ समूहको नतिजा नै नासा कलेजको विशेषता हो । अत्यधिक विद्यार्थीको चाप हुने गरेका प्रवेश परीक्षाको तयारी कक्षाहरूमा समेत अध्यापन गराउने विशेष खुबी भएका भौतिकशास्त्रका अति लोकप्रिय सुधिरकुमार झा यस एजुकेसन नेटवर्कका प्राचार्य पनि हुनुहुन्छ । प्राचार्य झाले सन् १९९५ देखि प्राध्यापन पेशामा सर्मपित रहि हजारौंको संख्यामा डाक्टर, ईन्जिनियर लगायतका उच्च पेशा भएका व्यक्ति निर्माणमा लागि पर्नु भएको छ । मेडिकल इन्ट्रान्स प्रिप्रेशन होस वा इन्जिनियरिङ प्रिप्रेशन कक्षाहरुमा चर्चाको शिखरमा रहनु भएका सुधिरकुमार झाको नेतृत्वमा संचालित यस नासा इन्टरनेसनल एजुकेसन नेटवर्क अर्न्तगत रहेका विभिन्न शैक्षिक कार्यक्रमहरुमा मन्टेश्वरीदेखि स्नातक तहसम्म गुणस्तरिय शिक्षा प्रदान गर्न सफल भएको छ । प्लस टु तहमा विज्ञान र व्यवस्थापन संचालन गरिरहेको यस नेटवर्कले त्रिभुवन विश्वविद्यालय अर्न्तगत **बि.बि.एस.** र **बि. ए. एस. डब्लु.** संचालन गरिरहेको छ। त्यसैगरि पोखरा विश्व विद्यालय अर्न्तगत **बि. बि. ए.** र **बि. एच. एम.** संचालन गरिरहेको छ। भविष्यमा मा मास्टरस् तहमा समेत केहि कार्यक्रम संचालन गर्ने भएको छ। सक्षम शैक्षिक समुहकै कारण नासा इन्टरनेसनल एजुकेसन नेटवर्कको साख विभिन्न कलेजहरुको माझ उच्च रहेको छ ।





# ‘चीन शान्तिका लागि प्रतिबद्ध’

## आफ्नो भू-भागको रक्षा गर्न जुनसुकै कदम चाल्न तयार रहेको सीको भनाइ

बेइजिङ (बीबीसी)- चिनियाँ प्रधानमन्त्री सी चिनफिङले ‘चीनले आफ्नो भूभाग एक इन्च पनि नछाड्ने’ चेतावनी दिएका छन् । चीन भ्रमणमा रहेका अमेरिकी रक्षामन्त्री जेम्स म्याटिससँगको भेटमा सीले तर ‘शान्तिका लागि प्रतिबद्ध रहेको’ जनाएका छन् ।

चीन र अमेरिकाबीच हालैका दिनमा साउथ चाइना सीका कारण तनाव बढेको छ । गत महिना उक्त क्षेत्रमा बम वर्षक विमान अवतरण गरेपछि अमेरिका सार्वजनिक रूपमा चीनको आलोचनामा उत्रेको थियो ।

म्याटिस एसियाली सहयोगी राष्ट्रको भ्रमणका क्रममा बुधबार चीन पुगेका हुन् । उनी सन् २०१४ यता चीन भ्रमण गर्ने पहिलो अमेरिकी रक्षामन्त्री हुन् । उनले दक्षिणपूर्वी एसियाका विभिन्न राष्ट्रको भ्रमण गर्ने बीबीसीले जनाएको छ ।

रक्षामन्त्री म्याटिसले चिनियाँ राष्ट्रपति सी तथा अन्य उच्च पदस्थ अधिकारीसँग आफ्नो ‘निकै राम्रो’ भेटवार्ता भएको जनाएका छन् । साथै उनले ‘अमेरिकाले चीनसँग उच्च तहको सैनिक सम्बन्धलाई महत्त्व’ दिएको दाबी गरे ।

भेटका क्रममा सीले ‘चीनको शान्ति कायम राख्ने अभिप्राय रहेको तर चिनियाँ जमिनको रक्षा गर्नका लागि कुनै कसर बाँकी नराख्ने’ बताए । ‘चीनले आफ्ना पुर्खाले दिएको एक इन्च भूभाग गुमाउन चाहन्न,’ चिनियाँ सञ्चारमाध्यममा प्रकाशित सीको भनाइलाई बीबीसीले उल्लेख गरेको छ, ‘हामीलाई अन्य देशको पनि कुनै भू-भाग चाहिन्न ।’ अमेरिकाले बारम्बार साउथ चाइना सीमा चीनले अतिक्रम तथा सैनिकीकरण गरेको आरोप लगाउँदै आएको छ । उक्त विवादित क्षेत्रमाथि विभिन्न देशले आफ्नो दाबी गर्दै आएका छन् । साउथ चाइन सी क्षेत्रमा पानीजहाजको मुख्य व्यापारिक मार्ग पर्छ ।

अमेरिकी रक्षामन्त्री म्याटिस गत जुन १२ मा अमेरिका र उत्तर कोरियाबीच भएको शिखर बैठकपछि पहिलो पटक एसिया भ्रमणमा निस्केका हुन् । भ्रमणका क्रममा बिहीबार दक्षिण कोरियाको राजधानी सोल पुगेका म्याटिसले कोरियाली समकक्षी सङ योङ-मुसँग पनि भेटवार्ता गरेका छन् ।

म्याटिसले सङलाई ‘कोरियाली द्वीपको शान्तिका लागि अमेरिका प्रतिबद्ध रहेको आश्वस्त पारेका’ थिए । उनले कोरियाली प्रायद्वीपमा हुँदै आएको संयुक्त सैनिक अभ्यास रद्द गरेर ‘कूटनीतिक वार्ताको वातावरण बनाएको’ दाबी गरे ।

यसअघि गत जुन १२ मा सिंगापुरमा भएको वार्तामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेताबीच कोरियाली प्रयाद्वीपलाई परमाणु निःशस्त्रीकरण गर्ने सहमति भएको थियो । यद्यपि, ट्रम्प र किमबीचको शिखर वार्तामा परमाणु निःशस्त्रीकरण कसरी गर्ने भन्नेबारे विस्तृत विवरण भने उल्लेख छैन ।

उत्तर कोरिया तथा चीनले कोरियाली प्रायद्वीपमा नियमित रूपमा हुने गरेको सैन्य अभ्यासको अन्त्यका लागि लामो समयदेखि आवाज उठाउँदै आएका थिए । तर अमेरिकाका एसियाली सहयोगी दक्षिण कोरिया र जापानले भने सैन्य अभ्यास निकै महत्त्वपूर्ण हुने गरेको बताउने गरेका थिए । दक्षिण कोरियामा तैनाथ २९ हजार अमेरिकी सेनाले हरेक वर्ष ठूलो सैन्य अभ्यास गर्दै आएका थिए । १७ हजार ५ सय अमेरिकीसहित दुई देशका सेनाले आगामी महिना सैन्य अभ्यास गर्ने जनाएका थिए ।



**अमेरिकी रक्षामन्त्री जेम्स म्याटिस र चिनियाँ राष्ट्रपति सी चिनफिङ बेइजिङमा बिहीबार भेटवार्ता गर्दै ।** *तस्बिर : गेटी इमेजेज*

# आगलागीमा १५ को मृत्यु

## ७० भन्दा बढी घाइते

नैरोबी (बीबीसी)- केन्याको राजधानी नैरोबीस्थित एक बजारमा भएको आगलागीमा कम्तीमा १५ जनाको ज्यान गएको छ । मृत्यु हुनेमध्ये ४ बालबालिका छन् ।

अधिकारीहरूले आगलागीमा परी कम्तीमा ७० जना घाइते भएको जनाएका छन् । अधिकारीहरूले उनीहरूको आगोले डढेर तथा विषालु बाफका कारण मृत्यु भएको हो ।

स्थानीय सञ्चारमाध्यमका अनुसार बुधबार राति भएको आगलागीका कारण कैयौं भवन ध्वस्त भएका छन् । स्थानीय द स्टयान्डर्ड अखबारका अनुसार नैरोबीको ठूलो बजार गिकोम्बामा राति आगलागी भएको हो । आगलागीको कारणबारे अनुसन्धान भइरहेको जनाइएको छ ।

सेन्ट जोन एम्बुलेन्स सेवालाई उद्धृत गर्दै बीबीसीले स्थानीय समयअनुसार बुधबार राति २ बजेर ३० मिनेट जाँदा आगलागी फैलिएको उल्लेख गरेको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार बजारबाट सुरु भएको आगलागी केही क्षणमै नजिकैका अवासीय घरहरूमा फैलिएको थियो ।

आगलागी नियन्त्रणमा लिन स्थानीय प्रहरी तथा उद्धारकर्मीलाई करिब ९० मिनेट लागेको बीबीसीले उल्लेख गरेको छ । समाचार संस्था रोयटर्सले आगलागीपछि उद्धारकर्मीहरूले खरानीका थुप्रो तथा भग्नावशेषहरूमा मृतकहरूको खोजी गरिरहेको उल्लेख गरेको छ । उसका अनुसार घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।



**केन्याको राजधानी नैरोबीस्थित गिकोम्बा बजारमा बिहीबार भएको आगलागी नियन्त्रण गरिँदै ।** *तस्बिर : एपी*

# भारतमा जहाज दुर्घटना



**भारतको मुम्बईमा भएको विमान दुर्घटनामा खटिएका उद्धारकर्मी ।** *तस्बिर : एपी*

मुम्बई (एएफपी)- भारतको आर्थिक राजधानी मुम्बईमा बिहीबार भएको जहाज दुर्घटनामा ५ को मृत्यु भएको छ । मृत्यु हुनेमा जहाजमा रहेका ४ र एक पैदलयात्रु छन् ।

अधिकारीका अनुसार दुर्घटनामा जहाजका चालक, ३ यात्रु र जहाज खसेपछि लागेर बाटोमा हिँडिरहेका व्यक्तिको समेत ज्यान गएको हो । मुम्बईको घना बस्ती रहेको घटोपर क्षेत्रमा जहाज खसेलगत्तै आगलागी भएपछि केहिसमय आतंक मच्चिएको थियो ।

‘म आफ्नो मोटरसाइकलमा गइरहेका बेला अकस्मात् जहाज झरेको देखें,’ एक प्रत्यक्षदर्शी प्रथामेस लोखन्डेले भने, ‘म दौडँदै घटनास्थलतर्फ गएँ र अग्निनियन्त्रकलाई सहयोग गरी शवलाई अस्पताल लैजान सहयोग गरें ।’

भारतीय वायुसेवा मन्त्री सुरेश प्रभुले घटनाप्रति दुःख व्यक्त गर्दै सरकारले अनुसन्धान गर्ने उल्लेख गरेका छन् ।

भारतीय अधिकारीले उक्त जहाज उत्तर प्रदेशको राज्यका एक नागरिकको भएको जनाएका छन् । मुम्बई प्रहरीले जहाज दुर्घटनाबारे अनुसन्धान जारी रहेको जनाएको छ । उनीहरूले दुर्घटनाको कारण हालसम्म पत्ता लाग्न नसकेको जनाएका छन् ।


दुर्घटनालगत्तै घटनास्थलमा पुगेका प्रहरी तथा अग्निनियन्त्रकले आगो नियन्त्रण गरेका थिए ।

## छोटकरी

**बाढीले २२ को मृत्यु**
हनोइ (सिन्हवा)- भियतनामको उत्तरी भागमा पर्ने पहाडी क्षेत्रमा भारी वर्षापछि आएको बाढी र पहिरोमा परी कम्तीमा २२ जनाको मृत्यु भएको छ । बाढीका कारण ९ जना बेपत्ता भएको राष्ट्रिय प्रकोप नियन्त्रण विभागले बिहीबार जनाएको छ । भियतनामका ३ प्रान्तमा केही दे दिनदेखि आएको बर्षाका कारण बाढी तथा पहिरो गएको अधिकारीहरूले जनाएका छन् । एक सातायता भियतनाममा भारी अधिकारीहरूले बाढी पहिरोका कारण २१ करोड अमेरिकी डलर बराबरको नोक्सानी भएको जनाएका छन् ।

**एसियाली खेलमा २ कोरियाको संयुक्त टिम**
जकार्ता (एएफपी)- उत्तर र दक्षिण कोरियाले यसै वर्ष हुने एसियाली खेलकुद प्रतियोगितमा संयुक्त टोली बनाउने भएका छन् । इन्डोनेसियाको राजधानी जकार्तामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजक इन्डोनेसियाले उक्त जानकारी दिएको हो । एसियाली खेल आगामी अगस्ट १८ देखि २ सेप्टेम्बरसम्म इन्डोनेसियाको राजधानी जकार्तामा हुँदै छ । खेलकुदका क्यानोइनिङ, रोइङ र बास्केटबलमा दुवै कोरियाले संयुक्त टिम बनाई भाग लिन लागेको जनाइएको छ । त्यसैगरी दुई देशले उद्घाटन र समापन समारोहमा पनि संयुक्त मार्चपास गर्ने जनाइएको छ । विगतका साढे ६ दशकदेखि शत्रुतापूर्ण सम्बन्ध रही आएका २ कोरियाबीच गत वर्ष भएको हिउँदे ओलम्पिकपछि सम्बन्ध सुधार भएको हो ।

**ट्रम्प-पुटिन वार्ता जुलाईमा**
मस्को (एएफपी)- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आगामी महिना शिखर बैठक हुने भएको छ । रूसी अधिकारीका बिहीबार सार्वजनिक गरेको जानकारीअनुसार उनीहरूबीच जुलाई १६ मा फिनल्यान्डको राजधानी हेलसिन्कीमा हुने भएको हो । दुई नेताबीचको वार्ता लामो समयदेखि प्रतीक्षा गरिँदै आएको थियो । रूसको प्रमुख प्रशासनिक केन्द्र क्रेमलिनले बिहीबार सार्वजनिक गरेको वक्तव्यमा दुई नेताबीचको शिखर वार्ता, मिति र स्थान ट्रम्प र पुटिनसँगको परामर्श र सहमतिमा निर्णय भएको उल्लेख छ । वक्तव्यमा भनिएको छ, ‘अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका रूसी समकक्षी भ्लामिर पुटिन जुलाई १६ मा हेलसिन्कीमा दुई पक्षीय शिखर वार्ता गर्न सहमत हुनुभएको छ ।’ अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइटहाउसले ‘ट्रम्प र पुटिन आगामी जुलाईको ११ र १२ तारिखमा हुने नेटो सम्मेलनपछि भेटवार्ता गर्न सहमत भएको’ जनाएको छ । ह्वाइटहाउसका अनुसार बुधबार रूस पुगेका अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनको पुटिनसँगको भेटका क्रममा वार्ताको मिति र स्थानबारे सहमति भएको हो ।



# सालिकमा भेडीखर्के साइँला

■ आश गुरुङ

लमजुङ- केहीअघि दिवंगत ठाडोभाका गायक भेडीखर्के साइँला (दीर्घराज अधिकारी) को सुन्दरबजार नगरपालिका ८, भोटेओडार बगैंचामा सालिक निर्माण थालिएको छ । नागरिकस्तरबाट 'शिरोमणि' उपाधि पाएका भेडीखर्केले ठाडोभाकामार्फत लोक कलासंस्कृतिको संरक्षणमा अतुलनीय योगदान पुर्‍याएको भन्दै भेडीखर्के स्मारकस्थल निर्माण समितिले ३२ लाख ७३ हजार ५ सय ४५ रुपैयाँको लागत इस्टिमेट तयार पारेर काम अघि बढाएको हो ।

समितिका अध्यक्ष एवं भेडीखर्के साइँलाका छोरा गंगाप्रसादका अनुसार माया र सम्मान गर्नेसँग आर्थिक सहयोग जुटाएर सालिक निर्माण गरिनेछ । 'हामीले सालिक निर्माण सुरुवातसँगै आर्थिक सहयोग अभियान सञ्चालन गरेका छौं । उहाँ र ठाडोभाकालाई माया गर्नेबाट आर्थिक संकलन गरी सालिक निर्माण गर्नेछौं,' उनले भने ।



ठाडोभाका गायक भेडीखर्के साइँलाको सालिक शिलान्यासका क्रममा नाचगान गर्दै कलाकार । *तस्बिर : कान्तिपुर*

सुन्दरबजार नगरपालिकाका प्रमुख जनकराज मिश्रले भेडीखर्के सिंगो राष्ट्रकै गौरव भएको बताए । नेपाली लोक कलामा एउटा छुट्टै सांगीतिक विधाको पहिचान भेडीखर्केले गराएकाले सम्झना र सम्मानका लागि सबै जुट्न आवश्यक रहेको उनको भनाइ छ । रचनात्मक कार्यमा नगरपालिकाको सहयोग हुने उनले बताए । 'ठाडोभाका हाम्रो मौलिक पहिचान बनेको छ । देशले गौरव गर्न लायक व्यक्तिका लागि सबैले आ-आफ्नो ठाउँबाट सहयोग गरौं,' उनले भने । सालिक निर्माण समितिका उपाध्यक्ष वीरसिंह घलेका अनुसार सालिक निर्माणपछि उक्त ठाउँलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ ।

## झमक सम्मानित

दमक (कास)- साहित्यकार झमक घिमिरे सम्मानित भएकी छन् । दमक पब्लिक लाइब्रेरी र हिमालय बोर्डिङ स्कुल, दमकले बिहीबार घिमिरेलाई दमक सम्मान प्रदान गरेका छन् ।

लाइब्रेरीले आफ्नो सातौं स्थापना दिवस अवसर पारेर दमकमा सम्मान गरेको हो । विशेष गरी युवा पुस्ताका लागि घिमिरेको योगदान प्रेरणादायी रहेकाले यस वर्षको दमक सम्मान उनलाई प्रदान गरेको लाइब्रेरीका अध्यक्ष भेषराज न्यौपानेले बताए । प्रमुख अतिथि प्रदेश १ का सांसद अर्जुन राईले नगद १५ हजार र ताम्रपत्र हस्तान्तरण गरेका थिए ।

## पुस्तक

### 'नि:सन्तानलाई उत्प्रेरणा'

काठमाडौं (कास)- डा. उमा श्रीवास्तव 'सन्तान सुख' सहित आएकी छन् । नि:सन्तानहरूले सन्तान पाउँदाको सुख र दु:ख समेटिएको पुस्तकको राजधानीमा वरिष्ठ चिकित्सक एलबी थापाले लोकार्पण गरे । गीतकार डा. भोला रिजालले 'नि:सन्तानबारे लेखनमा आफू पनि लामो समय लागिरहेको' जनाउँदै श्रीवास्तवले बाजी मारेको बताए । डा. सानुमैया दलीले पनि पुस्तकको प्रशंसा गरिन् ।

### नदियाका कविता

काठमाडौं (कास)- अमेरिकामा बसोबास गर्दै आएकी कवि नदिया लिबाङ पहिलो कविता कृतिसहित आएकी छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) न्युयोर्क च्याप्टरले उनको 'नदिया लहर' कविता संग्रह हालै लोकार्पण गर्‍यो । न्युयोर्कस्थित ज्याक्सन हाइटमा नेपाली महावाणिज्य दूत तथा कवि कृषु क्षत्री, अनेसासकी पूर्वअध्यक्ष गीता खत्री, राजेन्द्र श्रेष्ठ, विश्व थापालगायतले कृति सार्वजनिक गरेको विज्ञप्तिमा जनाइएको छ । ज्योति पौडेल, पुनम काफ्ले, धन लामा, संगीता उप्रेती, अर्जुन दाहाल, शारदा क्षत्री, विकास विष्ट, ज्योतिकुमार श्रेष्ठले कृतिमाथि टिप्पणी गरेका थिए । गोर्खा बुक्सद्वारा प्रकाशित 'नदिया लहर' भित्र ५६ कविता छन् ।










# वर्ल्डकप ट्रोल

**कान्तिपुर संवाददाता**, काठमाडौं

*हेऽऽ जापान टोकियो*
*ब्राजिल र जर्मनीले जित्छन्*
*भन्दै खोक्नु खोकियो*
*अहिले गुफाभित्र लुक्नुपर्दा सासै रोकियो...*

वर्ल्डकप हेर्ने र सामाजिक सञ्जालतिर पनि सक्रिय हुनेहरूलाई यो प्यारोडीबारे थाहै होला । रूसमा जारी फिफा विश्वकपलाई लिएर नेपालमा यस्ता गीत मात्र होइन, अनेक थरी अभिव्यक्ति चर्चित भइरहेका छन् ।

पेले र केपी ओलीको संवाददेखि प्रिंयका कार्कीको मन दुखाइ फेसबुक, टीटरतिर देख्न सकिन्छ । 'नेपाल किन फिफा वर्ल्डकपमा छैन ?' ब्राजिलियन फुटबल सुपरस्टार पेलेको यो प्रश्नमा नेपालका प्रधानमन्त्री ओलीको जवाफ सटिक छ । उनी भन्छन्, 'नेपालले झिनामसिना समारोहमा भाग लिने गर्‍या छैन ।' प्रधानमन्त्रीको जवाफले गोर्खालीको सान बढाएको भन्दै सामाजिक सञ्जालमा लाइक्स बर्साइएको छ ।

नेपालका सेलेब्रिटीहरूमाझ वर्ल्डकपको माहोल नदेखिनुपर्ने कारण छैन । तर, अमेरिका र यूएसएलाई फरक देश मान्ने अभिनेत्री प्रियंका कार्कीले भने विश्वकपलाई लिएर पुनः हाँसोलाग्दो अभिव्यक्ति दिएकी छन् । उनी भन्छिन्, 'नेदरल्यान्डस् वर्ल्डकपमा नछानिँदा त्यति दुःख लागेन जति हल्यान्ड नछानिँदा लाग्यो ।' एकै देशलाई दुई मान्ने यिनको कला देखेर सबैजसो जिल्ल परेका छन् ।

तपाईंले बुझिसक्नुभयो होला, यी सबै ट्रोल हुन् । विश्वकपसम्बन्धी यस्ता हँसिला रसिला किस्सा सामाजिक सञ्जालमा छाएका छन् । ट्रोल फुटबल नेपाल, ट्रोल फुटबलजस्ता फेसबुक समूह र अन्य प्रयोगकर्ताले हरेक दिनका म्याच, खेलाडी र समर्थकमाथि ट्रोल र मिम बनाएर दर्शक हँसाइरहेका छन् । प्रायः खेलाडी र समर्थकहरूको खिल्ली उडाएर बनाइने यस्ता सामग्री निकै सेयर हुन्छन् ।

आइसल्यान्डसँगको खेलमा अर्जेन्टिनाका लियोनल मेस्सीले पेनाल्टी मिस गरेपछि उनलाई ट्रोलरहरूले 'मिस पेनाल्टी' टाइटल दिएका थिए । पोर्चुगल भर्सेस इरानको खेलमा पर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डोले पनि पेनाल्टी मिस गरे । त्यसयता मेसीले आफ्नो ताज क्रिस्टियानोलाई सुम्पँदै गरेको मिम बनाइएको छ । पहिलो खेलमा स्पेनविरुद्ध पेनाल्टीबाटै गोल गर्दा रोनाल्डोलाई त्यो बेला 'पेनाल्डो' टाइटल दिइएको थियो, अहिले उनी ट्रोलरमाझ 'पेनाल्टी मिस्लान्डो' बनेका छन् ।




नेपालीलाई पढाउने नाममा जापान लगेर राम्रो तलब दिई काम लगाएको नाताले जापानको समर्थन गरिन्छ भन्ने ट्रोलमा लभहाङ लिम्बूको प्रतिक्रिया रोचक थियो । उनले लेखेका छन्, 'यिनीहरू त हाम्रै दाजुभाइ हुन्, आँखा हेर न । पूरा समर्थन छ ।'

रोनाल्डोले गोल्डेन बुटमा आफ्नो दाबी गरेपछि बेल्जियमका लुकाकुले 'भो, धेरै हतार नगर न रोनाल्डो दाजु' भन्दै गरेको मिम बनाइएको छ । त्यसमा इंग्ल्यान्डका हचारी केन लुकाकुलाई भन्छन्, 'चुप लागेर बस् काले भाइ । तिमीहरूले जित्ने गोल्डेनबुट हैन गोल्डस्टार बुट मात्रै हो ।'

मैदानमा पटक पटक लडिरहने भएकाले नेयमारमाथि पनि बग्रेल्ती ट्रोल बनेका छन् । टीटरतिर त भिडियो नै बनाएर मजाक गरिएको छ । इजिप्टका मोहम्मद सलाह, बेल्जियमका इडन हाजार्ड, ब्राजिलका कौटिन्हो, जर्मनीका थोमस मुलरजस्ता सेलेब्रिटी फुटबलरहरू ट्रोलरको निसानामा परिरहेका छन् । जर्मनी र मेक्सिकोको खेलमा 'टलक जंग भर्सेस टुल्के' फिल्मबाट अभिनेता खगेन्द्र लामिछानेको तस्बिर लिएर ट्रोलरले मेक्सिकोका पक्षमा लेखेका छन्, 'बाबुसा'बलाई नमस्ते नगरेपछि के हुँदो रहेछ थाहा पाइस् ? मुन्छे चिन्ने अरेस् ।'

# आशावादी धीरज-साम्राज्ञी



**कान्तिपुर संवाददाता**

काठमाडौं- फिल्म 'ड्रिम्स' बाट ब्रेक पाएपछि नायिका साम्राज्ञी राज्यलक्ष्मी शाह त्यसपछि 'ए मेरो हजुर २' मा डेब्यु एक्टर सलिनमान बानियाँसँग देखिइन् । पछि 'तिमीसँग' मा आकाश श्रेष्ठ र नाजिर हुसेनसँग देखा परिसकेकी साम्राज्ञी यसै साता रिलिज फिल्म 'कायरा' को ट्रेलरमा आर्यन सिग्देलसँग रोमान्टिक मुडमा देखिएकी छन् । बिहीबार पुनः उनलाई डेब्यु एक्टर धीरज मगरसँग फिल्म 'इन्टु मिन्टु लन्डनमा' को टिजरमा देखियो । उनले टिजर हेरेपछि खुसीले दंग परेको बताइन् ।

'यस्तो एक्साइटेड सायद यसअघि कुनै फिल्ममा भएको थिइनँ,' साम्राज्ञीले भनिन्, 'मैले यस फिल्मको स्क्रिप्ट सुन्दैदेखि नै कहिले सुटिङमा जान पाइएला भन्ने भएको थियो ।' फिल्म सुटिङमा गएको झन्डै डेढ वर्षको अवधिमा बल्ल टिजर आएको छ । साम्राज्ञीले ढिलो हुनुको जवाफ फिल्मले नै दिनेमा विश्वस्त देखिइन् । यसै फिल्मबाट निर्देशनमा डेब्यु गर्दै गरेकी कोरियोग्राफर रेनेशा वान्तवा राईले केही बाधा, कठिनाइका कारण पर्खाइ लामो हुन गएको स्वीकार गर्दै आफ्नो निर्देशनबाट स्वयंले पनि अपेक्षा राखेको सुनाइन् । भनिन्, 'जसरी कोरियोग्राफर भएर मैले केही परिवर्तन दिन सकें । निर्देशकका रूपमा पनि सानै भए पनि परिवर्तन ल्याउने कोसिस गरेको छु । जेहोस्, फिल्मले तपाईंलाई खुसी बनाउनेछ ।' आईकोर फिल्मसकै 'मेरो एउटा साथी छ' बाट कोरियोग्राफी थालेकी रेनेशाले दस वर्षपछि पुनः सोही ब्यानरबाट निर्देशनमा डेब्यु गर्न लागेकी हुन् । प्रज्ज्वलशमशेर राणा र प्रभुशमशेर राणाको संयुक्त निर्माण रहेको फिल्मको पटकथामा रेनेशाले अभिमन्यू दीक्षितसँग सहकार्य गरेकी हुन् । नायक धीरजले राम्रै ब्यानरबाट ब्रेक पाएकोमा खुसी व्यक्त गरे ।

असोज ५ देखि देशव्यापी प्रदर्शनमा आउन लागेको 'इन्टु मिन्टु लन्डनमा' मा सारुक ताम्राकार, विजय लामा सुनिसा बजगाईं, अर्जुन श्रेष्ठ, दिलभूषण पाठक, रुबी राणा शाह, विवेक लिम्बूलगायतको अभिनय रहेको छ । शैलेन्द्रध्वज कार्कीको सिनेमाटोग्राफी रहेको फिल्ममा सुजिल कर्माचार्य, हर्कुलश बस्नेत, वसन्त सापकोटा र स्वप्नसुमनको संगीत रहेको छ ।

# 'मायांक' घोषणा

काठमाडौं (कास)- फिल्म 'मायांक' को निर्माण घोषणा गरिएको छ । प्रेमकथामा बन्ने उक्त फिल्ममा प्रशान्त ताम्राकार, सुशील उप्रेती र ज्योत्सना योगी मुख्य कलाकारका रूपमा रहने बताइएको छ । अर्को मुख्य कलाकारका रूपमा रहने नायिकालाई भने निर्माण पक्षले गोप्य राख्न चाह्यो । उनको भूमिकाबारे समेत खुलासा गरिएन । कथाको मागअनुसार उक्त नायिकाको नामसमेत खुलाउन नमिलेको बताइयो ।

रोमी मानन्धरले डेब्यु निर्देशन गर्ने उक्त फिल्मका लागि डेढ वर्षदेखि कडा मिहिनेत गरेको नवनायक सुशीलले बताए । 'ऐश्वर्य' बाट चर्चामा आएका अभिनेता प्रशान्त ताम्राकारले पनि 'मायांक' अन्य फिल्म भन्दा पृथक् रहेको बताए । त्यसो त नायिका ज्योत्सनाले पनि आफूले खोजेको जस्तै भूमिका पाएको भन्दै फिल्मको तारिफ गरिन् । जितेन्द्र खतिवडाको निर्माण रहेको 'मायांक' भदौ पहिलो साताबाट छायांकनमा जाने बताइएको छ ।



# 'तीनवटै प्रज्ञा प्रतिष्ठान प्रभावशाली बनाउँछु'

**कान्तिपुर संवाददाता**

काठमाडौं (कास)- तीनवटा प्रज्ञा प्रतिष्ठान गाभ्ने कि नगाभ्ने भन्ने विषय यति बेला बहसमा छ । सरकारले बजेट भाषणमार्फत गाभ्ने घोषणा गरेपछि प्राज्ञिकजगत् झस्केको थियो । केहीले गाभ्नुपर्ने तर्क अघि सार्दै छन् भने केहीले २०६२/६३ को जनआन्दोलनले निर्माण गरेको इतिहास मेटाउन नहुने दाबी गर्दै छन् । बालुवाटारस्थित संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको अवलोकन भ्रमण क्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले 'तीनवटै प्रज्ञा प्रतिष्ठानलाई अझ प्रभावशाली र सशक्त बनाएर लैजाने' बताएका छन् । प्रतिष्ठानमै आयोजित भेटघाटमा मन्त्री अधिकारीले प्रदेशहरूमा पनि प्रतिष्ठानलाई कसरी संरचनागत गर्नेबारे पनि योजना बनाउनुपर्ने बताए ।

मन्त्री अधिकारीले प्रतिष्ठानको अवस्था र क्रियाकलापबारे जानकारीसमेत लिएका थिए । प्रतिष्ठान ऐनअन्तर्गत संस्कृति मन्त्री प्रतिष्ठानहरूको संरक्षक रहने व्यवस्था छ । प्रतिष्ठानका कुलपति सरुभक्तले मन्त्री अधिकारीलाई स्वागत गर्दै प्रतिष्ठानको प्रतीकचिह्न प्रदान गरे । प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित विभिन्न पुस्तक तथा अन्य प्रकाशन हस्तान्तरण गर्दै उनले प्रतिष्ठानको गतिविधि र अवस्थाबारे बोले । उपकुलपति शम्भुजित बाँस्कोटा, प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झा, माधव प्रधान, उदयचन्द्र श्रेष्ठ, उन्नति बोहरा 'शिला' ले आ-आफ्ना विभागले गरेका विभिन्न कार्यक्रम तथा परियोजनाबारे जानकारी दिए ।

मन्त्री अधिकारीले सीमित साधन र स्रोतबाट नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमार्फत धेरै काम भएको भन्दै प्रतिष्ठानको लागि भवन निर्माणमा पहल गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा राष्ट्रिय सभाका सदस्य तथा प्राज्ञ खेम नेपालीले प्रतिष्ठानहरूको महत्त्वबारे बोल्दै गाभ्न नहुने तर्क अघि सारेका थिए ।

# पूर्वप्रेममा फर्किए जस्टिन



**क्यानेडियन** गायक जस्टिन बिबर अहिले पुरानी प्रेमिकासँग नयाँ सम्बन्ध विस्तार गर्दै छन् । सेलेना गोमेजसँगको सम्बन्ध टुक्रिएपछि उनी पुनः हाली बाल्डविनतिर फर्किएका छन् । उनीहरू एकसाथ विभिन्न ठाउँ पुगिरहेका छन् । त्यहाँका तस्बिर र भिडियो पनि समाजिक सञ्जालमा पोस्ट गरेको देखिन्छ ।

भूपू मायालुमध्ये जस्टिनले अमेरिकी मोडल एवं टेलिभिजन प्रस्तोता हाली नै छान्नुको विशेष कारण रहेको बताइन्छ । यी दुई पार्टी लभर्स हुन् र चर्चमा गएर सेवा गर्न रुचाउँछन् । समान रुचि भएकाले पुनः एकचोटि सम्बन्ध गाँसेको हुनुपर्ने अनुमान गरिएको छ । हालसालै पनि उनीहरू मायमी र कर्कल्यान्डका चर्चमा एकसाथ पुगेका थिए ।

तातो पोखरीमा स्विमिङ खेलेको, चर्चमा प्रस्तुति दिएका भिडियो दुवैले इन्स्टाग्राम र फेसबुकमा सेयर गरेका छन् । दुईको हिमचिम बढिरहे पनि सम्बन्ध सुचारु भएको हो वा होइन भन्नेबारे चाहिँ आधिकारिक जानकारी मिलिसकेको छैन । त्यसमाथि जस्टिन आफ्ना प्रत्येक नयाँ गर्लफ्रेन्डलाई चर्च लग्दै आएका छन् । तसर्थ यो सम्बन्धलाई कुन रूपमा लिने भन्नेमा गसिप भइरहेको छ ।

नयाँ कक्षाहरु चल्दैछन् | Hostel को व्यवस्था
सबै विषयहरु
शिक्षक सेवा आयोग
प्रा.वि. / नि.मा.वि. / मा.वि.
नयाँ कक्षाहरु असार १७ गते र असार २४ देखि शुरु हुँदैछन्
कक्षा समय : विहान ६ बजे / दिउँसो ११ बजे / बेलुका ५ बजे
• गत वर्षको शिक्षक सेवा परिक्षाहरुमा ५६ जना विद्यार्थी उत्तिर्ण
• नियमित Exam + Feedback • Course Book Free
इन्सपेक्टर/अ.स.ई.
नयाँ कक्षा यहि असार १७ गते आइतबार देखि शुरु हुँदैछ
Physical Training + लिखित परिक्षाको पूर्ण तयारी
WAVE Institute बागबजार PK Campus अगाडी
फोन नं. ४२५७५५२, ९८०४१४७६३७

तयारी कक्षाहरु
शिक्षक सेवा
मा.वि., नि.मा.वि., प्रा.वि.
•शिक्षाविद तथा विषय विज्ञहरुको समुहबाट पढाइ हुने ।
समयः बिहान र बेलुका
•हरेक दिन क्लास टेस्ट ।
•हरेक हप्ता मोडल परीक्षा ।
Orientiation Class भोली शनिवार बिहान ६:३० बजे ।
•होस्टलको सुविधा ।
•Group मा आउनेलाई विशेष छुट ।
BRISTOL 4429141
putalisadak, Kathmandu, Nepal 9841343996
माछापुच्छ्रे बैंक बाट ४ घर दक्षिण ।

पिनाकल एकेडेमी / कलेज
लगनखेल, ललितपुरको
कक्षा ११ को प्रवेश परिक्षा सम्बन्धि सूचना !!
यस कलेजमा कक्षा ११ मा शैक्षिक शत्र २०७५/२०७६ को लागि विज्ञान, व्यवस्थापन र मानविकी संकायहरुमा नयाँ भर्नाको लागि आवेदन फारम वितरण भईरहेको जानकारी गराउँदछौं ।
प्रवेश परिक्षा : २०७५ आषाढ १७ गते, आईतवार
पिनाकल एकेडेमी / कलेज
लगनखेल, ललितपुर
फोन नं. : ५५४४०२३, ५५४०८८२, ५५२२०४४

क्षमता विकास कक्षा
लोक सेवा आयोग
सह-सचिव/उप-सचिव
शाखा अधिकृत
नायव सुब्बा
शिक्षक सेवा आयोग
मा.वि/नि.मा.वि./प्रा.वि.
समयः विहान/दिउसो/साँझ
प्रत्येक शुक्रबार नयाँ कक्षा
chaitanya PSC
An Institute for PSC Preparation
शंखमुल रोड, काठमाण्डौ,
सम्पर्क नं.: ०१-४७८१७१४, ४७८२४२७, ४७८७२३५, ९८५१२४६१००
https://www.facebook.com/ChaitanyaPSC

भर्ना खुल्यो
PCL in Medical Science Ayurveda And General Medicine मा भर्ना को लागि
तयारी कक्षा सञ्चालन हुदैछ ।
Limited Seats
•Subject: Math | Science | English
•Class Starts from: 20th Ashad 2075
Himalayan Ayurveda Medical Science College
New Baneshwor, Kathmandu Ph: 4482982, 9801021076 / 77

www.paragonpublicschool.com
100% RESULT
Congratulations!
TO ALL SLC GRADUATES, 2074
FOR SECURING 100% RESULT
A+ 75
A 107
B+ 11
B 05
Total Number Of Students = 198
HIGHEST GPA
3.95 Ipshika Bhattarai
3.95 Ishan Pokharel
SECOND HIGHEST GPA
3.90 Aashish Subedi
3.90 Ekikrit Subedi
3.90 Jubisha Prajapati
24 years of excellence
Paragon Public School
TILGANGA, KATHMANDU, NEPAL
977 1 4492006, 4113786 info@paragonpublicschool.com
paragonschoolpps paragonschoolofficial
GET IT ON Google play
Available on the App Store

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा